# अक्षरगन्ज उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन


गोपिन्द सिंह नायक

परीक्षा क्रमाङ्क : २८०६०३

त्रि.वि. दर्ता नं.: ९-२-१५६-३५-२००९


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग

अन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको (नेपा.शि. ५४४)

पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र

२०७३/२०१६


नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर, काठमाडौं



अक्षरगन्ज उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन


१०/०७३

- गोपिन्द्र सिंह नायक

# प्रतिबद्धता पत्र

यस शोध प्रतिवेदनभित्र सामग्रीहरू कहीँ कतैबाट साभार गरिएको छैन । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । यो शोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

.......................................

गोपिन्द सिंह नायक

मिति : २०७३/०६/०७

# सिफारिस पत्र

श्री गोपिन्द सिंह नायकले **अक्षरगन्ज उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा रही नेपाली भाषा शिक्षा विभाग अन्तर्गत तयार पार्नु भएको हो । उहाँले परिश्रम र महेनतका साथ तयार गर्नु भएको शोधपत्र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.....................................

सहप्रा. रविकिरण अधिकारी
शोध निर्देशक
शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि., कीर्तिपुर

मिति : २०७३/०८/१४

म्बतभ स ल्यख। द्दढ, द्दण्ज्ञट

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ तयार गरिएको प्रस्तुत **अक्षरगन्ज उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन** शीर्षकको शोधपत्र नेपाली भाषा शिक्षामा स्नातकोत्तर उपाधिका निम्ति उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

## मूल्याङ्कन समिति

| | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ............................ |
| २. | प्रा.डा. रामचन्द्र लम्साल (शोध विशेषज्ञ) | ............................ |
| ३. | सहप्रा. रविकिरण अधिकारी (शोध निर्देशक) | ............................ |

मिति : २०७३/०९/०४

म्वतभ र म्भअ। ज्ञढ, द्दण्ज्ञट

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ तयार पारेको हुँ । शोधपत्रको शीर्षक चयन, सामग्री निर्माण, तथ्याङ्क सङ्कलन विश्लेषण तथा परिमार्जन गरी अन्तिम रूप दिनका निम्ति आफ्नो व्यस्तताका बाबजुद पनि समय दिन हुने शोध निर्देशक श्रद्धेय गुरु सहप्रा. रविकिरण अधिकारीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । उहाँको प्रेरणा, सहयोग र हौसलाको कारण यो अध्ययन कार्य सार्थक भएकाले यसको प्रथम श्रेय उहाँलाई नै दिँदै हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

यस शोधपत्रलाई एउटा पूर्ण तथा स्वस्थ आकार दिनका लागि मेरा आदरणीय गुरुवर्ग, आफन्त तथा साथीहरूबाट प्राप्त भएको सल्लाह तथा सुझावहरूले महत्त्वपूर्ण उर्जाको काम गऱ्यो । यस शोधपत्रका लागि समयमा नै मेरो शोध प्रस्ताव स्वीकार गरी अध्ययन कार्य थालनी गर्न सहयोग पुऱ्याउने विभागीय प्रमुख प्रा.डा. रामप्रसाद भट्टराई लगायत समस्त नेपाली भाषा शिक्षा विभागप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।  मेरो अध्ययनलाई यहाँसम्म पुऱ्याउन सदैव प्रेम, स्नेह र आर्शिवाद दिएर पूर्ण सहयोग गर्नुहुने मेरो घरपरिवारप्रति म आजीवन ऋणी छु ।

शोधकार्यका लागि विभिन्न समयमा सल्लाह, सुझाव र मतावलीमा प्रतिक्रिया दिई सहयोग गर्नुहुने विभिन्न पाठकहरूप्रति आभारी छु । यस अध्ययनमा विभिन्न विद्वानहरूको विचारलाई उपयोग गरिएकाले उहाँहरूप्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहान्छु । अध्ययन विश्लेषण तथा प्राविधिक पक्षका सम्बन्धमा यसमा केही कमीकमजोरी भएको भए त्यसलाई विनम्रतापूर्वक स्वीकार गर्दछु । शोधपत्र टाइप गर्न सहयोग गर्ने रामकृष्ण महर्जनलाई विशेष धन्यवाद दिन चाहन्छु । अन्त्यमा प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका निम्ति नेपाली भाषा शिक्षा विभाग समक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

मिति : २०७३/०६/०७ गोपिन्द सिंह नायक

# शोधसार

**शोध शीर्षक : अक्षरगन्ज उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन**

**शोधार्थी :** गोपिन्द सिंह नायक

**शोध निर्देशक :** सहप्रा. रविकिरण अधिकारी

**विभाग :** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर

**शैक्षिक कार्य :** २०७२/०७३

**पृष्ठ सङ्ख्या :** ८८ + २२

**जम्मा अध्याय :** सात

## शोधकार्यको उद्देश्य

प्रस्तुत अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) 'अक्षरगन्ज' उपन्यासमा प्रत्युक्त अङ्ग्रेजी भाषाका कोडहरू पत्ता लगाउनु,

ख) 'अक्षरगन्ज' उपन्यासमा प्रयुक्त अङ्ग्रेजी कोडहरू भाषिक तहका आधारमा विश्लेषण गर्नु,

ग) उक्त उपन्यासमा अङ्ग्रेजी कोड मिश्रणको कारण र प्रभावकारिता पत्ता लगाउनु ।

## शोध विधि तथा प्रक्रिया

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो ।

नेपाली भाषा साहित्यमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन गर्ने क्रममा उद्देश्यपूर्ण नमुना छनोटका आधारमा कुमार नगरकोटीको 'अक्षरगन्ज' उपन्यासलाई लिई त्यस उपन्यासभित्र शब्द/पद, पदावली, उपवाक्य, वाक्य र अनुच्छेदजस्ता विभिन्न भाषिक तहमा रहेका अङ्ग्रेजी भाषिक कोड मिश्रणको पहिचान गरी भाषिक तहका आधारमा व्याख्या विश्लेषण गर्ने कार्य यसमा गरिएको छ ।

प्रस्तुत अध्ययन वर्णनात्मक विधि र पुस्तकालयीय अध्ययन प्रक्रियामा आधारित भएर पुरा गरिएको छ । मुख्यतया अवलोकन तालिका र मतावलीका माध्यमबाट सामग्री सङ्कलन गरिएको छ । अवलोकन तालिका र मतावलीबाट प्राप्त भएको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ। यसका साथै नेपाली भाषा र साहित्यमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको कारण र प्रभावकारिता समेत उल्लेख गरिएको छ।

जम्मा सात अध्यायमा संरचित प्रस्तुत शोधपत्रको अध्याय एकमा शोधपरिचय, अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा, अध्याय तिनमा अध्ययन विधि, प्रक्रिया र अध्ययनको रूपरेखा, अध्याय चारमा व्याख्या र विश्लेषण, अध्याय पाँचमा व्याख्या र विश्लेषण, अध्याय छ मा व्याख्या र विश्लेषण र अध्याय सातमा सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ।

## अध्ययनको निष्कर्ष

प्रत्यक्ष अध्ययन अवलोकनबाट प्राप्त तथ्यलाई व्याख्या विश्लेषण गरी कोड मिश्रणको भाषिक अवस्था र विविध पेसामा आवद्ध पाठकका प्रतिक्रियाहरूका आधारमा कोड मिश्रणका कारणहरू प्रस्तत‌ु गरिएको छ । यसका साथै कोड मिश्रणको प्रभावकारिता समेत उल्लेख गरिएको छ।

उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अवस्था

(क) यस उपन्यासमा शब्द, पदावली, उपवाक्य, वाक्य र अनुच्छेदजस्ता भाषिक तहमा कोड मिश्रण भएको छ।

(ख) यस उपन्यासमा समग्र भाषिक तहमा ६०० ओटा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ।

(ग) यस उपन्यासमा जम्मा ६०० ओटा अङ्ग्रेजी भाषिक कोड मध्ये शब्दका तहमा ३५५ ओटा अर्थात् ५९.१६ प्रतिशत, पदावलीका तहमा १७६ ओटा अर्थात् २९.३३ प्रतिशत, उपवाक्यका तहमा २९ ओटा अर्थात् ४.८३ प्रतिशत, वाक्यका तहमा ३८ ओटा अर्थात् ६.३३ प्रतिशत र अनुच्छेद तहमा २ ओटा अर्थात् ०.३३ प्रतिशत अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ।

(घ) शब्दका तहमा अङ्ग्रेजी भाषिक कोडहरू सबैभन्दा धेरै र अनुच्छेदका तहमा अङ्ग्रेजी भाषिक कोडहरू सबैभन्दा कम रहेको पाइन्छ ।

(ङ) यस उपन्यासमा अङ्ग्रेजी भाषिक कोडहरूको जम्मा आवृत्ति ९५४ रहेको पाइन्छ । सम्पूर्ण अङ्ग्रेजी भाषिक कोडहरूमध्ये शब्द तहको जम्मा आवृत्ति ६५० अर्थात् ६८.१३ प्रतिशत, पदावलीका तहमा जम्मा आवृत्ति २२३ अर्थात् २३.३७ प्रतिशत, उपवाक्यका तहमा जम्मा आवृत्ति ३५ अर्थात् ३.६६ प्रतिशत, वाक्यका तहमा जम्मा आवृत्ति ४५ अर्थात् ४.७१ प्रतिशत र अनुच्छेदका तहमा जम्मा आवृत्ति २ अर्थात् ०.१० प्रतिशत रहेको पाइन्छ ।

(च) यस उपन्यासमा शब्द तहका अङ्ग्रेजी भाषिक कोडहरूको जम्मा आवृत्ति सबैभन्दा धेरै र अनुच्छेदका तहको भाषिक आवृत्ति सबैभन्दा कम रहेको पाइन्छ ।

(छ) यस उपन्यासमा जम्मा ३५५ ओटा शब्द तहका अङ्ग्रेजी भाषिक कोडहरूमध्ये शब्द वर्गका आधारमा २७५ ओटा अर्थात् ७७.४६ प्रतिशत नाम शब्दहरू, ४९ ओटा अर्थात् १३.८० प्रतिशत विशेषण शब्दहरू, २३ ओटा अर्थात् ६.४७ प्रतिशत क्रिया शब्दहरू र ८ ओटा अर्थात् २.२५ प्रतिशत क्रियाविशेषण शब्दहरू प्रयोग भएको पाइन्छ ।

(ज) यस उपन्यासमा कोड मिश्रणका रूपमा नाम वर्गका शब्दहरू सबैभन्दा धेरै र क्रियाविशेषण वर्गका शब्दहरू सबैभन्दा थोरै रहेको पाइन्छ ।

(झ) यस उपन्यासमा १७६ ओटा अङ्ग्रेजी भाषिक पदावलीमध्ये नाम पदावली १४० ओटा अर्थात् ७९.५४ प्रतिशत, विशेषण पदावली १५ ओटा अर्थात् ८.५२ प्रतिशत, क्रिया पदावली ६ ओटा अर्थात् ३.४० प्रतिशत र क्रियाविशेषण पदावली १५ ओटा अर्थात् ८.५२ प्रतिशत प्रयोग भएको पाइन्छ ।

(ञ) यस उपन्यासमा अङ्ग्रेजी भाषिक नाम पदावलीको सङ्ख्या सबैभन्दा धेरै र क्रियापदावली सबैभन्दा थोरै प्रयोग भएको पाइन्छ ।

(ट) यस उपन्यासमा उपवाक्यमा तहमा २९ ओटा अङ्ग्रेजी भाषिक कोडहरू रहेकामा १८ ओटा नाम उपवाक्य १ ओटा विशेषण उपवाक्य र १० ओटा क्रियाविशेषण उपवाक्य प्रयोग भएको पाइन्छ ।

(ठ) यस उपन्यासमा वाक्यका तहमा ३८ ओटा अङ्ग्रेजी भाषिक कोडहरू मिश्रण भएका पाइन्छन् । ती मध्ये संरचनात्मक आधारमा सरल वाक्य ३२ ओटा अर्थात् ८४.२१ प्रतिशत, संयुक्त वाक्य ४ ओटा अर्थात् १०.५३ प्रतिशत र मिश्र वाक्य २ ओटा अर्थात् ५.२६ प्रतिशत प्रयोग भएका छन् । कार्यात्मक आधारमा सामान्यार्थक वाक्य २८ ओटा अर्थात् ७३.६८ प्रतिशत, प्रश्नार्थक वाक्य ९ ओटा अर्थात् २३.६८ प्रतिशत र सम्भावनार्थक वाक्य १ ओटा अर्थात् २०.७३ प्रतिशत प्रयोग भएको पाइन्छ ।

(ड) यस उपन्यासमा सरल र सामान्यार्थक वाक्यहरू सबैभन्दा धेरै सङ्ख्यामा अङ्ग्रेजी भाषिक कोड मिश्रणका रूपमा रहेका छन् भने मिश्र र सम्भावनार्थक वाक्य सबैभन्दा कम प्रयोग भएको पाइन्छ ।

(ढ) यस उपन्यासमा २ ओटा अङ्ग्रेजी भाषिक अनुच्छेद कोड मिश्रणको रूपमा रहेका छन् ।

(ण) यस उपन्यासमा अङ्ग्रेजी भाषिक कोडहरूको जम्मा आवृत्ति ९५४ रहेको पाइन्छ । यस उपन्यासमा १ पटक देखि ८ पटकसम्म अङ्ग्रेजी भाषिक कोडहरू आवृत्ति भएका छन् । यस उपन्यासमा ४१५ ओटा अङ्ग्रेजी भाषिक कोडहरू १ पटक आवृत्ति भएका छन् भने समग्र अङ्ग्रेजी भाषिक कोड मिश्रणमध्ये सबैभन्दा बढी ८ पटक आवृत्ति भएको पाइन्छ ।

(त) विविध कारणले उपन्यास अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ ।

(थ) अङ्ग्रेजी भाषिक कोड मिश्रणले उपन्यासको अभिव्यक्तिमा निखारता ल्याएको छ ।

(द) भावाशायको प्रस्टता र बौद्धिकताको विकास गर्नमा सहयोग पुऱ्याएको पाइन्छ ।

(ध) अङ्ग्रेजी भाषिक कोड मिश्रणले भाषाको ज्ञान हुनुका साथै विश्ववातावरणसँग परिचित गराउने भएकाले यसको निकै सकारात्मक प्रभाव देखिन्छ ।

अक्षरगन्ज उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणका मुख्य कारणहरू निम्नानुसार रहेका छन् :

(क) खास सन्दर्भ वा विषयवस्तुलाई नेपाली भाषामा भन्दा अङ्ग्रेजी भाषमा व्यक्त गर्दा अझ प्रभावकारी हुने भएको कारण,

(ख) उपन्यासमा प्रस्तुत गरिएको विषयवस्तुको गहनता र उक्त विषयवस्तुलाई अभिव्यक्त गर्न सक्ने दक्ष पात्रको प्रयोग गर्नाले,

(ग) अहिलेको बहुभाषिक समाजमा नेपाली कथ्य स्वरूपलाई निरन्तरता दिन,

(घ) सञ्चारको विश्वव्यापीकरणले अङ्ग्रेजी भाषा प्रभावशाली भाषा भएकाले,

(ङ) अङ्ग्रेजी भाषिक सन्दर्भ नेपालीकरण गर्दा कृत्रिमता हुने भएकाले,

(च) नेपाली भाषमा प्राविधिक र अन्य शब्दको अभावका कारण,

(छ) लेखकको अङ्ग्रेजी भाषिक पृष्ठभूमि र प्राज्ञिक क्षमता उच्च भएकाले,

(ज) भाषिक सम्प्रेषणमा विविधता दिन,

(झ) अङ्ग्रेजी भाषाप्रतिको समयको भागलाई सम्बोधन गर्न,

(ञ) साहित्यमा उत्तरआधुनिकतावादका प्रभावका कारण,

(ट) साहित्यमा भिन्न प्रकतिको भाषिक प्रस्तुत गर्न,

(ढ) विदेशी संस्कृतिको अनुकरण गर्ने भएकाले,

(ड) बहुभाषिक समाजमा र बौद्धिक पाठकप्रति लक्षित भएकाले ।

अक्षरगन्ज उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको प्रभावकारिता निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) अङ्ग्रेजी भाषिक कोड मिश्रण बहुभाषिक समाजका पाठकका लागि उपयोगी देखिन्छ ।

(ख) यसले भावाअभिव्यक्तिमा सहयोग गर्नुका साथै अभिव्यक्तिमा निखारता ल्याएको पाइन्छ ।

(ग) बौद्धिकता तथा भाषिकतामा विविध ल्याउने काम गरेको पाइन्छ ।

(घ) कोड मिश्रणले नयाँ भाषाको ज्ञान निर्माणमा सहयोग पुऱ्याएको देखिन्छ ।

(ङ) विश्वव्यापीकरण र भूमण्डलीकरणसँग समेत परिचित गराएको देखिन्छ ।

(च) विज्ञान र प्रविधिसँग परिचित गराएकोले समेत यसको प्रभावकारिता सकारात्मक देखिन्छ ।

# सङ्क्षिप्त रूप

| सङ्क्षिप्त रूप | | पूर्ण रूप |
|---|---|---|
| क्रि. | : | क्रिया |
| क्रि.प. | : | क्रिया पदावली |
| ना. | : | नाम |
| ना.उ. | : | नाम उपवाक्य |
| ना.प. | : | नाम पदावली |
| वि. | : | विशेषण |
| क्रि.वि. | : | क्रियाविशेषण |
| क्रि.वि.प. | : | क्रियाविशेषण पदावली |
| चौ. | : | चौथो |
| तृ. | : | तृतीय |
| द्वि. | : | द्वितीय |
| प्र. | : | प्रथम |
| पाँ. | : | पाँचौ |
| सहप्रा. | : | सहप्राध्यापक |

# विषयसूची


| | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| प्रतिबद्धता पत्र | | ष |
| शोध निर्देशकको सिफारिस पत्र | | षष |
| स्वीकृति पत्र | | षषष |
| कृतज्ञताज्ञापन | | ष्ख |
| शोधसार | | ख |
| सङ्क्षिप्त रूप | | ह |
| विषयसूची | | हष |
| तालिका सूची | | हष्ख |
| **अध्याय एक : शोध परिचय** | | **१-६** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्या कथन | २ |
| १.३ | अध्ययनको उद्देश्य | ३ |
| १.४ | अध्ययनको सान्दर्भिकता र उपादेयता | ४ |
| १.५ | अध्ययनको सीमाङ्कन | ५ |
| **अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक रूपरेखा** | | **७-२४** |
| २.१ | पूर्वकार्यको पुनरावलोकन | ७ |
| | २.१.१ सम्बन्धित पुस्तकको पुनरावलोकन | ८ |
| | २.१.२ सम्बन्धित शोधकार्यको पुनरावलोकन | १० |
| २.२ | सैद्धान्तिक अवधारणा | १५ |
| | २.२.१ कोड परिचय | १५ |
| | २.२.२ कोड वर्गीकरणका आधारहरू | १७ |
| २.३ | कोड मिश्रण | १७ |
| | २.३.१ कोड मिश्रण परिचय | १७ |
| | २.३.२ भाषिक तहमा कोड मिश्रणको अवस्था | १८ |
| २.४ | कोड परिवर्तन | २० |
| | २.४.१ कोड परिवर्तन परिचय | २० |
| | २.४.२ कोड परिवर्तनको भाषिक स्थिति | २१ |

२.२.३ कोड परिवर्तनका प्रकार २१
२.४.४ कोड मिश्रण र कोड परिवर्तनबिच तुलना २२
२.४.५ कोड मिश्रण र कोड परिवर्तनका सन्दर्भगत कारणहरू २३

**अध्याय तिन : अध्ययन विधि र प्रक्रिया २५-२९**
३.१ अध्ययनको ढाँचा २५
३.२ जनसङ्ख्याको छनोट र अध्ययन क्षेत्र २६
३.३ नमुना छनोट पद्धति २६
३.४ तथ्याङ्क सङ्कलनका स्रोत २६
३.४.१ तथ्याङ्क र सूचना सङ्कलन पद्धति २७
३.४.२ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण २७
३.५ अध्ययनको रूपरेखा २७

**अध्याय चार : व्याख्या र विश्लेषण ३०-५६**
४.१ उपन्यासको परिचय ३०
४.२ अक्षरगन्ज उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू ३१
४.२.१ शब्द/पदका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू ३२
४.२.२ पदावलीका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू ४५
४.२.३ उपवाक्यका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू ५१
४.२.४ वाक्यका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू ५३
४.२.५ अनुच्छेदका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू ५५

**अध्याय पाँच : व्याख्या र विश्लेषण ५७-६९**
५.१ अक्षरगन्ज उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन ५७
५.२ उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोड मिश्रणको व्याख्या र विश्लेषण ५७
५.२.१ उपन्यासको भाषिक तहमा प्रयुक्त समग्र अङ्ग्रेजी भाषिक कोड मिश्रणको विश्लेषण ५७
५.२.२ उपन्यासको भाषिक तहमा प्रयुक्त समग्र अङ्ग्रेजी कोड मिश्रणको आवृत्तिगत विश्लेषण ५९
५.२.३ उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक शब्दहरूको शब्दवर्गका आधारमा विश्लेषण ६०

५.२.४ उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक शब्दहरूको आवृत्तिगत आधारमा विश्लेषण ६१
५.२.५ उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक पदावलीको विश्लेषण ६२
५.२.६ उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक पदावलीको आवृत्तिगत आधारमा विश्लेषण ६३
५.२.७ उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक उपवाक्यको विश्लेषण ६४
५.२.८ उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक उपवाक्यको आवृत्तिगत आधारमा विश्लेषण ६५
५.२.९ उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक वाक्य (संरचनात्मक र कार्यात्मक आधारमा) को विश्लेषण ६६
५.२.१० उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक अनुच्छेदको विश्लेषण ६८
५.२.११ उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोड मिश्रणको आवृत्तिगत विश्लेषण ६८

**अध्याय छ : व्याख्या र विश्लेषण** **७०-७७**

६.१ उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणका कारणबारे विभिन्न पाठकहरूको धारणा व्याख्या विश्लेषण ७०
६.२ अक्षरगन्ज उपन्यासमा अङ्ग्रेजी कोड मिश्रणको प्रभावकारिता ७४
६.३ उपयुक्तताका दृष्टिले अक्षरगन्ज उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरूको विश्लेषण ७६

**अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता** **७८-८८**

७.१ सारांश ७८
७.२ निष्कर्ष ८२
७.२.१ उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अवस्था ८२
७.३ शैक्षणिक उपयोगिता ८५
७.३.१ नीतिगत तहमा शैक्षणिक उपयोगिता ८५
७.३.२ प्रयोगगत तहमा शैक्षणिक उपयोगिता ८६
७.३.३ सुझावहरू ८७
७.३.४ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू ८८

**सन्दर्भ सामग्री सूची**

# तालिका सूची


| तालिका | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| तालिका १ : | शब्द/पदका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू | ३२ |
| तालिका २ : | पदावलीका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू | ४५ |
| तालिका ३ : | उपवाक्यका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू | ५२ |
| तालिका ४ : | वाक्यका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू | ५३ |
| तालिका ५ : | अनुच्छेदका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू | ५६ |
| तालिका ६ : | उपन्यासको भाषिक तहमा प्रयुक्त समग्र अङ्ग्रेजी भाषिक कोड मिश्रण | ५८ |
| तालिका ७ : | उपन्यासको भाषिक तहमा प्रयुक्त समग्र अङ्ग्रेजी कोड मिश्रणको आवृत्तिगत विश्लेषण | ५९ |
| तालिका ८ : | उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक शब्दहरूको शब्दवर्गका आधारमा विश्लेषण | ६० |
| तालिका ९ : | उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक शब्दहरूको आवृत्तिगत आधारमा विश्लेषण | ६१ |
| तालिका १० : | उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक पदावलीको विश्लेषण | ६३ |
| तालिका ११ : | उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक पदावलीको आवृत्तिगत विश्लेषण | ६४ |
| तालिका १२ : | उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक उपवाक्यको विश्लेषण | ६५ |
| तालिका १३ : | उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक उपवाक्यहरूको आवृत्तिगत आधारमा विश्लेषण | ६६ |
| तालिका १४ : | संरचनात्मक आधारमा अक्षरगन्ज उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक वाक्यहरूको विश्लेषण | ६७ |
| तालिका १५ : | कार्यात्मक आधारमा अक्षरगन्ज उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक वाक्यहरूको विश्लेषण | ६७ |
| तालिका १६ : | उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरूको आवृत्तिगत विश्लेषण | ६८ |
| तालिका १७ : | अक्षरगन्ज उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणका कारणबारे विभिन्न पाठकहरूको धारणा | ७० |

# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवीय आवश्यकता परिपूर्ति गर्ने प्रमुख माध्यम हो । भाषाको प्रयोग समाजमा गरिन्छ र यो समाज सापेक्ष हुन्छ । भाषालाई कथ्य र लेख्य रूपमा बोध र अभिव्यक्त गर्न सकिन्छ । कुनै सङ्केत, इसारा, चिह्न, बोली, लेखाइ आदिलाई भाषा मानिए तापनि भाषावैज्ञानिक सन्दर्भमा मानवीय उच्चारण अवयवद्वारा उच्चारित सार्थक ध्वनि समूहलाई भाषा मानिन्छ । भाषामा विविध विशेषताहरू पाइन्छन् । उत्पादनशीलता, परिवर्तनशीलता, यादृच्छिक, व्यवस्थित जस्ता विशेषताहरू भाषामा पाइन्छन् । समाजमा भाषाको प्रयोग भाषिक प्रयोक्ताको स्तर र वर्ग अनुसार फरक-फरक हुन्छ । सामाजिक सम्पर्कको प्रभावशाली माध्यमका रूपमा भाषा रहेको हुन्छ । भाषाका माध्यमबाट मानिसहरूले दुःख, सुख, हर्ष, पीडा, भाव, विचार आदि अभिव्यक्त गर्दछ । भाषाबिना मानिसको अस्तित्व समाप्त हुनुका साथै मानिस लङ्गडो सरह हुन्छ ।

विचार सम्प्रेषण गर्ने सबैभन्दा प्रभावशाली सङ्केत प्रणालीलाई कोड भनिन्छ । एउटा भाषाका वक्ताले अभिव्यक्तिका क्रममा अर्को भाषा मिसाएर प्रयोग गर्नुलाई कोड मिश्रण भनिन्छ । नेपाली भाषी वक्ताले आफ्नो अभिव्यक्तिमा अन्य भाषाका कोडहरू बिचबिचमा प्रयोग गर्दछ भने त्यहाँ कोड मिश्रण भएको मानिन्छ । कोड मिश्रण भाषाका शब्द/पद, पदावली, उपवाक्य, वाक्य र अनुच्छेद तहसम्म पाइन्छ । कोड मिश्रण सार्वभौम मानिए तापनि अशिक्षित व्यक्तिका तुलनामा शिक्षित व्यक्तिमा बढी पाइन्छ । कोड मिश्रण कुनै अवस्थामा बाध्यात्मक रूपमा गरिन्छ भने कुनै अवस्थामा आफूलाई प्रतिष्ठित तुल्याउन जानाजान प्रयोग गरिन्छ । भाषामा रहेका सङ्केत वर्ण अथवा शब्दका माध्यमबाट सन्देशहरूलाई गोप्य वा सङ्क्षिप्त रूपमा आदानप्रदान गर्ने यादृच्छिक अर्थयुक्त प्रणालीलाई कोड भनिन्छ । कुनै पनि भाषाको प्रयोग गर्दा निस्कने ध्वनि, वर्ण, शब्द तथा वाक्यलाई कोड भनिन्छ । एउटा भाषा बोल्दा वा प्रयोग गर्दा अर्को भाषाको प्रयोग गर्नु नै कोड मिश्रण हो ।

भाषामा कोड मिश्रण कहिलेदेखि आरम्भ भयो भनेर यकिन गर्न निकै कठिन छ । मानवीय इतिहासको सुरुवातमा भाषा प्रयोग गर्दै गर्दा अर्को भाषाका शब्दहरू प्रयोग भएको अनुमान गर्न सकिन्छ । आदिम मानव समाज कालान्तरमा एक भाषामा सीमित रहन नसकेको र आफ्ना आवश्यकता पुरा गर्न अर्को भाषाको सहयोग लिएको हुनाले मानवीय सभ्यताको विकाससँगै भाषामा कोड मिश्रण भएको अनुमान गर्न सकिन्छ । वर्तमान समयमा कोड मिश्रण सार्वभौम रूपमा देख्न सकिन्छ । भाषाको वैज्ञानिक अध्ययन गर्ने शास्त्रलाई भाषाविज्ञान भनिन्छ । भाषाविज्ञानका विविध शाखामध्ये सामाजिक भाषाविज्ञानलाई एक प्रमुख शाखाका रूपमा लिइन्छ । सामाजिक भाषाविज्ञानले भाषा, भाषिका, भाषिक भेद, पिजिन, क्रेओल आदिको अध्ययन गर्दछ । भाषामा कोड मिश्रण र कोड परिवर्तनको अध्ययन गर्ने काम पनि सामाजिक भाषााविज्ञानले गर्दछ ।

विश्वमा दस भाषापरिवारका लगभग ७००० जति भाषाहरू रहेको अनुमान गर्न सकिन्छ । यी दस भाषापरिवारमध्ये अङ्ग्रेजी भाषा भारोपेली भाषापरिवारको समृद्ध तथा विश्वव्यापी रूपमा प्रयोग हुने अन्तरार्ष्ट्रिय भाषा हो । यसलाई विभिन्न राष्ट्रहरूले आफ्नो सरकारी कामकाजको रूपमा पनि प्रयोग गरिको पाइन्छ । नेपालका सन्दर्भमा पनि अङ्ग्रेजी भाषाले आफ्नो पकड जमाएको छ । कक्षा एकदेखि स्नातक तहसम्म अनिवार्य विषयका रूपमा र माथिल्ला तहमा ऐच्छिक विषयका रूपमा तथा संस्थागत विद्यालयमा माध्यम भाषाका रूपमा पठनपाठन समेत भएको पाइन्छ । यसरी अङ्ग्रेजी भाषाको व्यापक प्रयोगका कारण नेपाली भाषामा पनि यसको प्रयोग स्वाभाविक भएको छ । विश्वभर अङ्ग्रेजी भाषालाई मान्यता दिइने हुँदा यसको प्रयोग र विस्तारमा थप सहयोग मिल्न पुगेको छ । नेपाली भाषा र साहित्यमा पनि अङ्ग्रेजी भाषाका कोडहरू स्वःस्तफूर्त रूपमा प्रयोग भएको पाइन्छ । यस्तो अवस्थामा नेपाली साहित्यका विविध विधाहरूमध्ये उपन्यासमा कोड मिश्रण भएको पाइन्छ । तसर्थ प्रस्तुत शोधकार्यमा पनि 'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणलाई भाषिक तहका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

## १.२ समस्या कथन

अनुसन्धानका बौद्धिक र प्राज्ञिक समस्यामा आधारित सत्य तथ्य प्राप्त गर्ने खोजमूलक कार्य हो । यो आफैँमा जटिल र महत्त्वपूर्ण हुन्छ । अनुसन्धानका सिलसिलामा समस्यालाई अनुसन्धेय विषयका रूपमा लिइन्छ । अनुसन्धानको शीर्षक वा विषयवस्तु आफैमा

समस्यामूलक हुन्छ । शोधकार्य समस्यामा केन्द्रित भई त्यसको समाधानमा लक्षित हुनुपर्दछ । अनुसन्धान कार्यका सिलसिलामा 'समस्या' भन्नाले अनुसन्धेय समस्या अथवा अनुसन्धानको विषयवस्तु भन्ने बुझ्नु पर्छ । शोधकार्यमा शीर्षकले समस्याको सङ्केत गर्दछ । प्रस्तुत शोधकार्यको समस्या पनि 'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययनमा केन्द्रित रहेको छ ।

अङ्ग्रेजी भाषा विश्वव्यापी रूपमा प्रयोग भइरहेको छ, जसका कारण अधिकांश मानिसहरूले आफ्नो पकड बलियो बनाउन अङ्ग्रेजी भाषाको प्रयोग गरेको पाइन्छ । नेपाली भाषा र साहित्यमा पनि यसको प्रभाव निकै परेको छ । विज्ञान प्रविधिको विकास र नयाँ नयाँ ज्ञान विस्फोटका कारण नवीन शब्दको प्रयोग भएको पाइन्छ । यस्तो अवस्थामा नेपाली साहित्यमा पनि त्यस्ता शब्दलाई सापटी लिई काम चलाउनु पर्ने बाध्यात्मक स्थितिका कारण अङ्ग्रेजी कोड मिश्रण देखापर्छ । नेपाली कथ्य र लेख्य भाषामा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ । नेपाली साहित्यमा अङ्ग्रेजी कोड मिश्रण हुनु प्रस्तुत अनुसन्धानको अनुसन्धेय पक्ष हो । तसर्थ प्रस्तुत शोधकार्य 'अक्षरागन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन सम्बन्धी निम्नानुसार समस्यामा केन्द्रित भई शोधकार्य सम्पन्न गरिएको छ :

(क) 'अक्षरगन्ज' उपन्यासमा कुन कुन भाषिक तहमा अङ्ग्रेजी भाषाका कोडहरू प्रयोग भएका छन् ?

(ख) 'अक्षरगन्ज' उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरूलाई भाषातत्त्वका आधारमा कसरी विश्लेषण गर्न सकिन्छ ?

(ग) उक्त उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको कारण र प्रभावकारिता के हुन सक्छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि कार्य गर्दा निश्चित उद्देश्य लिएर अगाडि बढ्यो भने पूर्ण, सफल र सार्थक हुन्छ । शोधकार्यमा उद्देश्य समस्याहरूको उत्तरका रूपमा आउनु पर्दछ । उद्देश्यबिना कुनै पनि काम सफल र पूर्ण हुन सक्दैन । शोधकार्यको उद्देश्य शीर्षकसँग सम्बद्ध शोध समस्याको प्रमाणिकता तथा प्राज्ञिक समस्या समाधान गर्नु हो । उद्देश्यले नै अनुसन्धानलाई गन्तव्यमा

पुऱ्याउने भएकाले उद्देश्यहरू सरल, स्पष्ट र मापनीय हुनुपर्दछ । शोधार्थीले उद्देश्य निर्धारण गर्दा शोध शीर्षक र शोध समस्याका आधारमा उद्देश्यहरू निर्धारण गर्नु पर्दछ । प्रस्तुत 'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन शीर्षकमा शोधका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) 'अक्षरगन्ज' उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषाका कोडहरू पत्ता लगाउनु,

(ख) 'अक्षरगन्ज' उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू भाषातत्त्वका आधारमा विश्लेषण गर्नु,

(ग) उक्त उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको कारण र प्रभावकारिता पत्ता लगाउनु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

शोधकार्यमा प्राज्ञिक तथा अनुसन्धानात्मक आवश्यकता र उपयोगिता माथि प्रकाश पार्नुपर्छ र आफ्नो शोधकार्य सम्पन्न भइसकेपछि त्यसबाट कसकसलाई कुन कुन पक्षमा के कस्तो लाभ, उपलब्धि वा सहयोग पुग्न सक्छ सो बारेमा तर्कपूर्ण उल्लेख गरिनु पर्दछ । यस अन्तर्गत शोधकार्य समाप्त भएपछि कसकसलाई कुनकुन पक्षमा के कस्तो उपलब्धि वा सहयोग हुन्छ त्यो उल्लेख गरिन्छ । अनुसन्धाताले गर्न लागेको शोधकार्यको प्राज्ञिक तथा अनुसन्धानात्मक आवश्यकता र उपयोगिता माथि प्रकाश पार्नु नै शोधको औचित्य हो । अध्ययनबाट शोधार्थी, पाठक, सरोकारवाला आदिका लागि के सहयोग मिल्दछ आदिको समेत उल्लेख गरिनु पर्दछ ।

प्रस्तुत शोधकार्य 'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन शीर्षकमा गरिएको अनुसन्धान त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको पाठ्यांश (नेपा.शि. ५४४) को उद्देश्य पुरा गर्ने सन्दर्भमा तयार पारिएको छ । प्रस्तुत शोधकार्य 'अक्षरगन्ज' उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोड मिश्रणमा केन्द्रित रहँदै पाठक तथा विभिन्न पेसारत व्यक्तिहरूका प्रतिक्रियालाई समेत समावेश गरिएको छ । यसका साथै कोड मिश्रणको प्रभावकारिता पनि उल्लेख गरिएको छ । विज्ञान र प्रविधिको आविष्कार तथा नयाँ नयाँ ज्ञान विष्फोटका कारण नवीन शब्दको निर्माण हुनुका साथै मानवीय आवश्यकता परिपूर्तिका

लागि कुनै एक भाषाले पूर्णता दिन नसक्ने हुँदा शब्द सापटी लिने प्रचलन देखिन्छ । नेपाली साहित्यमा पनि स्वदेशी र विदेशी भाषाका कोडहरू मिश्रण भएको पाइन्छ । जसमध्ये अङ्ग्रेजी भाषाका कोडहरू बढी मात्रामा नेपाली भाषा र साहित्यमा प्रयोग भएको पाइन्छ ।

नेपाली भाषा र साहित्यमा लेखिएका कृतिहरूमा अङ्ग्रेजी भाषाका कोडहरूको अध्ययन कम मात्रामा भएकाले यो शोधकार्य औचित्यपूर्ण रहेको छ । यस शोधकार्यबाट नेपाली साहित्यका अनुरागी पाठक, शिक्षक, विद्यार्थी, पाठ्यक्रमविद् लेखक आदिका लागि विशेष उपयोगी रहेको छ । यसका साथै प्रस्तुत शोधकार्यबाट सामाजिक भाषाविज्ञान, कोशविज्ञान, अनुवादविज्ञान जस्ता प्रायोगिक भाषाविज्ञानका क्षेत्रमा समेत सहयोग प्राप्त भएको छ । प्रस्तुत शोधकार्यले भावी अनुसन्धानका लागि मार्गनिर्देशन गर्न सफल भएको छ । नेपाली साहित्य जगतमा विविध विधाहरूमध्ये उपन्यासले निकै चर्चा पाएको देखिन्छ । प्रयोगवादी उपन्यासकार कुमार नगरकोटीका थुप्रै प्रकाशित उपन्यासहरूमध्ये ‘अक्षरगन्ज’ अमूर्त शैलीमा लेखिएको उपन्यास हो । प्रस्तुत शोधकार्य ‘अक्षरगन्ज’ उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन गरिएको छ । हालसम्म नगरकोटीका उपन्यासहरूमा कोड मिश्रणको अध्ययन अनुसन्धान नभएको तथा ‘अक्षरगन्ज’ उपन्यासमा कुनै पनि अनुसन्धान कार्य नभएको हुनाले प्रस्तुत अनुसन्धान सान्दर्भिक र उपयोगी रहेको छ ।

## १.५ अध्ययनको सीमाङ्कन

अनुसन्धान एक चुनौतिपूर्ण कार्य हो । उक्त कार्य सम्पन्न गर्नका लागि निश्चित क्षेत्रमा त्यसको सीमा निर्धारण गर्नु पर्दछ । शोधकार्यमा निर्धारित शीर्षक अन्तर्गत कुन कुन पक्षको अध्ययन गर्ने हो सोको किटान गर्नुलाई शोधकार्यको सीमाङ्कन भनिन्छ । सबै क्षेत्र तथा विषयवस्तु अध्ययन गर्न सम्भव नहुने भएकाले शोधकार्यमा सीमाङ्कन गर्न आवश्यक ठहर्छ । निश्चित क्षेत्र र सीमा स्पष्ट भएन भने शोधकार्य उद्देश्यपूर्ण हुन सक्दैन । शोधकार्यको क्षेत्र र सीमा स्पष्ट भयो भने शोधकार्य व्यवस्थित किसिमले अगाडि बढ्न सक्छ । क्षेत्र स्पष्ट भएन भने शोध सीमाबाट बाहिर गई उद्देश्यसम्म नपुगिने सम्भावना हुन्छ । प्रस्तुत शोधकार्यलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

(क) प्रस्तुत शोधकार्य ‘अक्षरगन्ज’ उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययनमा सीमित रहेको छ ।

(ख) 'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी कोड मिश्रणलाई भाषिक तह (शब्द/पद, पदावली, उपवाक्य, वाक्य र अनुच्छेद) का आधारमा मात्र विश्लेषण गरिएको छ ।

(ग) प्रस्तुत शोधमा शब्दवर्गअन्तर्गत नाम, विशेषण, क्रिया र क्रियाविशेषण वर्गका शब्दहरूको विश्लेषण गरिएको छ ।

(घ) प्रस्तुत शोधमा पदावलीअन्तर्गत नाम पदावली, विशेषण पदावली, क्रिया पदावली र क्रियाविशेषण पदावलीको विश्लेषण गरिएको छ ।

(ङ) यस शोधकार्यमा उपवाक्यअन्तर्गत नाम उपवाक्य, विशेषण, उपवाक्य, क्रिया विशेषण उपवाक्य र वाक्यअन्तर्गत सरल, संयुक्त, मिश्र, सामान्यार्थक र प्रश्नार्थक वाक्यको मात्र विश्लेषण गरिएको छ ।

(च) प्रस्तुत अनुसन्धानमा कोड मिश्रणको कारण र प्रभावकारिता पत्ता लगाउन काठमाडौँ उपत्यकाका पाठक तथा विभिन्न पेसागत व्यक्तिहरू (१५ जना) को धारणा लिई समीक्षा गरिएको छ ।

# अध्याय दुई
# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक रूपरेखा

## २.१ पूर्वकार्यको पुनरावलोकन

अध्ययन अनुसन्धानपूर्व आफ्नो शीर्षकसँग सम्बन्धित लेख, रचना, कृति, पुस्तक, शोधकार्य आदिको गहन अध्ययन र विश्लेषणलाई पूर्वकार्यको समीक्षा तथा पुनरावलोकन भनिन्छ । कुनै पनि कार्यको थालनीपूर्व तत्सम्बन्धी कार्यलाई अध्ययन, चिन्तन र मनन गर्न उपयुक्त हुन्छ । अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि के कस्ता कार्यहरू सम्पन्न भएका छन् ती कार्यहरूको व्यवस्थित र क्रमबद्ध टिप्पणी गर्नु नै पूर्वकार्यको समीक्षा हो (भण्डारी र अन्य, २०७१ : १२६) । पूर्वकार्यको समीक्षाले त्यसपूर्व के कति अध्ययन अनुसन्धान भएका छन् र के कति बाँकी छन् भन्ने कुराको जानकारी प्राप्त गर्दछ । पूर्वकार्यको समीक्षाले अध्ययन गर्न लागेको अनुसन्धेय विषयमा सैद्धान्तिक जानकारी प्रदान गर्ने भएकाले अनुसन्धाताका लागि यो कार्य अनिवार्य मानिन्छ । अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोधप्रबन्ध, प्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०६५ : २८) । यस कार्यले शोधार्थीलाई आफ्नो अनुसन्धानमा सहयोग प्राप्त हुन्छ ।

पूर्वकार्यको पुनरावलोकनले सम्बन्धित विषयमा के कस्ता समस्या र उद्देश्यहरू छन्, कस्ता विधि र प्रक्रिया प्रयोग गरिएको छ, कस्ता कस्ता सामग्री कसरी सङ्कलन गरिएको छ र कस्तो निष्कर्ष आएको छ भन्ने कुराको जानकारी पाइन्छ । पूर्वकार्यको समीक्षाले समस्या विशिष्टीकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, सम्भावित त्रुटिबाट जोगिन, विश्लेषणको आधार खोज्न, समस्याको चुरो पत्ता लगाउन सहयोग गर्दछ । यसका साथै यस कार्यले पूर्वरूपमा गरिएका कार्यहरूको कमीकमजोरी सुधार गर्दै अध्ययन कार्य अगाडि बढाउन सकिन्छ ।

### २.१.१ सम्बन्धित पुस्तकको पुनरावलोकन

प्रस्तुत शोधकार्यलाई अगाडि बढाउन विभिन्न अङ्ग्रेजी विद्वान्हरूका पुस्तक र नेपाली विद्वान्हरूका पुस्तकको समीक्षा गरिएको छ । ती सबै अङ्ग्रेजी र नेपाली विद्वान्हरूका पुस्तक यहाँ उल्लेख गर्नु सान्दर्भिक नभएकाले मुख्य-मुख्य पुस्तकहरूको समीक्षा गरिएको छ । प्रस्तुत शोधकार्यलाई अगाडि बढाउन विभिन्न विद्वान्हरूका पुस्तकहरूले सहयोग पुऱ्याएका छन् जसको चर्चा निम्नानुसार गरिएको छ :

आचार्य र गौतम (२०६३) द्वारा **सामाजिक भाषाविज्ञान तथा मनोभाषाविज्ञान** पुस्तकमा कोड मिश्रण र कोड परिवर्तनको व्यापक चर्चा गरिएको छ । यस पुस्तकमा कोड परिवर्तनको परिचय, कोड मिश्रणको व्याख्या, कोड मिश्रण हुने तहहरू, कोड परिवर्तनका कारणहरू समेत विस्तृत रूपमा उल्लेख गरिएको छ । पुस्तकमा कोड परिवर्तनका कारणहरू परिस्थितिजन्य, अभावजन्य, संवादात्मक गरी तिन ओटा प्रमुख रूपमा व्याख्या गरिएको छ । यसका साथै कोड परिवर्तन र मिश्रणको अवस्था उल्लेख गर्दै यो सार्वभैम रूपमा देखापर्ने कुरा उल्लेख गरिएको छ । कोड परिवर्तनका तहहरू, कोड मिश्रण हुने भाषिक तत्त्वहरू उल्लेख गर्दै कोड मिश्रण सम्बन्धी विस्तृत जानकारी सामाजिक भाषाविज्ञान खण्डमा गरिएको छ । उक्त पूर्वकार्यले प्रस्तुत शोधको सैद्धान्तिक अवधारणा निर्माणमा सहयोग पुऱ्याएको छ । यसका साथै शोधलाई अगाडि बढाउने प्रेरणा समेत मिलेको छ ।

अधिकारी (२०६५) द्वारा **सामाजिक र प्रायोगिक भाषाविज्ञान** पुस्तकमा कोड परिवर्तन र कोड मिश्रणको चर्चा गरिएको छ । कोड परिवर्तनको परिणाम स्वरूप कोड मिश्रणको स्थिति देखापर्ने कुरा उल्लेख गर्दै कोड मिश्रण एक भाषिक र बहुभाषिक सबै वक्ताहरूमा पाइने कुरा उल्लेख गरिएको छ । कोड परिवर्तन र कोड मिश्रणको सैद्धान्तिक चर्चा गर्दै कोड परिवर्तन र कोड मिश्रणको परिचय, प्रकृति, कोड परिवर्तनका कारणहरू समेत उल्लेख गरिएको छ । कोड मिश्रण तथा परिवर्तनको स्थिति शिक्षित अशिक्षित सबै व्यक्तिहरूमा पाइए तापनि अशिक्षितको तुलनामा शिक्षित व्यक्तिहरूले बढी कोड मिश्रण गर्ने सैद्धान्तिक कुरा समेत उल्लेख गरेको छ । यसका साथै उक्त पुस्तकमा कोड मिश्रण कुनै अवस्थामा बाधात्मक रूपमा गरिने र कुनै अवस्थामा आफूलाई प्रतिष्ठित तुल्याउन जानाजान प्रयोग गरिने कुरा समेत चर्चा गरेको पाइन्छ । विविध सामाजिक सम्बन्ध र बहुभाषिक समाजका

कारण पनि नेपाली भाषा र साहित्यमा कोड मिश्रण हुने कुरा उल्लेख गरिएको छ । उक्त पूर्वकार्यले प्रस्तुत शोध अध्ययनमा निकै सहयोग पुऱ्याएको छ ।

घिमिरे (२०६५) द्वारा **सामाजिक भाषाविज्ञान** पुस्तकमा कोड मिश्रण र परिवर्तनको व्यापक रूपमा सैद्धान्तिक चर्चा गरेको पाइन्छ । उक्त पुस्तकमा सामाजिक सन्दर्भ, भाषिक कोड विस्तार, सीमित कोड, कोडको परिचय, कोडको छनोट, कोड परिवर्तन, कोड मिश्रण, पिजिन, क्रेओल जस्ता विषयवस्तुको व्यापक चर्चा गरिएको छ । कोड मिश्रण भाषाका शब्ददेखि वाक्य हुँदै अनुच्छेदका तहसम्म हुने कुरा पनि उल्लेख गरिएको छ । कोड मिश्रण भाषामा देखिने सार्वभौम गुण भएकाले यो विविध कारणले देखा पर्दछ । विज्ञान प्रविधिको नवीन अविष्कार तथा ज्ञान विस्फोटका कारण कुनै पनि भाषामा अर्को भाषका कोडहरू मिश्रण र परिवर्तन हुने सैद्धान्तिक चर्चा समेत गरिएको छ । उक्त पुस्तकमा नेपाली भाषामा कोड परिवर्तन र कोड मिश्रणको सैद्धान्तिक ज्ञान भएता पनि यसको विस्तृत र व्यापक अनुसन्धान हुन बाँकी नै देखिन्छ । उक्त पूर्वकार्यको समीक्षाले प्रस्तुत शोधको सैद्धान्तिक रूपरेखा तयार पार्नमा सहयोग प्राप्त भएको छ ।

आचार्य (२०६६) द्वारा **सामान्य भाषाविज्ञान** पुस्तकमा कोड सम्बन्धी व्यापक चर्चा गरिएको छ । उक्त पुस्तकमा कोडको चयन, कोड मिश्रण, कोड परिवर्तन, परिवर्तनका कारणहरू तथा प्रकारहरू उदाहरण सहित उल्लेख गरेको छ । वक्ताले एउटा सन्दर्भमा भाषिक अभिव्यक्ति गर्दा एकभन्दा बढी भाषिक भेद वा भाषाका कोडहरू मिसाएर प्रयोग गर्छ भने त्यो कोड मिश्रण हो र वक्ताले बोल्दै अर्को भाषा प्रयोग गरी बोल्नु कोड परिवर्तन हो भनी परिभाषित समेत गरेको पाइन्छ । कोड परिवर्तन र कोड मिश्रण सामाजिक भाषाविज्ञानको क्षेत्र भित्र पर्ने कुरा उल्लेख गर्दै उक्त पुस्तकमा कोड परिवर्तन र कोड मिश्रण भाषामा कसरी देखा पर्दछ र कोड परिवर्तन हुने कारण तथा प्रभावको समेत सामान्य चर्चा गरेको पाइन्छ । बहुभाषिक तथा एक भाषी समाजमा कोड परिवर्तन तथा मिश्रण हुने, शब्द सापटी लिँदा कोड मिश्रण हुने, आफूलाई उच्च ओहदामा राख्नका लागि कोड मिश्रण गर्ने, भाषामा शब्दको गरिबीका कारणले समेत कोड मिश्रण र कोड परिवर्तन हुने कुरा सहित सामान्य रूपमा चर्चा गरिएको छ । उक्त पूर्वकार्यको समीक्षाले शोधको सैद्धान्तिक रूपरेखा निर्माण गर्नुका साथै अध्ययन कार्यलाई अगाडि बढाउनमा निकै सहयोग पुऱ्याएको छ ।

गौतम र चौलागाई (२०७०) द्वारा **भाषाविज्ञान** पुस्तकमा कोड सम्बन्धी व्यापक चर्चा गरिएको छ । उक्त पुस्तकमा कोड चयन, कोड परिवर्तन, कोड परिवर्तनको अवस्था, परिवर्तनका कारणहरू, कोड परिवर्तन हुने तहहरू शीर्षकमा व्याख्या विश्लेषण गरेको पाइन्छ । कोड परिवर्तन हुँदै जाँदा अन्ततः कोड मिश्रण मिश्रणको स्थिति देखा पर्ने र कोड मिश्रण तथा परिवर्तन आंशिक तथा पूर्ण रूपमा देखापर्ने सन्दर्भ उल्लेख गरिएको छ । कोड मिश्रण भाषाका शब्द/पद, पदावली, उपवाक्य, वाक्य तथा अनुच्छेदसम्म हुने कुरालाई पनि उदाहरण सहित व्याख्या गरिएको पाइन्छ । कोड परिवर्तनका कारणहरू अन्तर्गत परिस्थितिजन्य, अभावजन्य, संवादात्मक गरी तिन ओटा कारणहरू समेत उल्लेख गरिएको छ । जुनसुकै भाषामा पनि कोड परिवर्तन र मिश्रण हुने हुँदा कुनै पनि भाषा यस्तो स्थितिबाट अछुत रहन नसक्ने प्रसङ्ग पनि उक्त पुस्तकमा उल्लेख गरिएको छ । उक्त पूर्वकार्यको समीक्षाले प्रस्तुत शोधकार्यमा सैद्धान्तिक आधार प्रदान गर्नुका साथै दिशानिर्देश प्राप्त भएको छ ।

भण्डारी र पौड्याल (२०७०) द्वारा **सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान** पुस्तकमा कोडको परिवर्तन र कोड मिश्रणको सैद्धान्तिक चर्चा व्यापक रूपमा गरिएको छ । उक्त पुस्तकमा कोडको परिचय, कोड मिश्रण, कोड परिवर्तन, कोड परिवर्तनका कारणहरू, कोड मिश्रणको अवस्था, भाषामा कोड मिश्रण हुने भाषिक तहहरू, कोड परिवर्तनको मानसिक तथा सन्दर्भजनित अवस्थालाई समेत व्याख्या गरिएको छ । कोड मिश्रण र कोड परिवर्तन द्विभाषिक र बहुभाषिक समुदायमा हुने तथा कोड मिश्रण भाषाका शब्द, पदावली, उपवाक्य, वाक्य, अनुच्छेदजस्ता भाषिक एकाइमा देखिन्छ भन्ने कुराको सैद्धान्तिक जानकारी दिइएको छ । सामाजिक भाषाविज्ञान अन्तर्गत विविध विषयमध्ये नवीन विषयका रूपमा राखिएको कोड मिश्रण र परिवर्तनले सूचना आदानप्रदान गर्ने गोप्य सूचना वा प्रणाली मानेको छ । सूचनालाई छोटो, गोप्य तथा वक्ता र स्रोत अनुकूल बनाउन भाषामा कोड (सङ्केत) को प्रयोग गरिने चर्चा उल्लेख गरिएको छ । उक्त पूर्वकार्यको अध्ययनले शोधकार्यको सैद्धान्तिक ढाँचा निर्माणमा सहयोग प्राप्त भएको छ ।

### २.१.२ सम्बन्धित शोधकार्यको पुनरावलोकन

प्रस्तुत शोधकार्य 'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययनलाई सम्पन्न गर्नका लागि विगतमा त्रिभुवन विश्वविद्यालयको नेपाली भाषा शिक्षा केन्द्रीय विभाग

र अङ्ग्रेजी भाषा शिक्षा केन्द्रीय विभागमा भएका प्रयासहरूलाई अध्ययन गरी तिनको चर्चा गरिएको छ । कोड मिश्रणसँग सम्बन्धित विविध अध्ययन तथा अनुसन्धानहरूलाई व्याख्या विश्लेषण गरिएको छ जसलाई निम्नानुसार सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छः

ढकाल (२०६९) द्वारा **अन्तर्मनको यात्रा संस्मरणात्मक कृतिमा अङ्ग्रेजी भाषाको कोड मिश्रणको अध्ययन** शीर्षकमा शोधपत्र लेखिएको छ । उक्त शोधपत्रमा अन्तर्मनको यात्रा संस्मरणात्मक कृतिमा अङ्ग्रेजी कोड मिश्रणको अवस्था, अन्तमर्नको यात्रा संस्मरणात्मक कृतिमा अङ्ग्रेजी कोड मिश्रणको भाषातत्त्वका आधारमा विश्लेषण गर्नु र उक्त कृतिमा अङ्ग्रेजी कोड मिश्रणको कारण पत्ता लगाउनु जस्ता उद्देश्यहरू राखिएको पाइन्छ । शोधकार्यमा कोड मिश्रणको प्रभावकारिता सम्बन्धी भने कुनै सूचना नै दिइएको छैन । पुस्तकालयीय अध्ययन प्रक्रिया र वर्णनात्मक विधिको उपयोग गरी शोधकार्य अङ्ग्रेजी भाषिक कोड मिश्रणको अवस्था पहिचान गरी तिनीहरूको आवृत्ति र प्रतिशत निकाल्दै व्याख्या तथा विश्लेषण गरिएको छ । शोधकार्यमा समग्र भाषिक तहमा अङ्ग्रेजी भाषिक कोडहरू प्रयोग भएको निष्कर्ष निकालेको छ । यस शोधपत्रमा कोड मिश्रणको कारण र शैक्षणिक उपयोगिता र सुझाव समेत प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्यको समीक्षाले प्रस्तुत शोधकार्यमा सहयोग प्राप्त भएको छ ।

अधिकारी (२०७०) द्वारा **सुकरातको डायरी उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन**, शीर्षकमा शोधपत्र तयार पारिएको छ । यस शोधपत्रका उद्देश्यहरू सुकरातको डायरी उपन्यासमा अङ्ग्रेजी भाषिक कोड पत्ता लगाउनु, सुकरातको डायरी उपन्यासमा भाषातत्त्वका आधारमा कोडको विश्लेषण गर्नु र उक्त उपन्यासमा अङ्ग्रेजी कोड मिश्रण पत्ता लगाउनु रहेका छन् । वर्णनात्मक विधिमा आधारित उक्त शोधपत्रमा उद्देश्यपूर्ण नमुना छनोटका आधारमा सुकरातको डायरी उपन्यासको अध्ययन गरिएको छ । पुस्तकालयीय अध्ययन प्रक्रियालाई आत्मसात् गरी उक्त उपन्यासमा शोध सम्पन्न गरिएको छ । बिसजना व्यक्तिहरूलाई नमुनाका जनसङ्ख्याका रूपमा लिएर उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोड मिश्रणको कारण र प्रभावकारिता पत्ता लगाई शोधकार्य सम्पन्न गरिएको छ । यस शोधपत्रमा शब्दका तहमा ५३.७२ प्रतिशत, पदावलीका तहमा ३०.३८ प्रतिशत, उपवाक्यका तहमा २.७५ प्रतिशत, वाक्यका तहमा १२.०४ प्रतिशत र अनुच्छेदका तहमा ०.५५ प्रतिशत

अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यबाट अध्ययनमा निकै आधार प्राप्त भएको छ ।

पौडेल (२०७०) द्वारा **सजिलो उपन्यासमा प्रयुक्त अङ्ग्रेजी कोड मिश्रणको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा तिनओटा उद्देश्यहरू राखिएको छन् जसमा सजिलो अभ्यासमा के कस्ता अङ्ग्रेजी भाषिक कोडहरू मिश्रण भएका छन्, उक्त उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडलाई भाषातत्त्वका आधारमा विश्लेषण गर्नु र उक्त उपन्यासमा कोड मिश्रण हुनुका कारण पत्ता लगाउन पाठको अन्तर्क्रिया लिनु रहेका छन् । वर्णनात्मक विधिको प्रयोग गर्दै पुस्तकालयीय अध्ययन प्रक्रियाद्वारा उक्त उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषाका कोडहरूलाई भाषातत्त्वका आधारमा व्याख्या विश्लेषण गरिएको छ । असम्भाव्य नमुना छनोट पद्धतिका आधारमा कीर्तिपुर आपसासका दशजना पाठकको प्रतिक्रियालाई समावेश गरिएको छ । सजिलो उपन्यासमा पद, पदावली, उपवाक्य र वाक्य जस्ता भाषिक तहमा आकृतिमूलक अङ्ग्रेजी कोडहरू रहेको र बोधगम्यताका आधारमा केही लामा र केही छोटो एवम् कर्तन कोडहरूको प्रयोगले गर्दा साधारण पाठकका लागि केहि दुर्बोध्य रहेको निष्कर्ष निकालिएको छ । नेपाली साहित्यमा अङ्ग्रेजी कोड मिश्रणको प्रयोग गर्दा सबै वर्गका पाठकले बुझ्ने गरी सामान्यीकरण गर्नुपर्ने सुझाव दिइएको छ । उक्त पूर्वकार्यबाट अध्ययनलाई सम्पन्न गर्नमा आंशिक सहयोग मिलेको छ ।

बस्नेत (२०७०) द्वारा **कान्तिपुर पत्रिकाको विज्ञापन खण्डमा प्रयुक्त शब्दभण्डार तथा कोड मिश्रणको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । वि.सं. २०६९/१२/१ देखि ३० सम्मको कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित दस ओटा सूचनामूलक, दस ओटा व्यावसायिक र दस ओटा रोजगारका लागि गरिएका विज्ञापनलाई प्रतिनिधिमूलक विषय बनाई शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्रको उद्देश्यहरू विज्ञापन खण्डमा रहेका शब्दभण्डारको अध्ययन गर्नु, विज्ञापन खण्डमा रहेका कोड मिश्रणको पत्ता लगाउनु र प्रश्नावलीमा प्राप्त तथ्यका आधारमा निष्कर्ष प्रस्तुत गर्नु रहेका छन् । पुस्तकालयीय अध्ययन प्रक्रिया तथा वर्णनात्मक विधिको प्रयोग गर्दै विषय विशेषज्ञको सुझाव अनुरूप प्रश्नावली निर्माण गरी पाठकको प्रतिक्रियालाई समेत समावेश गरी व्याख्या विश्लेषण गरिएको छ । यस शोधकार्यमा तिस ओटा विज्ञापनमा सबैभन्दा बढी तत्सम (४७.२५ प्रतिशत), आगन्तुक (३०.४७ प्रतिशत), तद्भव (२२.०१ प्रतिशत) शब्द प्रयोग भएको तथा

सबैभन्दा बढी व्यावसायिक (४६.०८ प्रतिशत) शब्द विज्ञानमा कोड मिश्रण रहेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यको समीक्षाले अध्ययनमा धेरथोर सहयोग पुगेको छ ।

राई (२०७०) द्वारा **फोसिल कथा सङ्ग्रहमा प्रयुक्त अङ्ग्रेजी कोड मिश्रणको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । यस शोध अध्ययनका उद्देश्यहरूमा फोसिल कथा सङ्ग्रहमा अङ्ग्रेजी भाषिक कोड पत्ता लगाउनु, फोसिल कथा सङ्ग्रहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडलाई भाषातत्त्वका आधारमा विश्लेषण गर्नु र उक्त उपन्यासमा प्रयुक्त कोड मिश्रणको कारण पत्ता लगाउनु रहेका छन् । वर्णनात्मक अध्ययन विधिको उपयोग गरी उपन्यासमा प्रयुक्त कोडहरूको व्याख्या तथा विश्लेषण गरिएको छ । पुस्तकालयीय अध्ययन प्रक्रिया र विविध पेसाकर्मीहरूको प्रतिक्रियालाई समेत विश्लेषण गरिएको छ । उक्त शोधपत्रमा गिद्धहरू नामक कथामा ३७३ ओटा, कथासित कथामा ४७ ओटा, श्लोक कथामा ७० ओटा, पाण्डुलिपि कथामा ४० ओटा, विनिर्माण कथामा २४ ओटा र फोसिल कथामा १९२ ओटा अङ्ग्रेजी भाषिक कोडहरू रहेको निष्कर्ष निकालिएको छ । उक्त अनुसन्धानमा कथाहरूमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन गर्दा छुट्टाछुट्टै कथाहरूको व्याख्या तथा विश्लेषण गरिएको छ । उक्त पूर्वकार्यको समीक्षाले प्रस्तुत शोधकार्यमा उद्देश्य निर्माण गर्न सहयोग मिल्नुका साथै अध्ययनलाई अगाडि बढाउन सहयोग मिलेको छ ।

सुवेदी (सन् २००१) द्वारा **कोड मिक्सिङ इन गोरखापत्र डेल्ली** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्रमा गोरखापत्र दैनिक पपत्रिकामा प्रयोग भएका अङ्ग्रेजी भाषाका कोडहरूलाई भाषातत्त्वका आधारमा विश्लेषणात्मक अध्ययन गरिएको छ । यसैलाई यस शोधकार्यको मुख्य उद्देश्य मानिएको छ । वर्णनात्मक विधिको प्रयोग गर्दै पुस्तकालयीय अध्ययन प्रक्रियालाई आत्मसात् गरी अध्ययन सम्पन्न गरिएको छ । गोरखापत्र दैनिक पत्रिकामा प्रयोग भएका अङ्ग्रेजी भाषिक कोडहरूलाई शब्द/पद, पदावली, उपवाक्य र वाक्य जस्ता भाषिक तह र व्याकरणिक कोटिका आधारमा व्याख्या विश्लेषण गरिएको छ । कोड मिश्रण हुनुका सम्भावित कारणहरू उल्लेख गर्दै निष्कर्ष समेत निकालिएको छ । उक्त पूर्वकार्यको समीक्षाले अध्ययनमा आंशिक सहयोग पुगेको छ ।

बराल (सन् २००५) द्वारा **कोड मिक्सिङ इन नेपाली सिनेमा अ डिस्क्रिप्टिभ स्टडी** शीर्षकमा शोध तयार पारिएको छ । उक्त अध्ययनको उद्देश्यमा नेपाली सिनेमामा अङ्ग्रेजी भाषिक

कोड मिश्रण, अङ्ग्रेजी कोड मिश्रणका कारणहरू र नेपाली सिनेमा अङ्ग्रेजी कोड मिश्रणका भाषिक तहहरूको चर्चा रहेका छन् । नेपाली सिनेमा तथा चलचित्रमा अङ्ग्रेजी भाषिक कोड अरु क्षेत्रभन्दा बढी भएको निष्कर्ष निकाल्दै व्याख्या र विश्लेषण गरिएको पाइन्छ । नेपाली चलचित्र क्षेत्रमा स्वदेशी र विदेशी भाषाका कोडहरू मिश्रण भएको पाइए तापनि सबैभन्दा बढी कोड मिश्रण अङ्ग्रेजी भाषाबाट भएको निष्कर्ष शोधपत्रमा निकालिएको छ । उक्त पूर्वकार्यबाट अध्ययनलाई सम्पन्न गर्न र आधार ग्रहण गर्न समेत सहयोगी भएको छ ।

रेग्मी (सन् २००६) द्वारा **द मिक्सिङ अफ इङ्लिस कोड इन नेपाली पाब्लिक स्पिकिङ्ग** शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा नेपाली समुदायले बोलीचालीको भाषामा प्रयोग गर्ने गरेको अङ्ग्रेजी भाषाका कोडहरूलाई लिएर अध्ययन गरिएको पाइन्छ । सामान्यतया अशिक्षित व्यक्तिहरूका तुलनामा शिक्षित व्यक्तिहरूले नेपाली भाषाको प्रयोग गर्दा अङ्ग्रेजी कोड मिश्रण गरेको पाइने प्रसङ्गको पनि चर्चा गरिएको पाइन्छ । क्षेत्रीय अध्ययन प्रक्रियालाई आत्मसात् गरी वर्णनात्मक विधिद्वारा निष्कर्ष निकालिएको छ । नेपाली बोलीचालीमा प्रयोग हुने अङ्ग्रेजी भाषिक कोड मिश्रणको सङ्ख्या र प्रतिशतलाई प्रस्तुत गरी निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यको समीक्षाले प्रस्तुत शोधकार्यमा आंशिक सहयोग मिलेको छ ।

पौड्याल (सन् २००७) द्वारा **इङ्लिस कोड मिक्सिङ इन प्रिन्ट मिडिया अ केस अफ अन्नपूर्ण पोष्ट डेल्ली** शीर्षकमा शोधपत्र तयार पारिएको छ । अन्नपूर्ण पोष्ट दैनिक पत्रिकामा प्रयोग हुने अङ्ग्रेजी भाषिक कोडको सङ्ख्या, आवृत्ति, प्रतिशत र श्रेणी प्रस्तुत गरिएको छ । सबैभन्दा कम र सबैभन्दा बढी प्रयोग भएका अङ्ग्रेजी भाषिक कोडको व्याख्या विश्लेषण गरिएको छ । वर्णनात्मक विधिको प्रयोग गर्दै पुस्तकालयीय अध्ययन प्रक्रिया समेत आत्मसात् गरी शोधपत्र तयार पारिएको छ । यसरी व्याख्या र विश्लेषण गर्दै निष्कर्ष निकालिएको छ र अन्त्यमा शैक्षणिक उपयोगिता पनि प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्यको समीक्षाले अध्ययनमा धेरथोर सहयोग पुऱ्याएको छ ।

देवकोटा (सन् २००९) द्वारा **कोड मिक्सिङ इन नेपाली ड्रामाज** शीर्षकमा शोधपत्र तयार पारिएको छ । समग्र नेपाली नाटकमा प्रयोग गरिने अङ्ग्रेजी भाषिक कोडहरूको चर्चा शोध प्रतिवेदनमा गरिएको छ । नेपाली नाटकीय संवादमा प्रयोग गरिने अङ्ग्रेजी कोड मिश्रणको व्याख्या गरिएको पाइन्छ । नेपाली नाटकहरूमा अङ्ग्रेजी कोड मिश्रणको अवस्था, नेपाली

नाटकमा प्रयोग हुने अङ्ग्रेजी कोडको भाषातत्त्वको आधारमा व्याख्या गर्नु र नाटकमा प्रयोग हुने कारणहरू उल्लेख गर्नु उक्त अध्ययनका उद्देश्यहरू रहेका छन् । वर्णनात्मक विधिको प्रयोग गर्दै पुस्तकालयीय अध्ययन प्रक्रियाद्वारा शोधप्रतिवेदन तयार पारिएको छ । नेपाली नाटकमा प्रयुक्त हुने भाषाका सबै तहमा अङ्ग्रेजी भाषाका कोडहरू मिश्रण भएको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यको अध्ययनले शोधकार्यमा निकै सहयोग प्राप्त भएको छ ।

ठकुरी (सन् २०१२) द्वारा **इङ्ग्लिस कोड मिक्सिङ इन समाचारपत्र डेल्ली** शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा नेपाली समाचारपत्र दैनिकमा प्रयोग हुने अङ्ग्रेजी भाषिक कोडको अध्ययन गरिएको छ । उक्त शोधपत्रको प्रमुख उद्देश्य समाचारपत्र दैनिकमा प्रमुख नाम, विशेषण, क्रिया, क्रियायोगी, संयोजक जस्ता पक्षमा भएका अङ्ग्रेजी कोडहरूको अध्ययन गरी व्याख्या विश्लेषण गरिएको छ । वर्णनात्मक विधिको प्रयोग गरी पुस्तकालयीय अध्ययन प्रक्रियामार्फत् शोधपत्र तयार पारिएको छ । नेपाली समाचारपत्र दैनिकमा प्रयोग भएको अङ्ग्रेजी भाषिक कोड मिश्रणलाई शोधकार्यमा विभिन्न तहमा अङ्ग्रेजी मिश्रण भएको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यको समीक्षाबाट अध्ययनमा निकै सहयोग प्राप्त भएको छ ।


## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ कोड परिचय

अङ्ग्रेजी भाषाको 'कोड' शब्द नेपाली भाषामा आगन्तुक शब्द बनेर आएको हो, जसको अर्थ सङ्केत भन्ने हुन्छ । मानवीय सूचना आदान प्रदान गर्ने गोप्य तथा सङ्केत प्रणाली कोड हो । कुनै पनि भाषाका विविध भाषिक अङ्गहरूको संरचनात्मक समष्टिलाई कोड भन्न सकिन्छ । कुनै पनि भाषाको प्रयोग गर्दा निस्कने ध्वनि, वर्ण, रूप, शब्द/पद, पदावली, उपवाक्य र अनुच्छेदसम्मका तहमा कोड मिश्रण भएको पाउन सकिन्छ । भाषाको प्रयोग गर्दा निस्कने ध्वनि, वर्ण, रूप, शब्द वाक्य नै कोड हो । सङ्केत वर्ण वा शब्दका माध्यमबाट सन्देशहरूलाई गोप्य वा सङ्क्षिप्त रूपमा आदान प्रदान गर्ने निश्चित यादृच्छिक अर्थयुक्त प्रणालीलाई कोड भनिन्छ (भण्डारी र पौड्याल, २०७० : ४६) । कोडलाई विचार आदान प्रदान गर्ने सङ्केत प्रणालीका रूपमा लिइन्छ । कोड सूचनाहरू साटासाट गर्ने सबैभन्दा उपयुक्त सङ्केत प्रणाली हो । भाषिक अभिव्यक्तिका क्रममा वक्ताले चयनले गर्ने खास भाषा वा भाषिक भेदलाई कोड भनिन्छ । कोड एउटा व्यवस्था हो, जो दुई वा सो भन्दा बढी

पक्षका बिचमा आपसमा कुराकानी हुँदा प्रयोग हुन्छ । भाषका क्षेत्रीय भाषिका, सामाजिक भाषिका, स्तरीय भेद, सामान्य भेद, शैली र रजिस्टार यी सबै सम्बद्ध भाषाका कोड हुन् (घिमिरे, २०६५ : ४६) । मानवीय मनका विचार सम्प्रेषण गर्नका लागि खास इसारा, चेष्टा, कटाक्ष, हाउभाउ जस्ता सङ्केतहरू पनि कोडका रूपमा आएका हुन्छन् ।

भाषिक र अभाषिक जुनसुकै सङ्केतहरू जसले विचार आदान प्रदान गर्दछन् ती पनि कोड नै मानिन्छन् । भाषिक व्यवस्था अनुसार कोडलाई सङ्केत प्रणालीका रूपमा लिइन्छ जसले सम्पूर्ण भाषिक पक्षलाई समेट्न सक्दछ । हरेक भाषमा आफ्नै सङ्केत व्यवस्था हुन्छन् । भाषिक सन्दर्भमा सुनाइ, बोलाइ, पढाइ, लेखाइका लागि विविध तहमा कोड प्रयोग गरिन्छ । कोड व्यक्तिभाषा, पिजिन, क्रेओल, भाषाद्वैत, बहुभाषिकता आदि प्रमुख भाषिक भेदहरूमा पनि समावेश हुन्छ । कोडको प्रयोग पनि व्यक्तिगत आवश्यकता अनुसार फरक फरक हुन्छ । यो भाषिक भिन्नता, भाषा, भाषिका, शैली, रजिस्टार भेदको सट्टामा प्रयोग गरिन्छ । कोड मानसिक विचारलाई सङ्केतमा प्रकट गर्ने कार्य हो । मनोवैज्ञानिक दृष्टिकोणमा सङ्केत भनेको कुनै पनि वस्तु वा अनुभवको धारणालाई व्यक्त गर्ने ध्वनि विम्बको सम्बन्ध हो । कोड वा सङ्केतलाई चिनाउन तलको आरेख प्रयोग गरिन्छ :





(स्रोत : अधिकारी, २०७० : ६)

उक्त आधारमा कोड सूचना आदान प्रदान गर्ने वा विचार सम्प्रेषण गर्ने एक प्रणाली हो , जसको प्रत्यक्ष सम्बन्ध समाजसँग हुन्छ । समाजको प्रकृति अनुसार भाषिक कोड पनि प्रयोग हुने गर्दछ । समाजको क्षेत्र, स्वरूप र आवश्यकता अनुसार भिन्न कोडहरू प्रयोग गरिन्छन् । यसमा वक्ताको भाषिक क्षमता र मनोविज्ञानले समेत प्रभाव पारेको हुन्छ । यसरी आरेखमा कोडलाई देखाउँदै समाजमा यसको प्रयोग विभिन्न ढङ्गले हुने कुरा प्रष्ट पार्न सकिन्छ ।

### २.२.२ कोड वर्गीकरणका आधारहरू

कोड एउटा बृहत् दृष्टिकोण हो । यसमा भाषा, भाषिका, माध्यम, भाषातत्त्व, भाषा सङ्ख्या, भाषा मिश्रण, भाषा परिवर्तन आदि सम्पूर्ण कुराहरू समावेश हुन्छन् । खासगरी भाषातत्त्व, माध्यम र भाषा सङ्ख्याका आधारमा कोड वर्गीकरण गर्न सकिन्छ । कोडलाई मुख्यतया निम्नलिखित आधारमा वर्गीकरण गर्न सकिन्छ :




(स्रोतः राई, २०७२ : ३१)

कोड वर्गीकरण विभिन्न आधारमा गर्न सकिन्छ । माध्यमका आधारमा, भाषातत्त्वका आधारमा र भाषा सङ्ख्याका आधारमा कोडलाई वर्गीकरण गर्न सकिन्छ । यो भाषाका विविध तह र भेदहरूमा पाइने सार्वभौम लक्षण हो ।

## २.३ कोड मिश्रण

### २.३.१ कोड मिश्रण परिचय

वक्ताले एउटै सन्दर्भमा भाषिक अभिव्यक्ति गर्दा एक भन्दा बढी भाषिक भेद वा भाषाका कोडहरूको प्रयोग एउटै सङ्कलनमा गर्दछ भने त्यसलाई कोड मिश्रण भनिन्छ (भण्डारी र पौड्याल, २०७० : ४७) । वक्ताले एउटा परिस्थितिमा एउटै सन्देश सम्प्रेषण गर्नका लागि दुई वा दुईभन्दा बढी भाषाका कोडहरूको प्रयोग गर्नुलाई कोड मिश्रण भनिन्छ । भाषिक अभिव्यक्तिका क्रममा एउटा भाषाका कोड अर्को भाषामा मिसाएर प्रयोग गर्नुलाई पनि कोड

मिश्रण भएको पाइन्छ । समभाषा वा विषम भाषाका वक्ताहरूका बिच आपसमा कुराकानी भइरहँदा स्वाभाविक रूपमा यो स्थिति देखा पर्दछ । यस्तो अवस्थालाई भाषिक अभिव्यक्तिका क्रममा भाषिक परिवर्तनका रूपमा लिइन्छ । कुनै पनि परिस्थिति अनुसार भाषिक अभिव्यक्तिका क्रममा बिचबिचमा मिश्रण भएको मानिन्छ । यसकारण अभिव्यक्तिका क्रममा आफ्नो भाषा बाहेक अन्य भाषाका शब्दहरू प्रयोग गर्नुलाई कोड मिश्रण भनिन्छ ।

कोड मिश्रण सबै भाषामा तथा भाषाका तहमा हुने गर्दछ । यो एकभाषिक, द्विभाषिक र बहुभाषिक वक्ताहरूमा पाइने सार्वभौम गुण हो । तुलनात्मक रूपमा एकभाषिक समुदायभन्दा बहुभाषिक समुदायमा यो स्थितिमा देखा पर्दछ । कोड मिश्रणलाई कोड परिवर्तनकै उपजका रूपमा लिइन्छ । अशिक्षित व्यक्तिका तुलनामा शिक्षित व्यक्तिको भाषामा कोड मिश्रण बढी पाइन्छ । कोड मिश्रण भाषामा शब्देखि अनुच्छेदका तहसम्म पाइन्छ । भाषाका सन्दर्भमा शब्द/पद, पदावली, उपवाक्य, वाक्य र अनुच्छेद तहसम्म कोड मिश्रण भएको पाइन्छ । नेपाली भाषामा पनि विदेशी र स्वदेशी भाषाका कोडहरू मिश्रण भएका पाइन्छन् । अङ्ग्रेजी, फारसी, हिन्दी, तामाङ, नेवारी, मैथिली, भोजपुरी आदि भाषाबाट नेपाली भाषामा कोड मिश्रण भएको पाइन्छ ।

कोड मिश्रणलाई स्पष्ट पार्नुका लागि केही उदाहरणहरू यहाँ प्रस्तुत गर्न सकिन्छ । जस्तैः रिजल्ट भयो । उसले फस्ट डिभिजनमा पास गरेछ । मार्क पनि राम्रो ल्याएछ (अधिकारी, २०६५ : ४४) । एक्चुल्ली पोल्टिकल पार्टीहरूले राष्ट्रको विकासका निम्ति आफ्नो पाटी र कार्यकर्ताको बिहेबियरमा चेन्ज गर्नु पर्दछ, तब मात्र राष्ट्रको डेभलपका निम्ति सहज इन्भाइरोमेन्ट बन्छ (भण्डारी र अन्य, २०७० : ४७) । यसरी कोड मिश्रणका विभिन्न उदाहरणहरू उल्लेख गरेर यसको धारणालाई स्पष्ट पार्न सकिन्छ ।

### २.३.२ भाषिक तहमा कोड मिश्रणको अवस्था

भाषिक तह भन्नाले भाषाका विविध एकाइलाई जनाउँछ । भाषाका शब्द, पद, पदावली, उपवाक्य, वाक्य र अनुच्छेदसम्म कोड मिश्रण भएको पाइन्छ । जसलाई निम्नानुसार उदाहरण सहित स्पष्ट पार्न सकिन्छ :

#### (क) शब्द/पदका तहमा कोड मिश्रण

एक वा एकभन्दा बढी अक्षर मिलेर बनेको भाषिक एकाइ शब्द हो । शब्द वाक्यकमा प्रयोग भएपछि पद बन्दछ । भाषाका तत्त्वहरूमध्ये सबै भन्दा बढी कोड मिश्रण शब्द/पदका

स्तरमा हुने गर्दछ । शब्द/पद भाषाका लागि आधारभूत एकाइ हो । यस तहमा धेरै कोड मिश्रण भएको पाइन्छ । जस्तैः अहिले शिक्षामा क्वान्टिटी भन्दा क्वालिटी डेभलप गर्नु नेसेसरी छ (भट्टराई, २०६८ : २४) । यसरी शब्द/पदका तहमा कोड मिश्रण भएको पाइन्छ ।

### (ख) पदावलीका तहमा कोड मिश्रण

वाक्यमा प्रयुक्त पदहरूको खास समूह पदावली हो । शीर्षपदसँगै आबद्ध पद वा त्यसको पदसम्बन्ध नै पदावली हो । पदावलीका तहमा पनि कोड मिश्रण भएको पाइन्छ । जस्तैः बोर्डिङ स्कुलका विद्यार्थीहरू रट्छन् तर कमन सेन्सको युज नै गर्दैनन (भट्टराई, २०६८ : ८५) । यसरी पदावलीका तहमा पाइने कोड मिश्रणलाई पनि देखाउन सकिन्छ ।

### (ग) उपवाक्यका तहमा कोड मिश्रण

पदावली भन्दा ठुलो र वाक्यभन्दा सानो एकाइलाई उपवाक्य भनिन्छ । वाक्यभित्रका उद्देश्य पदावली र विधेय पदावलीबाट संरचित एकाइलाई उपवाक्य भनिन्छ । उपवाक्य भित्र एउटा उद्देश्य र एउटा विधेय रहेको हुन्छ । उपवाक्यका तहमा हुने कोड मिश्रणलाई यसरी उल्लेख गर्न सकिन्छ : यु आर राइट शिवा (भण्डारी, २०७२ : १४) । यसरी उपवाक्यका तहमा पनि कोड मिश्रण भएको पाइन्छ ।

### (घ) वाक्यका तहमा कोड मिश्रण

व्याकरणात्मक दृष्टिले वाक्य सबैभन्दा ठुलो भाषिक एकाइ हो । वाक्यमा अनिवार्य तत्त्वका रूपमा उद्देश्य, कर्म, पूरक र क्रिया रहन्छन् । वाक्यका तहमा हुने कोड मिश्रणलाई यसरी प्रस्तुत गर्न सकिन्छ : अनन्तः जस्ट से गुरु आइ एम इन नन प्लेसेज एण्ड आइ ह्याब लस्ट द स्मेल माइ लाइफ । म सबैतिर छु, कँही छैन किनभने मानिसले विज्ञानसित मिलेर खनेको कालो सुरुङमा छु । यतिखेर जीवनको सुगन्ध हराएको स्थितिमा छु (सकुरातको डायरी, २०६८ : ४०) । प्रत्येक भाषिक तहमा कोड मिश्रण भएजस्तै वाक्यात्मक स्तरमा पनि कोड मिश्रण भएको पाइन्छ ।

### (ङ) अनुच्छदेदका तहमा कोड मिश्रण

वाक्यहरूको समूहबाट निर्मित सिङ्गो आलेखलाई अनुच्छेद भनिन्छ । यो वाक्यभन्दा ठुलो र सङ्कथन भन्दा सानो एकाइ हो । यस तहमा हुने कोड मिश्रणलाई यसरी देखाउन सकिन्छः


टिकस दिनुस त ऊ असमजस्यमा परेको देखेर खलासीले सोध्यो- डु यु ह्याब टिकट ? किन हो कुन्नि उसले तुरुन्तै सच्यायो टिकट छैन ? ओ टिकट ? छ । युवकले टिकट निकालेर देखायो । तिन नम्बर सिट । खलासीले भन्यो । थ्याङ्क यू । उसले के सोचेर हो तुरुन्तै नेपालीमा भन्यो- तपाईलाई धन्यवाद छ (भण्डारी, २०७२ : १६) । भाषिक एकाइको सबैभन्दा ठुलो तह अनुच्छेदमा पनि कोड मिश्रण भएको पाइन्छ ।

## २.४ कोड परिवर्तन

### २.४.१ कोड परिवर्तन परिचय

कुनै एउटा सन्दर्भमा एउटा भाषाको प्रयोग गरिरहेको व्यक्तिले तत्काल उक्त भाषाको प्रयोगलाई छोडेर अर्को भाषाको प्रयोग गर्दा कोड परिवर्तन हुन्छ । कोड परिवर्तन भन्नाले वक्ताले भाषाको प्रयोग गर्ने क्रममा एउटा भाषा वा त्यसको एउटा रूपबाट अर्को भाषाको रूपमा गर्ने परिवर्तन हो । वक्ताहरूका बिचमा संवादका क्रममा एउटा वक्ताले एउटा भाषा र अर्को वक्ताले अर्को भाषाको कोड प्रयोग गर्दा कोड परिवर्तन हुन्छ (भण्डार, २०६७ : ४६) । कोड परिवर्तन द्विभाषिकता र बहुभाषिकताको अपरिहार्य परिणाम हो । कुनै एउटा घटनाभित्र दुई भिन्न व्याकरणात्मक व्यवस्था वा अव्यवस्थाको छनोट तथा उपयोगलाई नै कोड परिवर्तनको रूपमा लिइन्छ । यसरी अभिव्यक्तिका क्रममा कुनै व्यक्तिले अर्को भाषाको प्रयोग गर्दछ भने त्यसलाई कोड परिवर्तन भएको मानिन्छ ।

कोड परिवर्तनमा वक्ता/लेखकले सन्दर्भगत उपयुक्ततालाई हेरेर आफ्नो सुविधाको रूपमा उपयोग गर्दछन् । जसलाई निम्नानुसार आरेखमा प्रस्तुत गर्न सकिन्छ :




(स्रोतः अधिकारी, २०७० : ८)

यसरी कोड परिवर्तन, वक्ता, लेखक तथा पाठकलाई आफू अनुकूल बनाउन समाज, वातावरण, सन्दर्भ र आवश्यकता अनुसार प्रयोग गरिन्छ ।

### २.४.२ कोड परिवर्तनको भाषिक स्थिति

भाषा व्यवस्थित तथा निश्चित संरचनामा बाँधिएको हुन्छ । यसकारण भाषालाई व्यवस्थाहरूको पनि व्यवस्था भनिन्छ । भाषाका आ-आफ्नै व्यवस्था र संरचना हुन्छन् । भाषा ध्वनिदेखि अनुच्छेदसम्मको भाषिक संरचनामा आबद्ध हुन्छ । यस्ता संरचनाहरूमा भाषका आफ्नै किसिमका सङ्केत व्यवस्थाहरू हुन्छन् । यस्तो अवस्था एउटै भाषका भाषिका र विषम भाषिक स्थितिमा देखा पर्दछ । भाषिक स्थितिका के कस्ता पक्ष, तह र क्षेत्रमा कोड परिवर्तन हुन्छ उक्त स्थितिको अध्ययन भाषिक स्थितिमा गरिन्छ । खासगरी कोड परिवर्तनका दुई ओटा स्थिति देखा पर्दछन् जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

#### (क) समभाषिक कोड परिवर्तन

भाषिक अभिव्यक्तिमा एउटै भाषिक प्रयोगका क्रममा त्यही भाषाका भिन्न-भिन्नै भाषिक भेदको प्रयोग गर्छ भने त्यसलाई समभाषिक कोड परिवर्तन भनिन्छ । जस्तै नेपाली भाषी वक्ताले अभिव्यक्तिका क्रममा नेपाली भाषाकै भाषिकाहरूको प्रयोग गर्नु समभाषिक कोड परिवर्तन हो (भण्डारी र पौड्याल, २०७० : ४७) । यसर्थ एउटै भाषिक अभिव्यक्तिमा सोही भाषाकै भिन्नै भाषिक भेदको प्रयोग गर्नुलाई समभाषिक कोड परिवर्तन हो ।

#### (ख) विषमभाषिक कोड परिवर्तन

भाषिक अभिव्यक्तिमा वक्ताले भिन्नाभिन्नै भाषाको प्रयोग गर्छ भने त्यसलाई विषमभाषिक कोड परिवर्तन भनिन्छ (भण्डारी र पौड्याल, २०७० : ४७) । जस्तै मैथिली भाषी वक्ताले अभिव्यक्तिका क्रममा मैथिली भाषाको प्रयोगलाई छाडेर नेपाली भाषाको प्रयोग गर्नु विषमभाषिक कोड परिवर्तन हो ।

### २.२.३ कोड परिवर्तनका प्रकार

विभिन्न विद्वान्हरूले आ-आफ्नै तरिकाले कोड परिवर्तनका प्रकारलाई व्याख्या विश्लेषण गरेको पाइन्छ । ती विविध विद्वान्हरूका अध्ययन विश्लेषण समग्रमा निम्नानुसारका प्रकारहरू उल्लेख गर्न सकिन्छ :

### (क) अन्तरवाक्यात्मक कोड परिवर्तन

कुनै एउटा वाक्यको सीमाभन्दा बाहिर देखिने परिवर्तनलाई अन्तरवाक्यात्मक कोड परिवर्तन भनिन्छ । आर्थात् एउटा वाक्य नेपालीमा अर्को वाक्य अङ्ग्रेजीमा अभिव्यक्त गर्दा यस किसिमको अवस्था देखिन्छ । यसलाई अन्तरवाक्यात्मक कोड परिवर्तन भनिन्छ । जस्तैः कृष्ण मेहनती मान्छे हो, हि इज फस्ट बोइ अफ आवर क्लास ।

### (ख) अन्तः वाक्यात्मक कोड परिवर्तन

एउटा वाक्यात्मक संरचनाभित्र दुई वा दुईभन्दा बढी भाषाको प्रयोग हुनुलाई अन्तः वाक्यात्मक कोड परिवर्तन भनिन्छ । यस किसिमको परिवर्तन शब्द वा पदको तहमा बढी मात्रामा पाइन्छ । जस्तैः लगनशील र परिश्रमपूर्वक स्टडी गऱ्यो भने रिजल्ट पनि सेटिस्फ्याक्सन हुने गरी आउँछ ।

### (ग) पुच्छ्रे वाक्यात्मक कोड परिवर्तन

एउटै वाक्यांशभित्र शब्द/पद भन्दामाथि एकाइमा हुने परिवर्तनलाई पुच्छ्रे वाक्यात्मक कोड परिवर्तन भनिन्छ । यस किसिमको परिवर्तन शब्द, पदावली र उपवाक्यको तहमा बढी मात्रामा देखिन्छ । यिनीहरूले वाक्यलाई पूर्ण रूपमा समापन गर्न भने सक्दैनन् । जस्तैः दिस इज माइ फादर, हामी साथीभैँ खुलस्थ रूपमा व्यवहार गर्छौं यु नो ?

## २.४.४ कोड मिश्रण र कोड परिवर्तनबिच तुलना

अभिव्यक्तिका क्रममा एउटा भाषाको कोड अर्को भाषामा मिसाएर प्रयोग गर्नुलाई कोड मिश्रण भनिन्छ । भाषिक अभिव्यक्तिमा आवश्यकता अनुसार दुई वा सोभन्दा बढी भाषाको बैकल्पिक प्रयोग अवस्थालाई कोड परिवर्तन भनिन्छ । यी दुई बिचमा समानता र भिन्नता पाइन्छ ।

### समानता

कोड मिश्रण र कोड परिवर्तन दुवै द्विभाषिक र बहुभाषिक समाजमा देखा पर्दछन् । कोड परिवर्तनकै उपजका रूपमा कोड मिश्रण देखापर्ने हुनाले यिनीहरूको उद्देश्य समान रहन्छ । कोड परिवर्तन र कोड मिश्रण एक अर्काका परिपूरक हुन् । यी दुईओटैमा समाजको प्रकृति,

बहुभाषिकता, सामाजिक तथा सांस्कृतिक परिवेशले प्रभाव पार्दछ । कुनै पनि भाषा कमजोर भएमा पनि कोड परिवर्तन र कोड मिश्रण देखापर्दछ । यी दुईओटै एक अर्काको आवश्यकता परिपूर्तिका लागि सहयोगी छन् । कोड परिवर्तन र कोड मिश्रण सामाजिक भाषाविज्ञानका विषय हुन् । यसकारण कोड मिश्रण र कोड परिवर्तनबिच समानता रहेको छ भन्न सकिन्छ ।

**भिन्नता**

कोड मिश्रण र कोड परिवर्तनमा केही मात्रामा समानता देखिए तापनि बढी मात्रामा असमानता देखाउन सकिन्छ । एउटै भाषाका संरचनामा एक वा एकभन्दा बढी भाषाका कोडहरू प्रयोग हुनु कोड मिश्रण हो भने एउटा भाषामा भएका रूपहरू अर्को भाषामा परिवर्तन हुने प्रक्रियालाई कोड परिवर्तन भनिन्छ । कोड मिश्रण एउटै वाक्यको संरचनामा देखापर्दछ तर कोड परिवर्तन अन्तरवाक्यात्मक तहमा देखापर्दछ । कोड मिश्रण आंशिक रूपमा परिवर्तन हुन्छ तर कोड परिवर्तन पूर्ण रूपमा परिवर्तन हुन्छ । कोड मिश्रण कोड परिवर्तनको परिणामका रूपमा रहेको हुन्छ भने कोड परिवर्तन प्रक्रियाका रूपमा रहेको हुन्छ । कोड परिवर्तन कोड मिश्रण भन्दा पहिले हुन्छ तर कोड मिश्रण कोड परिवर्तन भन्दा पछि हुन्छ । यसरी समग्रमा कोड मिश्रण र कोड परिवर्तनबिच भिन्नता देखाउन सकिन्छ ।

### २.४.५ कोड मिश्रण र कोड परिवर्तनका सन्दर्भगत कारणहरू

भाषामा उत्पादनशील र परिवर्तनशील विशेषता हुन्छन् । कुनै पनि भाषा आफैँमा पूर्ण हुन सक्दैन । आजको विश्वव्यापीकरणको युगमा एउटा मात्र भाषाले बृहत् ज्ञानका भण्डारलाई समेट्न सक्दैन । विज्ञान र प्रविधिका क्षेत्रमा नयाँ नयाँ आविष्कार, खोज, अनुसन्धानले दिन प्रतिदिन नयाँ नयाँ शब्दहरू सिर्जना गरिरहेका हुन्छन् । त्यस्ता नयाँ शब्द तथा सिर्जनाका यावत् विषयलाई कुनै एउटा भाषाले मात्रै समेट्न सक्ने स्थिति छैन । यस किसिमको आवश्यकता पुरा गर्नका निम्ति कुनै अर्को भाषाको सहयोग लिनु जरुरी हुन्छ । मानिस ज्ञानका भोका हुन्छन्, एउटा भाषाले मात्र ज्ञानको तृष्णालाई पूर्णता दिन सक्दैनन् । मानिसले एकभन्दा बढी भाषाको प्रयोग गरी विभिन्न साहित्य, प्रविधि, चिकित्सा तथा ज्ञान विज्ञानका क्षेत्रमा भएका नवीन उपलब्धि हासिल गरिरहेका हुन्छन् । त्यसकारण आजको युगमा मानिस एकभन्दा बढी भाषामा रमाउन चाहान्छन् । समग्रमा कोड मिश्रण र कोड परिवर्तनका सन्दर्भगत कारणहरू निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

क) सूचना तथा सञ्चारको तीव्र विकास

ख) विभिन्न रीतिरिवाज तथा कला र संस्कृतिको विकास

ग) विश्वबन्धुत्वको भावना विकास र प्रविधिको व्यापकता

घ) भाषाको उत्पत्तिकालदेखि एकअर्का भाषाका शब्दहरू सापटी लिने प्रचलन

ङ) विभिन्न पूर्वीय र पाश्चात्य दर्शनको प्रभाव

च) भाषा र साहित्य जगतका उपलब्धिको विकास तथा प्रसार

छ) विश्व व्यापारको विकास

ज) कला र संस्कृतिको आदान प्रदान

झ) विभिन्न खेलकुद र पर्यटनको विकास

ञ) विभिन्न देशमा पाइने रोजगारको अवसर

ट) उत्तरआधुनिकवादको प्रभाव

ठ) साइभर संस्कृतिको विकास

ड) विज्ञान र प्रविधिले जन्माएका नयाँ नयाँ सिद्धान्त

ढ) सामाजिक प्रतिष्ठा बढाउने इच्छा

ण) अनुकरण गर्ने बानी

त) अन्य भाषाको प्रयोगको आवश्यकता

थ) अश्लील शब्दको विकल्प

द) सामाजिक समायोजनको आवश्यकता

ध) विशेष सामाजिक भूमिका प्रतिको लगाव आदि ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

अनुसन्धान तथ्यपरक, औपचारिक र व्यवस्थित कार्य हो । अनुसन्धानलाई लक्ष्यसम्म पुऱ्याउन कुनै निश्चित विधि र पद्धति आत्मसात् गर्नुपर्दछ । अध्ययनलाई सफल र उद्देश्यपूर्ण बनाउन अध्ययन विधि, जनसङ्ख्या, नमुना छनोट, सामग्री सङ्कलनका स्रोत, सङ्कलन प्रक्रिया र विश्लेषण गरिनु पर्दछ । प्रस्तुत अनुसन्धान कार्यमा शोधविधि एक महत्त्वपूर्ण अङ्गका रूपमा रहेको छ । प्रस्तुत शोधकार्यलाई कसरी सम्पन्न गरिदै छ भनी स्पष्ट मार्गनिर्देशन गर्नका लागि शोधविधि आवश्यक पर्दछ । शोधविधिले शोधकार्यका लागि सही बाटो देखाउने काम गर्दछ । प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि निम्नलिखित विधि अपनाइएको छ :

## ३.१ अध्ययनको ढाँचा

अनुसन्धान कार्य सम्पन्न गर्नका लागि गहन शोध खोज गरी निष्कर्ष निकाल्नु पर्दछ । अनुसन्धानलाई व्यवस्थित रूपमा सम्पन्न गर्नका लागि अध्ययन विधि र प्रक्रिया आवश्यक पर्दछ । कुनै निश्चित विधिमा आधारित भएर अनुसन्धान गरियो भने सहजै रूपमा निष्कर्षमा पुग्न पनि सजिलो हुन्छ । प्रस्तुत अध्ययन मूलतः वर्णनात्मक विधिको उपयोग गरी पुस्तकालयीय अध्ययन प्रक्रियालाई आत्मसात् गरी सम्पन्न गरिएको छ । वर्णनात्मक विधिले वर्तमान स्थितिको यथातथ्य वर्णन गर्दछ । अर्थात् यो विधि वर्तमान समयका विविध समस्यासँग सम्बन्धित हुन्छ । यस विधिमा वर्तमान समयका समस्यासँग सम्बन्धित भाषिक तथ्य, तथ्याङ्क वा सामग्रीहरू सङ्कलन गरी तिनको वर्गीकरण, व्याख्या, विश्लेषण र मूल्याङ्कन गरी निष्कर्ष निकाल्छ (भण्डारी र पौड्याल, २०७१ : २५) । पुस्तकालयीय अध्ययन प्रक्रियाले सम्बन्धित शीर्षकसँग सम्बद्ध लेख, रचना, पत्रपत्रिका, पुस्तक आदिको गहन अध्ययनलाई जनाउँछ । वर्णनात्मक अध्ययन विधि र पुस्तकालयीय प्रक्रियालाई आत्मसात् गरी प्रस्तुत शोधकार्य 'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोडहरू सङ्कलन गरी तिनको वर्गीकरण, तालिकीकरण, व्याख्या, विश्लेषण र मूल्याङ्कन गरी निष्कर्ष समेत निकालिएको छ ।

## ३.२ जनसङ्ख्याको छनोट र अध्ययन क्षेत्र

प्रस्तुत शोधकार्यका लागि जनसङ्ख्याका रूपमा कुमार नगरकोटीको 'अक्षरगन्ज' उपन्यास र उक्त अध्ययन गरेका नेपाली साहित्यका अनुरागी विभिन्न पेसारगत व्यक्तिहरूलाई छनोट गरिएको छ । उक्त उपन्यासमा कोड मिश्रणको अध्ययन गर्दा विशेषज्ञको सहयोगमा प्रश्नावली निर्माण गरी पाठकहरू तथा पेसारत व्यक्तिहरूलाई सोधी राय सुझाव लिइएको छ । यसका लागि काठमाडौं उपत्यकालाई अध्ययनको क्षेत्रका रूपमा लिइएको छ । प्रस्तुत अध्ययनमा भाषिक कोड मिश्रणको अध्ययन गरिएको छ ।

## ३.३ नमुना छनोट पद्धति

ठुलो जनसङ्ख्याबाट छनोट गरिएको प्रतिनिधिमूलक समूहलाई नै नमुना भनिन्छ । तिनै छानिएका नमुनालाई सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधि मानेर अध्ययन विश्लेषण गर्ने कार्य गरिन्छ । नेपाली साहित्यमा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएका थुप्रै साहित्यिक कृतिहरू भएता पनि प्रस्तुत अध्ययनमा असम्भावना नमुना छनोट विधि अन्तर्गत उद्देश्यपूर्ण नमुना छनोटका आधारमा कुमार नगरकोटीको 'अक्षरगन्ज' उपन्यास छानिएको छ । त्यसैगरी उपन्यासमा अङ्ग्रेजी भाषिक को मिश्रणका कारणहरू पत्ता लगाउन उक्त उपन्यास अध्ययन गरेका पन्ध्र जना व्यक्तिहरूलाई नमुनाको रूपमा लिइएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका स्रोत

अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्षेत्र तथ्याङ्क सङ्कलनका स्रोतहरू हुन् । प्रस्तुत शोधकार्य 'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययनमा केन्द्रित छ । उक्त शोधलाई सम्पन्न गर्नका लागि निम्नलिखित स्रोतबाट सामग्री सङ्कलन गरिएको छ :

### (क) प्राथमिक स्रोत

प्रस्तुत शोधकार्यमा सामग्री सङ्कलनका लागि प्राथमिकता स्रोतका रूपमा कुमार नगरकोटीको 'अक्षरगन्ज' उपन्यासलाई लिइएको छ ।

### (ख) द्वितीयक स्रोत

प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्न विशेषज्ञको सहयोगमा विभिन्न पाठ्यपुस्तक, प्रस्तुत शोधकार्यसँग सम्बन्धित शोध प्रतिवेदनहरू, लेखरचना, पत्रपत्रिका, जर्नलहरू, इमेल, इन्टरनेट आदिलाई द्वितीयक स्रोतका रूपमा लिएर अध्ययन गरिएको छ । यसका साथसाथै विभिन्न पेसागत पाठकहरूबाट मतावली सङ्कलन गरी कोड मिश्रणका कारण र प्रभावकारिता सङ्कलन गरिएको छ ।

### ३.४.१ तथ्याङ्क र सूचना सङ्कलन पद्धति

प्रस्तुत शोधकार्यमा सूचना सङ्कलन गर्नका लागि प्रश्नावली निर्माण गरी असम्भाव्य नमुना छनोट पद्धतिमा परेका पाठकहरू तथा विभिन्न पेसारत व्यक्तिहरू समक्ष प्रश्नावली दिई स्वतन्त्र रूपमा उनीहरूको राय सङ्कलन गरिएको छ । कोड मिश्रणको कारण पत्ता लगाउन पाठकहरू तथा विभिन्न पेसारत व्यक्तिहरूबाट प्राप्त प्रश्नावलीलाई सङ्कलन गरी त्यसमा आएका अभिमतलाई व्याख्या विश्लेषण गरिएको छ । अध्ययन अनुसन्धानका क्रममा प्राप्त भएका अङ्ग्रजी भाषिक कोडहरूलाई अधोरेखाङ्कन गरिएको छ ।

### ३.४.२ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

प्रस्तुत शोधकार्य 'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोडहरूको आवृति, तालिकीकरण र भाषिक तह (शब्द/पद, पदावली, उपवाक्य र वाक्य) लाई आधार मानी त्यसको व्याख्या र विश्लेषण गरिएको छ । यसका साथसाथै प्रश्नावलीमा उल्लिखित पाठकहरू तथा अन्य व्यक्तिहरूको अभिमतलाई सङ्कलन गरी उनीहरूले दिएका मत, सुझाव र सल्लाहका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

## ३.५ अध्ययनको रूपरेखा

शोधपत्रको संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि अध्ययनको रूपरेखा आवश्यक पर्दछ । प्रस्तुत शोधकार्यलाई निम्नलिखित अध्यायमा विभाजन गरी अनुसन्धान सम्पन्न गरिएको छ :

**अध्याय एक : शोध परिचय**

यस अध्याय अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्या कथन, अध्ययनको उद्देश्य र अध्ययनको सीमाङ्कन राखिएको छ ।

**अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक रूपरेखा**

यस अध्याय अन्तर्गत पूर्वकार्यको (पुस्तक र शोधपत्र) समीक्षा र कोड मिश्रण सम्बन्धी सैद्धान्तिक अवधारणा राखिएको छ ।

**अध्याय तिन : अध्ययन विधि र प्रक्रिया**

यस अध्याय अन्तर्गत अध्ययनको ढाँचा, जनसङ्ख्या र नमुना छनोट, सामग्री सङ्कलनका स्रोत, तथ्याङ्क सङ्कलन, तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण तथा अध्ययनको रूपरेखा उल्लेख गरिएको छ ।

**अध्याय चार : व्याख्या र विश्लेषण**

यस अधयाय अन्तर्गत उपन्यासको परिचय, उपन्यासमा प्रयोग भएका अङ्ग्रेजी भाषिक सन्दर्भहरूको तालिका बनाई राखिएको छ । शब्द, पदावली, उपवाक्य, वाक्य र अनुच्छेद जस्ता तहमा प्रयोग भएका अङ्ग्रेजी भाषिक सन्दर्भहरू प्रस्तुत गरिएको छ ।

**अध्याय पाँच : व्याख्या र विश्लेषण**

यस अध्यायमा अक्षरगन्ज उपन्यासमा प्रयोग भएका अङ्ग्रेजी भाषिक कोडहरूको व्याख्या विश्लेषण गरिएको छ । शब्द देखि अनुच्छेदका तहसम्म अङ्ग्रेजी कोडहरूलाई विविध आधारमा विस्तृत व्याख्या विश्लेषण गरिएको छ ।

**अध्याय छ : व्याख्या र विश्लेषण**

यस अध्याय अन्तर्गत कोड मिश्रणका कारण पत्ता लगाउन मतावलीका आधारमा विभिन्न पाठकहरूका धारणा व्याख्या विश्लेषण गरिएको छ । यसका साथै कोड मिश्रणको प्रभावकारिता समेत चर्चा गरिएको छ ।

**अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता**

यस अध्याय अन्तर्गत शोधको सारांश, निष्कर्ष, उपयोगिता र सुझाव राखिएको छ ।

सन्दर्भ सामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय चार
# व्याख्या र विश्लेषण

## ४.१ उपन्यासको परिचय

साहित्यका विशिष्ट चारओटा विधा रहेका छन् जस अन्तर्गत आख्यान (कथा र उपन्यास), कविता, नाटक, निबन्ध पर्दछन् । आख्यान अन्तर्गत पर्ने उपन्यास वर्तमान समयमा निकै प्रचलित लोकप्रिय विधाका रूपमा लिइन्छ । उ + नि + अस् + अ संरचनाबाट उपन्यास शब्दको व्युत्पत्ति भएको मानिन्छ । जसले नजिक राख्नु भन्ने अर्थ दिन्छ । नेपाली भाषामा प्रयोग गरिने उपन्यास शब्द अङ्ग्रेजी भाषको नोवेल (Nobel) शब्दको रूपान्तरण भएको हो । पात्रका माध्यमबाट गद्यमा वर्णन गरिएको र आफ्नो विशाल संरचनायुक्त आख्यान उपन्यास हो । उपन्यासमा कथावस्तु, पात्र, परिवेश, दृष्टिबिन्दु, मूलभाव, विम्बप्रतीक जस्ता महत्त्वपूर्ण अवयवहरू अनिवार्य रहन्छन् । उपन्यासमा मानव जीवन र जीवन भोगाइका तितामिठा यथार्थ प्रस्तुत गरिन्छ । सामाजिक विषयवस्तुलाई साहित्यका माध्यमबाट प्रस्तुत गर्ने विधालाई उपन्यास भानिन्छ । उपन्यासका माध्यमबाट दर्शन, चिन्तन तथा सिद्धान्तको समेत ज्ञान हुन्छ । कुनै पनि कृति वा उपन्यासको आफ्नै उद्देश्य हुने भएकाले यो निश्चित उद्देश्यमा आधारित भएर लेखिन्छ । समग्रमा उपन्यास विशाल संरचनायुक्त विधा हो जसले सामाजिक विषयवस्तुलाई साहित्यका माध्यबाट उजागर गर्दछ ।

कुमार नगरकोटी नेपाली उपन्यास जगतका बहुचर्चित तथा आधुनिक उपन्यासकारका रूपमा चिनिन्छन् । नेपाली साहित्यका समसायिक उपन्यासकारहरूमध्ये उनी पनि एक प्रमुख व्यक्ति हुन् । प्रयोगवादी लेखन शैलीलाई आत्मसात् गर्ने नगरकोटीका प्रायजसो उपन्यासहरू प्रयोगधर्मी नै देखिन्छन् । अमूर्त विषयवस्तु, चेतनप्रवाह शैली, स्वैरकल्पना, संरचना विहिन संरचना, जटिल विषयवस्तु, मानवीय र मानवेर पात्रको प्रयोग, पृथ्वी, स्वर्ग, नर्ग आदि जस्ता परिवेशको चित्रण, अत्याधिक विम्बप्रतीकको प्रयोग, जटिल संरचना, दुरूह भाषाशैली जस्ता प्रयोगवादी विशेषताहरू आत्मसात् गरी उपन्यास लेख्दछन् । 'अक्षरगन्ज' उपन्यास पनि प्रयोगवादी शैलीमा लेखिएको उपन्यास हो । सामान्य पाठकका लाीग 'अक्षरगन्ज' उपन्यास जटिल मानिए तापनि बौद्धिक पाठकका लागि भने बोधगम्य नै रहेको छ ।

कुमार नगरकोटीका विविध उपन्यासमध्ये अक्षरगन्ज उपन्यास समसामयिक धारामा लेखिएको आधुनिक उपन्यास हो । वि.सं. २०७१ मा प्रकाशित यस कृतिले छोटो समयमा नै धेरै चर्चा पाएको देखिन्छ । पछिल्लो समयका नेपाली उपन्यासहरूमध्ये 'अक्षरगन्ज' उपन्यास निकै चर्चित कृतिका रूपमा लिइएको छ । प्रयोगवादी शैलीमा लेखिएको यस उपन्यासको विषयवस्तु असीमित र व्यापक रहेको छ । यस उपन्यासमा विश्वका अनेक साहित्यिक, राजनैतिक, धार्मिक, सांस्कृतिक, कला जस्ता विराट विषयवस्तु समावेश गरिएको पाइन्छ । विश्वका विविध संस्कृति र कला साहित्यलाई एकै ठाउँमा समावेश गरेर अमूर्त शैलीको विशाल संयोजन गरिएको यस उपन्यासमा पूर्वीय र पाश्चात्य चिन्तनको समेत चित्रण गरिएको छ । उपन्यासमा विश्वका राजनीतिज्ञ, इतिहासकार, वैज्ञानिक, साहित्यकार, खेलाडि, चलचित्र आदि विविध विषयवस्तु समावेश गरिएको पाइन्छ । विश्वका चर्चित व्यक्तिहरूको मृत्युपश्चात बस्ने ठाउँलाई 'अक्षरगन्ज' भनेर प्रतीकात्मक रूपमा चित्रण गरिएको छ । विश्वका विकसित मुलुकहरूसँग नेपाली कला, संस्कृति तथा भाषा साहित्यलाई समेत जोडेर उपन्यास सिर्जना गरेका छन् । प्रयोगवादी विशेषता, चेतनप्रवाह शैली, अमूर्त चिन्तनबाट सिर्जित प्रस्तुत उपन्यास परम्परित उपन्यास लेखनका विपरित छ । उपन्यास लेखन सिद्धान्तका मान्यता विपरित यो कृति लेखिएको पाइन्छ । समग्रमा 'अक्षरगन्ज' उपन्यासको विषयवस्तु विश्वका अनेक राष्ट्रका गतिविधिहरू रहेका छन् । पात्रका रूपमा विश्वचर्चित व्यक्तिहरूलाई यस उपन्यासमा समावेश गरेका छन् ।

अक्षरगन्ज उपन्यासमा विभिन्न भाषिक एकाइहरूमा अङ्ग्रेजी भाषिक सन्दर्भहरू कोड मिश्रणका रूपमा आएका छन् । भाषिक एकाइहरू शब्द/पद, पदावली, उपवाक्य, वाक्य र अनुच्छेदका तहमा अङ्ग्रेजी भाषिक कोडहरू मिश्रण भएको पाइन्छ । विविध कारणले गर्दा प्रस्तुत उपन्यासमा अङ्ग्रेजी भाषिक कोडहरू प्रयोग भएको पाइन्छ । उपन्यासको विषयवस्तु नेपाली समाजमा मात्र सीमित नभएको र विश्वलाई नै विषयवस्तुका रूपमा चर्चा गरिएकाले अङ्ग्रेजी भाषिक कोडहरू मिश्रण भएको देखिन्छ । 'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषाका कोडहरू धेरै मिश्रण भएको र आवृत्ति पनि धेरै पटक भएको पाइन्छ ।

## ४.२ अक्षरगन्ज उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू

'अक्षरगन्ज' उपन्यास नेपाली भाषामा लेखिएको आख्यानात्मक साहित्यिक कृति हो । यस उपन्यासका भाषिक तहमा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ । भाषाका

शब्द/पद, पदावली, उपवाक्य, वाक्य र अनुच्छेदका तहमा अङ्ग्रेजी भाषिक सन्दर्भहरू प्रयोग गरिएको छ । प्रस्तुत उपन्यासमा पत्ता लगाइएका विविध भाषिक कोडहरूलाई छुट्टाछुट्टै उल्लेख गर्न सकिन्छ । शब्दका तहमा, पदावलीका तहमा, उपवाक्यका तहमा, वाक्यका तहमा र अनुच्छेदका तहमा भएका अङ्ग्रेजी भाषिक कोड मिश्रणको चर्चा यस अध्ययनमा गरिएको छ ।

### ४.२.१ शब्द/पदका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू

उपन्यासमा शब्द/पदका तहमा अङ्ग्रेजी भाषिक कोडहरू प्रयोग गरिएका छन् । शब्दका तहमा जम्मा ३५५ ओटा अङ्ग्रेजी भाषिक कोडहरू प्रयोग भएका छन् । शब्दका तहमा प्रयोग गरिएका अङ्ग्रेजी भाषिक कोडहरूको आवृत्ति ६५० पटक भएको पाइन्छ । शब्दहरूलाई विभिन्न शब्दवर्गका आधारमा समेत पत्ता लगाइएको छ । नाम, विशेषण, क्रिया र क्रियाविशेषणजस्ता शब्दवर्गका आधारमा शब्दहरू पत्ता लगाइएको छ । शब्दका तहमा प्रयोग गरिएका अङ्ग्रेजी भाषिक कोडहरू धेरैजसो सजिलो पाइन्छन् तर केही शब्द भने निकै जटिल छन् । समग्रमा प्रस्तुत उपन्यासमा शब्दका तहमा प्रयोग भएका अङ्ग्रेजी भाषिक कोडहरू पत्ता लगाइएको छ ।

**तालिका १**

**शब्द/पदका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू**

जम्मा शब्द : ३५५ जम्मा आवृत्ति : ६५०

| क्र.सं. | शब्द | आवृत्ति | शब्दवर्ग |
|---|---|---|---|
| १. | ग्याङ | ५ | ना. |
| २. | क्याजुअल | ५ | वि. |
| ३. | फिभर | ४ | ना. |
| ४. | फिक्सन | ५ | ना. |
| ५. | स्क्यान | १ | क्रि. |
| ६. | नोस्टाल्जिया | ४ | ना. |
| ७. | डिजाइनर | २ | ना. |
| ८. | स्टायल | १ | ना. |
| ९. | रेस्टुरेन्ट | १ | ना. |

| | | | |
|---|---|---|---|
| १०. | हेमिङ्वे | २ | ना. |
| ११. | टेस्ट | १ | ना. |
| १२. | स्टन्ट | १ | ना. |
| १३. | एयरपोर्ट | ६ | ना. |
| १४. | क्यानभास | १ | ना. |
| १५. | टोल्सटाय | १ | ना. |
| १६. | डस्टाबिन | १ | ना. |
| १७. | फेयरवेल | २ | ना. |
| १८. | म्याडम | १ | ना. |
| १९. | फ्लवर्ट | १ | ना. |
| २०. | आइसक्रिम | ४ | ना. |
| २१. | युनिफर्म | १ | ना. |
| २२. | लभर | २ | ना. |
| २३. | कर्नर | ८ | ना. |
| २४. | डोन्जर | १ | वि. |
| २५. | आउट | १ | क्रि.वि. |
| २६. | भोटामफोर्सिस | २ | ना. |
| २७. | ग्रेगर | १ | ना. |
| २८. | क्लेटोमेनिक | १ | ना. |
| २९. | पार्लर | २ | ना. |
| ३०. | न्याचुरल | १ | वि |
| ३१. | भर्सन | २ | ना. |
| ३२. | प्लस | १ | ना. |
| ३३. | फेवरेट | १ | वि |
| ३४. | ज्याक | १ | ना. |
| ३५. | एडमिड | १ | ना. |
| ३६. | प्रोफेट | २ | ना. |
| ३७. | जिप्सी | १ | वि |
| ३८. | आउटराइडर | १ | ना. |

| | | | |
|---|---|---|---|
| ३९. | मर्सोल्ट | १ | ना. |
| ४०. | सिनेमा | १ | ना. |
| ४१. | रिप्लेस | २ | क्रि |
| ४२. | अवार्डस | १ | ना. |
| ४३. | डिसग्रेस | १ | ना. |
| ४४. | इमेज | २ | ना. |
| ४५. | क्रियट | २ | क्रि |
| ४६. | चियर्स | ८ | ना. |
| ४७. | नर्सरी | ३ | ना. |
| ४८. | टेबल | ६ | ना. |
| ४९. | पोस्टर | २ | ना. |
| ५०. | प्लास्टिक | १ | ना. |
| ५१. | टाइप | ३ | ना. |
| ५२. | नोटबुक | ३ | ला |
| ५३. | इम्पोरियल्जिम | १ | ना. |
| ५४. | इलेक्ट्रिक | १ | वि. |
| ५५. | सेल्सम्यान | ४ | ना. |
| ५६. | ट्राई | १ | क्रि. |
| ५७. | फ्लोभर | ३ | ना. |
| ५८. | पासपोर्ट | ५ | ना. |
| ५९. | ट्रेन | ३ | ना. |
| ६०. | पर्सनल | १ | वि. |
| ६१. | डिमार्केसन | १ | ना. |
| ६२. | लभ | १ | ना. |
| ६३. | नेइवर | १ | ना. |
| ६४. | किङ | १ | ना. |
| ६५. | करिडर | १ | ना. |
| ६६. | ओभरकोट | ८ | ना. |
| ६७. | मफलर | १ | ना. |

| | | | |
|---|---|---|---|
| ६८. | ज्याकेट | १ | ना. |
| ६९. | ह्याङ्गर | १ | ना. |
| ७०. | रिफर | १ | क्रि |
| ७१. | रोमान्टिक | १ | वि. |
| ७२. | स्टोभ | १ | ना. |
| ७३. | टेपरेकर्डर | १ | ना. |
| ७४. | नुडुल्स | २ | ना. |
| ७५. | मेनेजर | १ | वि. |
| ७६. | सेक्स | २ | ना. |
| ७७. | स्टार्ट | २ | क्रि. |
| ७८. | फेक्ट्री | ३ | ना. |
| ७९. | MEERA's | २ | वि. |
| ८०. | फ्ल्यासब्याक | ४ | ना. |
| ८१. | हसबेन्ट | १ | ना. |
| ८२. | स्वेटर | ३ | ना. |
| ८३. | होममेड | १ | वि. |
| ८४. | पार्क | २ | ना. |
| ८५. | म्याच | ३ | ना. |
| ८६. | बायोलजिकल | १ | वि. |
| ८७. | लिबरल | १ | वि. |
| ८८. | प्रेस्टकाइब | १ | क्रि. |
| ८९. | ड्याडी | ३ | ना. |
| ९०. | फ्यान | ७ | ना. |
| ९१. | बिबिसी | १ | ना. |
| ९२. | ट्युसन | १ | ना. |
| ९३. | क्याफे | ५ | ना. |
| ९४. | इन्टरभल | १ | ना. |
| ९५. | डाइजेस्ट | २ | क्रि. |
| ९६. | फादर | १ | ना. |

| | | | |
|---|---|---|---|
| ९७. | एस्ट्रे | २ | ना. |
| ९८. | विन्डो | १ | ना. |
| ९९. | मोटिभेसनल | १ | वि. |
| १००. | स्टोरी | १ | ना. |
| १०१. | बोर्डिङ | ४ | ना. |
| १०२. | इटियट | १ | ना. |
| १०३. | इम्पर्सन | १ | वि. |
| १०४. | लाइब्रेरी | ४ | ना. |
| १०५. | अष्स्ट्रावक्ट | २ | वि. |
| १०६. | पोलिटिक्ली | २ | क्रि.वि. |
| १०७. | डिलिट | १ | क्रि. |
| १०८. | ओपनिङ | १ | ना. |
| १०९. | लेटेरस्ट | १ | वि. |
| ११०. | बुकसेल्फ | १ | ना. |
| १११. | बाइबाइ | १ | ना. |
| ११२. | काउन्टर | २ | ना. |
| ११३. | डान्स | ३ | ना. |
| ११४. | आइरनम्यान | १ | ना. |
| ११५. | म्यागनिज | १ | ना. |
| ११६. | डिमानु | २ | ना. |
| ११७. | फ्यान्सी | ४ | वि. |
| ११८. | पोस्टकार्ड | १ | ना. |
| ११९. | क्रेज | १ | ना. |
| १२०. | हिरो | २ | ना. |
| १२१. | हिरोइन | २ | ना. |
| १२२. | फिल्म | ८ | ना. |
| १२३. | ब्रेकफास्ट | १ | ना. |
| १२४. | डिनर | १ | ना. |
| १२५. | पाटी | १ | ना. |

| | | | |
|---|---|---|---|
| १२६. | पाइलट | २ | ना. |
| १२७. | डाक्टर | ५ | ना. |
| १२८. | होस्टल | ४ | ना. |
| १२९. | साइकल | १ | ना. |
| १३०. | डामेस्टिक | १ | वि. |
| १३१. | फोटो | १ | ना. |
| १३२. | पर्फकेक्ट | १ | वि. |
| १३३. | मिस | १ | ना. |
| १३४. | लभलेटर | १ | ना. |
| १३५. | पोस्टम्यान | १ | ना. |
| १३६. | कस्मेटिक | १ | वि. |
| १३७. | कम्युनिष्ट | ४ | ना. |
| १३८. | पप्पी | १ | ना. |
| १३९. | क्रेजी | १ | वि. |
| १४०. | फोसिल | १ | ना. |
| १४१. | म्युजियम | ५ | ना. |
| १४२. | अफकोर्स | ३ | क्रि.वि. |
| १४३. | नम्बर | १ | ना. |
| १४४. | फोन | १ | ना. |
| १४५. | ब्लक | १ | ना. |
| १४६. | रजिस्टर | १ | ना. |
| १४७. | सेलिब्रेट | ४ | क्रि. |
| १४८. | इन्टरबल | १ | ना. |
| १४९. | क्राइम | १ | ना. |
| १५०. | अन्डरवेर | १ | ना. |
| १५१. | प्राइभेट | २ | वि. |
| १५२. | अक्टोबर | २ | ना. |
| १५३. | मिस्टर | ८ | ना. |
| १५४. | राइटिङ | १ | ना. |

| | | | |
|---|---|---|---|
| १५५. | इग्नोर | १ | क्रि. |
| १५६. | डेलिभरी | १ | ना. |
| १५७. | ट्याक्सी | ५ | ना. |
| १५८. | ड्राइभर | ३ | ना. |
| १५९. | ट्रेजेटी | २ | ना. |
| १६०. | होमर्क | १ | ना. |
| १६१. | हेल्प | १ | क्रि. |
| १६२. | फुटेल | १ | ना. |
| १६३. | फोटोग्राफर | २ | ना. |
| १६४. | रिलिज | ३ | क्रि. |
| १६५. | फुलस्टप | १ | ना. |
| १६६. | डोभग्रुप | १ | ना. |
| १६७. | हेलिप्याड | १ | ना. |
| १६८. | कम्पनी | १ | ना. |
| १६९. | भिडियो | २ | ना. |
| १७०. | एक्सन | १ | ना. |
| १७१. | क्याट | १ | ना. |
| १७२. | डिजाइन | २ | ना. |
| १७३. | रिसेप्सनलिस्ट | १ | क्रि.वि. |
| १७४. | थर्मोमिटर | २ | ना. |
| १७५. | प्लिज | १ | क्रि.वि. |
| १७६. | नर्भस | १ | वि. |
| १७७. | ननभेज | १ | वि. |
| १७८. | इमरजेन्सी | १ | ना. |
| १७९. | डिजिटल | १ | वि. |
| १८०. | रिपोर्ट | १ | ना. |
| १८१. | अबनर्मल | १ | वि. |
| १८२. | डाइबिटिज | ३ | ना. |
| १८३. | ब्लडप्रेसर | १ | ना. |

| | | | |
|---|---|---|---|
| १८४. | ट्याबलेट | १ | ना. |
| १८५. | पेसेन्ट | २ | ना. |
| १८६. | हिस्ट्री | १ | ना. |
| १८७. | इन्फेक्सन | ५ | ना. |
| १८८. | डाइलग | २ | ना. |
| १८९. | रिमिक्स | १ | ना. |
| १९०. | मनिटर | १ | ना. |
| १९१. | सर्ट | १ | ना. |
| १९२. | प्याक | १ | ना. |
| १९३. | मर्निङवाक | २ | ना. |
| १९४. | टाइप | २ | ना. |
| १९५. | टेलिस्कोप | १ | ना. |
| १९६. | पेस्ट | १ | ना. |
| १९७. | चिट | १ | ना. |
| १९८. | नक | १ | क्रि. |
| १९९. | पेन्डिङ | १ | ना. |
| २००. | सिङनेचर | १ | ना. |
| २०१. | डेट | १ | ना. |
| २०२. | कन्डिसन्स | १ | ना. |
| २०३. | इमेल | २ | ना. |
| २०४. | ड्रेसिङ | १ | ना. |
| २०५. | क्यालेन्डर | २ | ना. |
| २०६. | बाथरुम | १ | ना. |
| २०७. | कमर्सियल | १ | वि. |
| २०८. | ब्याचलर | १ | ना. |
| २०९. | मेडिष्टेभ | १ | वि. |
| २१०. | मिसिन | १ | ना. |
| २११. | ह्याङओभर | २ | ना. |
| २१२. | मिसन | १ | ना. |

| | | | |
|---|---|---|---|
| २१३. | सिटी | १ | ना. |
| २१४. | प्लट | २ | ना. |
| २१५. | प्लेटफोर्म | १ | ना. |
| २१६. | डिस्ट्रयाक्ट | १ | क्रि. |
| २१७. | स्टार्ट | १ | क्रि. |
| २१८. | ब्रदर | ८ | ना. |
| २१९. | ब्याग | १ | ना. |
| २२०. | पर्स | १ | ना. |
| २२१. | ट्याक्टर | १ | ना. |
| २२२. | जिनस | २ | वि. |
| २२३. | रिक्सा | १ | ना. |
| २२४. | पर्सनालिटी | १ | ना. |
| २२५. | स्पोन्सर | १ | ना. |
| २२६. | इन्ट्रेस्टिङ | १ | क्रि. |
| २२७. | बेटर | १ | ना. |
| २२८. | क्लासिक | १ | वि. |
| २२९. | स्टेज | १ | ना. |
| २३०. | लिट्ररी | १ | वि. |
| २३१. | डिभोस | १ | ना. |
| २३२. | डेटिङ | १ | ना. |
| २३३. | पेन्डिङ | २ | ना. |
| २३४. | इन्फ्याक्ट | २ | क्रि.वि. |
| २३५. | ल्याङ्वेज | २ | ना. |
| २३६. | चेन्ज | १ | क्रि. |
| २३७. | अथर | १ | ना. |
| २३८. | लेडी | १ | ना. |
| २३९. | इन्जिनियर | १ | ना. |
| २४०. | सेक्सी | ४ | वि. |
| २४१. | स्ट्राइकर | १ | ना. |

| | | | |
|---|---|---|---|
| २४२. | पार्टनर | १ | ना. |
| २४३. | क्लेन्डर | १ | ना. |
| २४४. | प्रोफेन्नली | १ | क्रि.वि. |
| २४५. | ट्वाइलेट | २ | ना. |
| २४६. | सिम्फोती | ३ | ना. |
| २४७. | पोस्टमार्टन | १ | ना. |
| २४८. | क्यान्पस | ३ | ना. |
| २४९. | जेब्राक्रसिङ | १ | ना. |
| २५०. | एक्सपिरियन्स | २ | ना. |
| २५१. | डिपार्टमेन्ट | १ | ना. |
| २५२. | इन्सपेक्टर | २ | ना. |
| २५३. | मार्कसिट | १ | ना. |
| २५४. | कस्मेटिकल्ली | ३ | वि. |
| २५५. | सेक्सन | २ | ना. |
| २५६. | ग्यारेन्टी | ३ | ना. |
| २५७. | टाइटल | १ | ना. |
| २५८. | वर्थडे | ४ | ना. |
| २५९. | ननस्टप | २ | क्रि. |
| २६०. | आइडिया | ३ | ना. |
| २६१. | जन्डिस | १ | ना. |
| २६२. | टिप्स | १ | ना. |
| २६३. | बर्डिगाड | २ | ना. |
| २६४. | एडभेन्चर | १ | ना. |
| २६५. | कङग्रयाचुलेसन | १ | ना. |
| २६६. | टयाङ्क्स | १ | ना. |
| २६७. | सिरियस | १ | वि. |
| २६८. | सेलफोन | २ | ना. |
| २६९. | मेनपावर | १ | ना. |
| २७०. | क्लोजअप | ३ | ना. |

| | | | |
|---|---|---|---|
| २७१. | रिङटोन | १ | ना. |
| २७२. | हल | २ | ना. |
| २७३. | कमेडी | २ | ना. |
| २७४. | युनिफर्म | ३ | ना. |
| २७५. | डिस्काउन्ट | ४ | ना. |
| २७६. | क्यामेरा | १ | ना. |
| २७७. | जिन्स | ५ | ना. |
| २७८. | कलेक्सन | २ | ना. |
| २७९. | टाइपराइटर | २ | ना. |
| २८०. | क्लास | १ | ना. |
| २८१. | कमिक्स | १ | ना. |
| २८२. | रिचाजकार्ड | १ | ना. |
| २८३. | ट्रान्सफर | १ | क्रि. |
| २८४. | टेक्नोलोजी | २ | ना. |
| २८५. | फुटलोट्स | २ | ना. |
| २८६. | टर्च | १ | ना. |
| २८७. | ह्याङ | २ | वि. |
| २८८. | फोल्डिङ | १ | वि. |
| २८९. | रेडियो | १ | ना. |
| २९०. | ग्रोथ | १ | क्रि. |
| २९१. | प्यारागलाइडिङ | १ | ना. |
| २९२. | पोयटिक | १ | विष. |
| २९३. | स्टुडियो | १ | ना. |
| २९४. | लुक्स | १ | ना. |
| २९५. | नोट | ३ | ना. |
| २९६. | लोडसेडिङ | ३ | ना. |
| २९७. | वेटर | ५ | ना. |
| २९८. | लार्ज | २ | वि. |
| २९९. | बुकिङ | २ | ना. |

| | | | |
|---|---|---|---|
| ३००. | ब्यालकहोल | १ | ना. |
| ३०१. | लेन्स | १ | ना. |
| ३०२. | गेट | १ | ना. |
| ३०३. | ह्यान्डसम | १ | वि. |
| ३०४. | ब्रान्ड | १ | ना. |
| ३०५. | नेटवर्क | १ | ना. |
| ३०६. | डायल | १ | क्रि. |
| ३०७. | फ्यान्टा | १ | ना. |
| ३०८. | न्यारेसन | १ | ना. |
| ३०९. | मिस | १ | ना. |
| ३१०. | रिपब्लिक | १ | ना. |
| ३११. | पिकअप | १ | ना. |
| ३१२. | कफी | १ | ना. |
| ३१३. | राउन्ड | १ | ना. |
| ३१४. | पेन्डिङ | १ | वि. |
| ३१५. | सरी | १ | वि. |
| ३१६. | गगोल | २ | ना. |
| ३१७. | न्युजपेपर | २ | ना. |
| ३१८. | रोस्ट | ३ | ना. |
| ३१९. | डिस्कोर्स | ३ | ना. |
| ३२०. | स्यालेक्स | २ | ना. |
| ३२१. | टाइम्स | ७ | ना. |
| ३२२. | रूपेसल | २ | वि. |
| ३२३. | हेल्प | २ | क्रि. |
| ३२४. | स्लो | ३ | वि. |
| ३२५. | फाइनल | ४ | वि. |
| ३२६. | मलगर | १ | वि. |
| ३२७. | लाइटर | ३ | ना. |
| ३२८. | अवजेक्ट | २ | ना. |

| | | | |
|---|---|---|---|
| ३२९. | अम्पायर | २ | ना. |
| ३३०. | कार्पोरेट | १ | ना. |
| ३३१. | हेलमेड | १ | ना. |
| ३३२. | हेडक्वार्टर | ३ | ना. |
| ३३३. | एयरलाइन्स | १ | ना. |
| ३३४. | बेस्टफ्रेन्ड | २ | ना. |
| ३३५. | पिक्चर | २ | ना. |
| ३३६. | ब्लाङ्केकट | १ | ना. |
| ३३७. | नाइटड्रेस | २ | ना. |
| ३३८. | मार्कर | १ | ना. |
| ३३९. | वेड | १ | ना. |
| ३४०. | इन्चार्ज | २ | ना. |
| ३४१. | सिस्टर | ४ | ना. |
| ३४२. | पोस्ट | २ | ना. |
| ३४३. | कोच | १ | ना. |
| ३४४. | इक्जाम्पल | २ | ना. |
| ३४५. | बायोग्राफी | १ | ना. |
| ३४६. | फिक्सनल | १ | वि. |
| ३४७. | सेक्सन | २ | ना. |
| ३४८. | अनस्पेक्टेड | १ | वि. |
| ३४९. | ह्यान्डसेक | १ | ना. |
| ३५०. | ब्याइफ्रेन्ड | १ | ना. |
| ३५१. | क्लासरुम | १ | ना. |
| ३५२. | मेडम्यान | १ | ना. |
| ३५३. | एनीवे | २ | क्रि.वि. |
| ३५४. | पोस्टमोर्डन | ३ | वि. |
| ३५५. | डायरी | ८ | ना. |

### ४.२.२ पदावलीका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू

शब्द/पदका तहमा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएजस्तै पदावलीका तहमा पनि अङ्ग्रेजी भाषिक सन्दर्भहरू मिश्रण भएको पाइन्छ । पदावलीका तहमा पत्ता लगाइएका अङ्ग्रेजी भाषिक कोडलाई विभिन्न पदावलीमा प्रकार अन्तर्गत समेत वर्गीकरण गरिएको छ । नाम पदावली, विशेषण पदावली, क्रिया पदावली र क्रिया विशेषण जस्ता पदावलीका तहमा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ । विविध अङ्ग्रेजी भाषिक पदावलीले उपन्यासको भाषामा मिठास ल्याएको पाइन्छ । पदावलीका तहमा जम्म १७६ ओटा पदावलीयुक्त अङ्ग्रेजी भाषिक सन्दर्भहरू मिश्रण भएको पाइन्छ । अक्षरगन्ज उपन्यासमा पदावलीहरूको आवृत्ति २२३ पटक भएको तथ्य पत्ता लगाइएको छ । समग्रमा 'अक्षरगन्ज' उपन्यासमा पदावली तहमा विविध अङ्ग्रेजी भाषिक सन्दर्भहरू प्रयोग भएको पाइन्छ ।

**तालिका २**

**पदावलीका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू**

जम्मा पदावली : १७६ जम्मा आवृत्ति : २२३

| क्र.सं. | पदावली | आवृत्ति | पदावली प्रकार |
|---|---|---|---|
| १. | हाई ब्लडप्रेसर | १ | ना.प. |
| २. | फ्याक्ट मिक्सन | १ | ना.प. |
| ३. | मर्निङ वाक | १ | ना.प. |
| ४. | फक्सन प्लट | १ | ना.प. |
| ५. | फुल स्केप | १ | वि.प. |
| ६. | फुल टाइम्स | २ | वि.प. |
| ७. | पार्ट टाइमर | २ | वि.प. |
| ८. | सो कल्ड | २ | क्रि.वि.प.. |
| ९. | सक्स्डा ब्यागेज | १ | ना.प. |
| १०. | सेल्फ प्रेट्रिड | २ | ना.प. |
| ११. | बुक सेन्टर | २ | ना.प. |
| १२. | हेला ब्रदर | १ | ना.प. |
| १३. | बेटर ब्रो | १ | ना.प. |
| १४. | ओल्ड भ्यान | १ | ना.प. |

| | | | |
|---|---|---|---|
| १५. | सकेन्ड ह्यान्ड | २ | वि.प. |
| १६. | पकेड साइज्ड | १ | ना.प. |
| १७. | हलो जिनिस | १ | ना.प. |
| १८. | म्याड मेन | २ | ना.प. |
| १९. | पर्सनल स्कारलेट | २ | ना.प. |
| २०. | ब्ल्याक आउट | १ | क्रि.वि.प. |
| २१. | ल्याम्प पोस्ट | १ | ना.प. |
| २२. | होर्डिङ बोर्ड | १ | ना.प. |
| २३. | भिजिटिङ प्रोफेसर | ५ | ना.प. |
| २४. | आउट साइड | १ | वि.प. |
| २५. | लभ स्टोरी | १ | ना.प. |
| २६. | रोमान्टिक फिल्म | १ | ना.प. |
| २७. | भ्यू-टावर | १ | ना.प. |
| २८. | मटन ग्रेभी | १ | ना.प. |
| २९. | कन्डम पाकेट | १ | ना.प. |
| ३०. | टाइट टिसर्ट | १ | ना.प. |
| ३१. | सुट आउट | १ | क्रि.प. |
| ३२. | कम्पिलिट बर्क्स | १ | ना.प. |
| ३३. | ब्रेकिङ न्युज | २ | ना.प. |
| ३४. | एनिमन किङडम | १ | ना.प. |
| ३५. | वर्थडे विस | ३ | ना.प. |
| ३६. | फोन रिसिभ | १ | क्रि.प. |
| ३७. | फिफ्थ सिम्फोनी | १ | ना.प. |
| ३८. | रिपलिस्टिक फ्रेन्डिङ | १ | ना.प. |
| ३९. | डर्टी पिक्चर | २ | ना.प. |
| ४०. | क्लीन सेभ्ड | १ | वि.प. |
| ४१. | इस्पोर्ट क्लब | १ | ना.प. |
| ४२. | फ्रेङ्कली स्पीकिङ | १ | वि.प. |
| ४३. | साइकल ट्रेनिङ | १ | ना.प. |
| ४४. | स्लो मोसन | २ | ना.प. |

| | | | |
|---|---|---|---|
| ४५. | लभ लेटर | २ | ना.प. |
| ४६. | डेड बडी | ३ | वि.प. |
| ४७. | फेज आउट | १ | क्रि.वि.प. |
| ४८. | फाइनल फेयरवेल | १ | ना.प. |
| ४९. | ब्ल्याक कफी | २ | ना.प. |
| ५०. | नर्सरी राइम्स | १ | ना.प. |
| ५१. | फिनिसिङ लाइन | १ | ना.प. |
| ५२. | पोलिटिकल डेथ | १ | ना.प. |
| ५३. | रिकरिङ सब्जेक्ट | १ | ना.प. |
| ५४. | लिट्रेचर फिस्टिभल | १ | ना.प. |
| ५५. | फिक्सन डिजाइनर | ३ | ना.प. |
| ५६. | फिक्सन राइटर | १ | ना.प. |
| ५७. | नभर्स ब्रेकडाउन | १ | ना.प. |
| ५८. | ग्राउन्ड फ्लोर | २ | ना.प. |
| ५९. | भेटर्निटी वार्ड | १ | ना.प. |
| ६०. | इमेरजेन्सी वार्ड | १ | ना.प. |
| ६१. | डियर डिजाइन्र | १ | ना.प. |
| ६२. | ब्लु जिन्स | २ | ना.प. |
| ६३. | भ्यानिला आइसक्रिम | १ | ना.प. |
| ६४. | कफी डिस्ट्रक्ट | १ | ना.प. |
| ६५. | डायमन्ड नेक्लेसन | १ | ना.प. |
| ६६. | नेस्नेल प्यानासोनिक | १ | वि.प. |
| ६७. | सकेन्ड ह्यान्ड | १ | ना.प. |
| ६८. | आर्ट ग्यालरी | १ | ना.प. |
| ६९. | सर्ट ह्यान्ड | १ | ना.प. |
| ७०. | नाइट एक्सप्रेस | १ | वि.प. |
| ७१. | नाइट क्याफे | २ | ना.प. |
| ७२. | रियलिस्ट पेन्टर | १ | ना.प. |
| ७३. | मिडिया पार्टनर | १ | ना.प. |
| ७४. | ट्रेन स्टेसन | २ | ना.प. |

| | | | |
|---|---|---|---|
| ७५. | सेक्सअउल प्याटिज्म | १ | ना.प. |
| ७६. | नाइट कोच | १ | ना.प. |
| ७७. | स्पिलिङ ब्युटी | १ | ना.प. |
| ७८. | ब्यालेन्स सिट | १ | ना.प. |
| ७९. | क्रस सिलिन्डर | १ | ना.प. |
| ८०. | रिमोड कन्ट्रोल | १ | ना.प. |
| ८१. | टोटल्ली डिस्टिग्सन | १ | ना.प. |
| ८२. | टाइम मसिन | १ | ना.प. |
| ८३. | इन्जन स्टार्ट | १ | क्रि.प. |
| ८४. | ब्लेक सिडी | १ | वि.प. |
| ८५. | गुड मर्निङ | १ | ना.प. |
| ८६. | ओपनिङ लाइन | १ | ना.प. |
| ८७. | टाइम्स अप | ३ | क्रि.वि.प. |
| ८८. | हेप्पी इन्डिङ | १ | ना.प. |
| ८९. | थ्रेट क्यान्सर | १ | ना.प. |
| ९०. | पार्ट टाइम्स | २ | ना.प. |
| ९१. | कमन इन्ट्रेस्ट | ३ | वि.प. |
| ९२. | हन्ड्रे फर्सेन्ट | ३ | क्रि.वि.प. |
| ९३. | क्याच आउट | ३ | ना.प. |
| ९४. | अफर्कोस नट | १ | क्रि.वि.प. |
| ९५. | ट्वान्टीवान ग्राम | १ | ना.प. |
| ९६. | लिविस्टिक लिट्रेचर | १ | ना.प. |
| ९७. | ओरेन्ज फ्लेभर | १ | ना.प. |
| ९८. | बुक स्टोर | २ | ना.प. |
| ९९. | फ्रिक्वेन्ट फिजिटर | १ | ना.प. |
| १००. | फ्रेस अन्डरवेयर | १ | ना.प. |
| १०१. | इम्युनिटी पावर | १ | ना.प. |
| १०२. | नोस्टालजिया मन्टाज | १ | ना.प. |
| १०३. | होस्टेल इन्चार्ज | ३ | ना.प. |
| १०४. | लस्ट इन | १ | क्रि.प. |

| | | | |
|---|---|---|---|
| १०५. | गेट डुगेदर | १ | ना.प. |
| १०६. | एक्स चेन्जअफर | १ | ना.प. |
| १०७. | बडी हयाङ्ग्वेज | २ | ना.प. |
| १०८. | वर्थडे केक | १ | ना.प. |
| १०९. | जोक्स अ पार्ट | १ | ना.प. |
| ११०. | क्रियटिव एम्पल्स | १ | ना.प. |
| १११. | माइ सन | १ | ना.प. |
| ११२. | फ्रेस टिचर | १ | ना.प. |
| ११३. | फुलिस आइडिया | १ | ना.प. |
| ११४. | प्रोमोसन लिस्ट | १ | ना.प. |
| ११५. | ब्यालक टिकट | २ | ना.प. |
| ११६. | ब्यालक ह्वाइट | १ | वि.प. |
| ११७. | स्पेशल फिचर | १ | ना.प. |
| ११८. | इङडेक्स  फिङगर | १ | ना.प. |
| ११९. | फेसबुक अकाउन्ट | १ | ना.प. |
| १२०. | कम्प्युटर स्क्रिन | १ | ना.प. |
| १२१. | आउट डेडिङ | १ | क्रि.प. |
| १२२. | ओपन स्पिकिङ | १ | ना.प. |
| १२३. | अन द रोड | १ | क्रि.वि.प. |
| १२४. | वर्ल्ड मेन एण्ड द | १ | ना.प. |
| १२५. | सेन्स अफ ह्युमर | १ | ना.प. |
| १२६. | डर्टि पोज | १ | ना.प. |
| १२७. | मिस्टिक रिभर | १ | ना.प. |
| १२८. | गन विथ द विन्ड | १ | ना.प. |
| १२९. | ए फोर एप्पल | १ | ना.प. |
| १३०. | बी फोर बल | १ | ना.प. |
| १३१. | सी फोर ओरेन्ज | १ | ना.प. |
| १३२. | एक्ट्रा मरिटल अफियर्स | १ | ना.प. |
| १३३. | प्राइभेट डेथ ब्याड | १ | ना.प. |
| १३४. | ब्लु एण्ड ब्यालक जिन्स | १ | ना.प. |

| | | | |
|---|---|---|---|
| १३५. | फिलिप्स टेपरेकर्डर | १ | ना.प. |
| १३६. | किङ साइन्ड सिङगेचर | १ | ना.प. |
| १३७. | अन द रक्स | १ | क्रि.वि.प. |
| १३८. | डु हेल विथ इडियट | १ | क्रि.वि.प. |
| १३९. | पोस्ट म्यान इन | १ | ना.प. |
| १४०. | नथिङ स्पेसल | १ | ना.प. |
| १४१. | द लास्ट स्टेसन | २ | ना.प. |
| १४२. | ग्रेप्स अफ व्याम | १ | ना.प. |
| १४३. | द गुड अर्थ | १ | ना.प. |
| १४४. | वार एण्ड पिस | १ | ना.प. |
| १४५. | वर्ड फेमस स्टोरी | १ | क्रि.प. |
| १४६. | वर्डथे सेलिब्रेटिङ | १ | ना.प. |
| १४७. | सिरिज अफ हवाइट माउन्टेन | १ | ना.प. |
| १४८. | वान नाइट स्टेन्ड गर्लफ्रेन्ड | १ | ना.प. |
| १४९. | रानी ह्युमन हार्ट | १ | ना.प. |
| १५०. | ब्रिफ हिस्ट्री अफ टाइम | १ | ना.प. |
| १५१. | अन गिफ्ट ह्याम्पर | १ | ना.प. |
| १५२. | भक्सन वागन ग्यारेज | १ | क्रि.वि.प. |
| १५३. | एक्स क्युज मी | २ | ना.प. |
| १५४. | होड एण्ड सिक | १ | ना.प. |
| १५५. | इन्टरनेस्नल लिट्रेटरी फोरस्टिबल | १ | ना.प. |
| १५६. | विप लभ फ्रोम | १ | ना.प. |
| १५७. | हन्ड्रेड पर्सेन्ट कन्फर्म | २ | ना.प. |
| १५८. | लाइक अ फादर | १ | क्रि.वि.प. |
| १५९. | लाइक अ सन | १ | क्रि.वि.प. |
| १६०. | नथिङ नोर दिन दिस | १ | क्रि.वि.प. |
| १६१. | एनी पोसेब्लिटिज अफ | १ | क्रि.वि.प. |
| १६२. | हन्ड्रेड इम्पर्स अफ सोलीच्यूट | १ | ना.प. |
| १६३. | वार एन्ड पिस | १ | ना.प. |
| १६४. | हड्रिट इम्पर्स | १ | ना.प. |

| | | | |
|---|---|---|---|
| १६५. | हेलो फिक्सन डिजाइनर | १ | ना.प. |
| १६६. | नट अफ डिसेन्ट | १ | ना.प. |
| १६७. | म्युजियम अफ कन्ड्रेम्पेरी | १ | वि.प. |
| १६८. | फुल अप मेडनेस | १ | क्रि.वि.प. |
| १६९. | द सेज एण्ड हाउस वाइफ | १ | ना.प. |
| १७०. | दु हेल विथ गड | १ | क्रि.वि.प. |
| १७१. | ह्यापी वर्थ डे | २ | ना.प. |
| १७२. | स्टुपिड एरोगेन्ट क्रियचर | १ | ना.प. |
| १७३. | स्वीट एण्ड सेक्सी | १ | वि.प. |
| १७४. | कन्फुयुज्ड स्टेट अफ माइन्ड | १ | क्रि.वि.प. |
| १७५. | सोल सर्चिङ पोयट्री | १ | ना.प. |
| १७६. | एक्स्ट्रा मरिटल अफसेयर्स | २ | ना.प. |

### ४.२.३ उपवाक्यका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू

'अक्षरगन्ज' उपन्यासमा उपवाक्यका तहमा अङ्ग्रेजी भाषिका कोडहरू प्रयोग भएको पाइन्छ । उपन्यासका तहमा पत्ता लगाइएका अङ्ग्रेजी भाषिक सन्दर्भहरूलाई विभिन्न उपवाक्यमा बाँडेर अध्ययन गर्न सकिन्छ । नाम उपवाक्य, विशेषण उपवाक्य, क्रिया उपवाक्य र क्रियाविशेषण उपवाक्यका तहमा अङ्ग्रेजी भाषिक कोडहरू प्रयोग भएको पाइन्छ । अक्षरगन्ज उपन्यासमा जम्मा २९ ओटा उपवाक्य प्रयोग भएको पाइन्छ भने यी उपवाक्यहरूको आवृत्ति ३५ पटक देखन्छ । 'अक्षरगन्ज' उपन्यासमा प्रयोग गरिएका उपवाक्यहरूले उपन्यासमा मिठास ल्याएको पाइन्छ । यसका साथसाथै विविध भाषिक सन्दर्भहरू समेत प्रष्ट्याउन उपवाक्यको प्रयोग गरिएको छ ।

## तालिका ३

## उपवाक्यका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू

जम्मा उपवाक्य : २९ जम्मा आवृत्ति : ३५

| क.सं. | उपवाक्य | आवृत्ति | उपवाक्य प्रकृति |
|---|---|---|---|
| १. | गुड नाइट किस टु | १ | ना.उ. |
| २. | रेज द रेड ल्यान्टर्न | १ | ना.उ. |
| ३. | नो मोर विथ अस | १ | क्रि.वि.उ. |
| ४. | पिलिस कम टु अस | १ | क्रि.वि.उ. |
| ५. | गड मस्ट वि क्रेजी | १ | ना.उ. |
| ६. | गुड मर्निङ मिस्टर नगरकोटी | १ | ना.उ. |
| ७. | गर्ल आर आवर डोज | १ | ना.उ. |
| ८. | मिस्टर प्राइमनिस्टर से | २ | क्रि.वि.उ. |
| ९. | कुल डाउन सर | २ | ना.उ. |
| १०. | स्लो एन्ड स्टिड्रेडी विन्स द सेस | १ | ना.उ. |
| ११. | ह्वाट यु से | १ | क्रि.वि.उ. |
| १२. | गो टु हिल | १ | ना.उ. |
| १३. | विलिभ आर नट | १ | ना.उ. |
| १४. | इज इट आउट | १ | ना.उ. |
| १५. | पोइन्ट टु वि लोटेड | १ | वि.उ. |
| १६. | थ्याङकस अ लट | १ | ना.उ. |
| १७. | यू मीन | २ | ना.उ. |
| १८. | माइन्ड इज अ मिथ | १ | ना.उ. |
| १९. | माइन्ड इज अ पोअर इनमी | १ | ना.उ. |
| २०. | जस्ट लाइक अ म्याच | १ | क्रि.वि.उ. |
| २१. | स्टिक लाइक अ सिग्रेट | १ | क्रि.वि.उ. |
| २२. | हन्ड्रोट पर्सेन्ट टु | १ | क्रि.वि.उ. |
| २३. | कोमा इज अ पोलिकल सेक्स | २ | ना.उ. |
| २४. | मिट माइ फ्रेन्ड | १ | ना.उ. |
| २५. | जिसस इज द स अफ द भ्यान | १ | ना.उ. |
| २६. | टु हेल विथ विस सोसाइटी | १ | क्रि.वि.उ. |
| २७. | हेप्पी न्यू इयर | २ | ना.उ. |
| २८. | अ नाइस आइडिया आफटर अल | २ | क्रि.वि.उ. |
| २९. | वान्स अपोन अ डे इन | १ | क्रि.वि.उ. |

### ४.२.४ वाक्यका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू

'अक्षरगन्ज' उपन्यासमा वाक्यका तहमा पनि अङ्ग्रेजी भाषिक सन्दर्भहरू प्रयोग भएका छन् । यस उपन्यासमा विविध प्रसङ्गमा अङ्ग्रेजी भाषिक वाक्यहरू प्रयोग गरिएको छ । उपन्यासमा ३८ ओटा अङ्ग्रेजी भाषिक कोडहरू प्रयोग भएका छन् जसको आवृत्ति ४५ पटक रहेको पाइन्छ । विभिन्न किसिमका अङ्ग्रेजी भाषिक वाक्यहरू प्रयोग भएको पाइन्छ जसलाई संरचनात्मक र कार्यात्मक आधारमा व्याख्या विश्लेषण गरिएको छ । उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक वाक्यहरूको प्रयोगले कृतिलाई बोधगम्य बनाएको पाइन्छ ।

**तालिका ४**

**वाक्यका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू**

जम्मा वाक्य : ३८ जम्मा आवृत्ति : ४५

| क्र.सं. | वाक्य | आवृत्ति | वाक्य संरचना | वाक्यात्मक कार्य |
|---|---|---|---|---|
| १. | यस ढ्याट वाज प पार्सवर्ड । | १ | सरल | सामान्यार्थक |
| २. | मे आइ कम इन ? | ३ | सरल | प्रश्नार्थक |
| ३. | हि वाज माइ बेस्ट फ्राइन्ड आफटर अल । | १ | सरल | सामान्यार्थक |
| ४. | माइ फादर्स नेम इज रत्नबहादुर नगरकोटी । | १ | सरल | सामान्यार्थक |
| ५. | डन्ट फलो मि आइ मे नट लिट यू । | १ | संयुक्त | सामान्यार्थक |
| ६. | अप्रिल इज अ क्यासुलेस्ट भन्य । | १ | सरल | सामान्यार्थक |
| ७. | अफकोर्स दे आर सिग्नेचर यु क्यान सि इट । | १ | संयुक्त | सामान्यार्थक |
| ८. | सरी कुमार आइ एम अ गुड मेन | १ | सरल | सामान्यार्थक |
| ९. | डेथ इज अ टोटल वेस्ट अफ टाइम | ४ | सरल | सामान्यार्थक |
| १०. | हाउ मच ल्यान्ड इज अ म्यान | १ | सरल | प्रश्नार्थक |

| | | | | |
|---|---|---|---|---|
| | निड ? | | | |
| ११. | आइ लभ पोर इग्नेसेन्स सर । | १ | सरल | सामान्यार्थक |
| १२. | इनफ्याक्ट आइ एम अ फन्ड अफ डेथ । | १ | सरल | सामान्यार्थक |
| १३. | यू सि फर एरो सेल्फ ह्वाइ इन्ट यू जोइन यी ? | १ | सरल | प्रश्नार्थक |
| १४. | इट्स माइ ब्लडी फस्ट टाइम । | १ | सरल | सामान्यार्थक |
| १५. | द्याट वाज अ स्पोकन गुड डाइलग । | १ | सरल | सामान्यार्थक |
| १६. | अ प्रोटेस्ट अफ द आर्टिस्ट इज अ यङ स्यान । | १ | सरल | सामान्यार्थक |
| १७. | द्याट्स लाइक अ गुडबोइ । | १ | सरल | सामान्यार्थक |
| १८. | ह्वीच इज फिस्टेसन माइन्टेन ? | १ | सरल | प्रश्नार्थक |
| १९. | दु हेल विथ योर ओरिजिनियल नेम । | १ | सरल | सामान्यार्थक |
| २०. | चियर्स इज द नेम अफ बुचर । | १ | सरल | सामान्यार्थक |
| २१. | फियरओइल दु यू गाइज सि यू सम अदर डेज । | १ | संयुक्त | सामान्यार्थक |
| २२. | डग इज डेड । | १ | सरल | सामान्यार्थक |
| २३. | गड इज डेड । | १ | सरल | सामान्यार्थक |
| २४. | लाइफ इज न नट फिक्सन देन वाइ दिस कोलाबेरी ? | १ | मिश्र | प्रश्नार्थक |
| २५. | हेली माइ ओल्ड फ्रेन्ड मे आइ क इन ? | १ | सरल | प्रश्नार्थक |
| २६. | अवजेक्ट ह्याज नो होप इट इज सो ह्वाट गड ड्याम फन्नी । | १ | मिश्र | सामान्यार्थक |
| २७. | डेथ इज अ सेल्फ अ ग्रेट मिराकल | १ | सरल | सामान्यार्थक |

| | | | | |
|---|---|---|---|---|
| २८. | आइ सि द होल वर्ल्ड एण्ड कम बट दि पिपल आर वान्टस किल यी । | २ | संयुक्त | सामान्यार्थक |
| २९. | ह्वयर आर दू फ्रोम ? | १ | सरल | प्रश्नार्थक |
| ३०. | माइ सो कल्ड बुक्स स्पिक अ भोल्यूम मफ आइ म्याडनेस | १ | सरल | सामान्यार्थक |
| ३१. | माइ इज गोल सालालाला सालाला इन मर्निङ | १ | सरल | सामान्यार्थक |
| ३२. | आके हु केयर्स अवाउयट मार्केट? | १ | सरल | प्रश्नार्थक |
| ३३. | इम्याजिन दे आर इज नो हेल, बो रिलिजन, नो हेवन जस्ट इम्पाजिन । | १ | सरल | सामान्यार्थक |
| ३४. | आइ एम अ ड्रिभर लाइक यू । | १ | सरल | सामान्यार्थक |
| ३५. | हु हेल केर्अस अवाउट कुमार नगरकोटी ? | १ | सरल | प्रश्नार्थक |
| ३६. | दिस इज अ पोलिटिकल इनकरेन्ट नोट्स । | १ | सरल | सामान्यार्थक |
| ३७. | आइ डोन्ट वान वी फुट नोट अफ ... । | १ | सरल | सामान्यार्थक |
| ३८. | गड नोज | १ | सरल | सामान्यार्थक |

### ४.२.५ अनुच्छेदका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू

'अक्षरगन्ज' उपन्यासमा भाषाका विविध तहमा अङ्ग्रेजी भाषिक कोड प्रयोग भएजस्तै अनुच्छेदका तहमा पनि अङ्ग्रेजी भाषिक सन्दर्भ प्रयोग गरेको छ । अनुच्छेदका तहमा जम्मा २ ओटा अङ्ग्रेजी भाषिक सन्दर्भ उल्लेख गरेको पाइन्छ । उपन्यासमा अनुच्छेदका रूपमा प्रयोग गरिएका अङ्ग्रेजी भाषिक सन्दर्भ सरल र बोधगम्य नै रहेको पाइन्छ ।

**तालिका ५**

**अनुच्छेदका तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरू**

जम्मा अनुच्छेद : २ जम्मा आवृत्ति : २

| क.सं. | अनुच्छेद | आवृत्ति |
|---|---|---|
| १. | डेथ इज अ मिस्टिक मिस्टिक अर्गनाइजेसन अ सिङ्गल लाइफ अलोन इज नट क्वाइट, इन्फ टु डिसाइफ र द कोड-एण्ड-कन्डक्ट अफ डेथ । | १ |
| २. | आर यू रेडी ? ओके !<br>अन इयर्स मार्क<br>गेट सेट गो । | १ |

'अक्षरगन्ज' उपन्यास नेपाली भाषामा लेखिएको कृति भए पनि यसमा अङ्ग्रेजी भाषाका कोडहरू प्रयोग गरिएको छ । लेखकले अङ्ग्रेजी भाषिक कोडहरू शब्दका तहदेखि अनुच्छेदसम्म प्रयोग गरिएको छ । 'अक्षरगन्ज' उपन्यासमा प्रयोग गरिएका अङ्ग्रेजी भाषिक कोडहरू विभिन्न भाषिक एकाइ तथा सन्दर्भमा पत्ता लगाइएको छ । 'अक्षरगन्ज' उपन्यासमा अत्याधिक मात्रामा अङ्ग्रेजी भाषिक सन्दर्भहरू प्रयोग भएको पाइन्छ । भाषिक तह शब्द/पद, पदावली, उपवाक्य, वाक्य र अनुच्छेदका तहमा अङ्ग्रेजी भाषिक कोडले उपन्यासलाई निकै आकर्षित र रोचक बनाएको छ । 'अक्षरगन्ज' उपन्यासमा विविध कारणले कोड मिश्रण भएको तथ्य, मतावलीका आधारमा विश्लेषण गरिएको छ । अङ्ग्रेजी भाषा विश्वका अत्याधिक मानिसले अन्तर्राष्ट्रिय भाषाको रूपमा प्रयोग गर्ने हुँदा नेपाली भाषा र साहित्यमा यसको प्रयोग सामान्य रूपमा लिन सकिन्छ ।

# अध्याय पाँच

# व्याख्या र विश्लेषण

## ५.१ अक्षरगन्ज उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन

यस अध्यायमा 'अक्षरगन्ज' उपन्यासमा प्राप्त भएका अङ्ग्रेजी भाषिक कोडहरूलाई तथ्याङ्कमा आधारित भएर विविध शीर्षक तथा उपशीर्षकमा रही व्याख्या विश्लेषण गरिएको छ । 'अक्षरगन्ज' उपन्यास नेपाली भाषामा लेखिएको कृति हो । कोड मिश्रणका दृष्टिले यस कृतिको अध्ययन गर्दा पर्याप्त मात्रामा अङ्ग्रेजी भाषिक सन्दर्भहरू प्रयोग भएको पाइन्छ । 'अक्षरगन्ज' उपन्यासको समग्रतामा कोड मिश्रणलाई नियाल्दा यो कृति निर्माणका लागि प्रयोग भएका भाषिक एकाइहरू शब्द/पद, पदावली, उपवाक्य, वाक्य र अनुच्छेदका तहसम्म कोड मिश्रण भएको पाइन्छ ।

## ५.२ उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोड मिश्रणको व्याख्या र विश्लेषण

'अक्षरगन्ज' उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोड मिश्रणलाई प्रत्यक्ष अवलोकन विधिका आधारमा निम्नलिखित शीर्षकहरूमा आधारित भएर व्याख्या विश्लेषण गरिएको छ :

### ५.२.१ उपन्यासको भाषिक तहमा प्रयुक्त समग्र अङ्ग्रेजी भाषिक कोड मिश्रणको विश्लेषण

'अक्षरगन्ज' उपन्यासमा भाषिक स्तरका के कस्ता भाषिक पक्षमा अङ्ग्रेजी भाषिक कोडहरू प्रयोग गरिएका छन् भन्ने विषयमा समग्र भाषिक प्रस्तुतिको अध्ययन गरिएको छ । उपन्यासकारले उपन्यास रचना गर्दा शब्द/पद, पदावली, उपवाक्य, वाक्य र अनुच्छेद जस्ता भाषिक तहहरूमा के कस्ता र कति अङ्ग्रेजी भाषिक कोडहरू प्रयोग गरेका छन् त्यसको अध्ययन गरिएको छ जसबाट प्राप्त तथ्याङ्कलाई पहिलो तालिकामा मिश्रित कोड संख्या, प्रतिशत र श्रेणीकरण गरी त्यसको व्याख्या विश्लेषण गरिएको छ ।

### तालिका ६

### उपन्यासको भाषिक तहमा प्रयुक्त समग्र अङ्ग्रेजी भाषिक कोड मिश्रण

| क्र.सं. | कोड मिश्रणको भाषिक तह | मिश्रित कोड संख्या | प्रतिशत | श्रेणी |
|---|---|---|---|---|
| १ | शब्द | ३५५ | ५९.१६ | प्र. |
| २ | पदावली | १७६ | २९.३३ | द्वि. |
| ३ | उपवाक्य | २९ | ४.८३ | चौ. |
| ४ | वाक्य | ३८ | ६.३३ | तृ. |
| ५ | अनुच्छेद | २ | ०.३३ | पाँ. |
| | जम्मा | ६०० | १०० | |

'अक्षरगन्ज' उपन्यासमा जम्मा ६०० ओटा अङ्ग्रेजी भाषिक कोड सन्दर्भहरू कोड मिश्रणको रूपमा प्रयोग गरिएको पाइन्छ । सम्पूर्ण भाषिक कोडहरूमध्ये शब्दका तहमा ३५५ ओटा अङ्ग्रेजी शब्दहरू अथवा सम्पूर्ण अङ्ग्रेजी भाषिक कोडहरूमा ५९.१६ प्रतिशत शब्द तहको कोड मिश्रण भएको पाइन्छ । त्यसैगरी सम्पूर्ण भाषिक कोडहरूमा १७६ ओटा अङ्ग्रेजी भाषिक पदावली अर्थात सम्पूर्ण अङ्ग्रेजी भाषिक कोडहरूमा २९.३३ प्रतिशत पदावली तहको कोड मिश्रण भएको पाइन्छ । उपवाक्यका तहमा २९ ओटा अङ्ग्रेजी भाषिक सन्दर्भका कोडहरू प्रयोग भएका छन् जसमा सम्पूर्ण अङ्ग्रेजी भाषिक कोडहरूमा ४.८३ प्रतिशत उपवाक्यको तहमा कोड मिश्रण भएको पाइन्छ । वाक्यका तहमा ३८ ओटा अङ्ग्रेजी भाषिक सन्दर्भहरू कोड मिश्रण र समग्र भाषिक तहको ६.३३ प्रतिशत वाक्यका तहमा कोड मिश्रण भएको पाइन्छ । अनुच्छेदका तहमा २ ओटा भाषिक सन्दर्भमा अङ्ग्रेजी भाषिक कोडहरू मिश्रण भएको र समग्र अङ्ग्रेजी भाषिक कोडहरमा ०.३३ प्रतिशत अनुच्छेदको तहमा कोड मिश्रण भएको पाइन्छ । उल्लिखित तालिकाको तथ्याङ्क अनुसार अक्षरगन्ज उपन्यासमा शब्द तहमा अङ्ग्रेजी भाषिक कोडहरू सबैभन्दा धेरै र अनुच्छेदका तहमा अङ्ग्रेजी भाषिक कोडहरू सबैभन्दा कम रहेको पाइयो । समग्र कोड मिश्रणलाई श्रेणीकरण गर्दा प्रथम श्रेणीमा शब्द तह, द्वितीय श्रेणीमा पदावली तह, तृतीय श्रेणीमा वाक्य तह, चौथो श्रेणीमा उपवाक्य र पाँचौ श्रेणीमा अनुच्छेद तहमा कोड मिश्रण भएको पाइन्छ ।

### ५.२.२ उपन्यासको भाषिक तहमा प्रयुक्त समग्र अङ्ग्रेजी कोड मिश्रणको आवृत्तिगत विश्लेषण

'अक्षरगन्ज' उपन्यासमा प्रयोग भएका अङ्ग्रेजी भाषिक कोडहरू के कति मात्रामा दोहोरिएका छन् भन्ने विषयको अध्ययन यस शीर्षकमा गरिएको छ । शब्द/पद, पदावली, उपवाक्य, वाक्य, अनुच्छेद जस्ता भाषिक तहमा कृतिभित्र कतिपटक भाषिक स्तरमा पुनरावृत्ति भई अङ्ग्रेजी भाषिक तत्त्वहरूको जम्मा आवृत्ति के कस्तो रहेको छ भन्ने कुरालाई जम्मा आवृत्ति र प्रतिशतमा तालिकाबद्ध गरिएको छ । त्यसैगरी उक्त आवृत्ति र प्रतिशतलाई कुन तहको भाषिक आवृत्ति कुन श्रेणीमा पर्दछ भनेर श्रेणीकरण समेत गरिएको छ ।

**तालिका ७**

**उपन्यासको भाषिक तहमा प्रयुक्त समग्र अङ्ग्रेजी कोड मिश्रणको आवृत्तिगत विश्लेषण**

| क्र.सं. | कोड मिश्रणको भाषिक तह | आवृत्ति | प्रतिशत | श्रेणी |
|---|---|---|---|---|
| १ | शब्द | ६५० | ६८.१३ | प्र. |
| २ | पदावली | २२३ | २३.३७ | द्वि. |
| ३ | उपवाक्य | ३५ | ३.६६ | चौ. |
| ४ | वाक्य | ४५ | ४.७१ | तृ. |
| ५ | अनुच्छेद | २ | ०.१० | पाँ. |
| | जम्मा | ९५४ | १०० | |

यस उपन्यासमा अङ्ग्रेजी भाषिक कोडहरूको जम्मा आवृत्ति ९५४ रहेको पाइन्छ । सम्पूर्ण अङ्ग्रेजी भाषिक कोडहरूमध्ये शब्दहरूको जम्मा आवृत्ति ६५० अर्थात् ६८.१३ प्रतिशत भएको पाइन्छ । त्यसैगरी सम्पूर्ण भाषिक कोडहरूमा पदावली तहको जम्मा आवृत्ति २२३ अर्थात् २३.३७ प्रतिशत रहेको पाइन्छ । उपवाक्य तहको जम्मा आवृत्ति ३५ अर्थात् ३.६६ प्रतिशत रहेको पाइन्छ । वाक्य तहको जम्मा आवृत्ति ४५ अर्थात् ४.७१ प्रतिशत रहेको छ । त्यसैगरी अनुच्छेद तहको आवृत्ति २ र समग्र भाषिक ०.१० प्रतिशत अनुच्छेदको तहमा कोड मिश्रण भएको पाइन्छ । उल्लिखित तालिकाको तथ्याङ्क अनुसार शब्द तहको कोड मिश्रणको आवृत्ति सबैभन्दा धेरै रहेकाले यो प्रथम श्रेणीमा, पदावली तहको आवृत्ति द्वितीय श्रेणीमा, वाक्य तहको आवृत्ति तृतीय श्रेणीमा र उपवाक्यको आवृत्ति चौथो श्रेणीमा र अनुच्छेद तहको आवृत्ति पाँचौ श्रेणीमा रहेको पाइन्छ ।

### ५.२.३ उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक शब्दहरूको शब्दवर्गका आधारमा विश्लेषण

यस उपन्यासका शब्द तहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोड मिश्रणलाई शब्दवर्गका आधारमा विश्लेषण गर्न सकिन्छ । शब्दवर्गका आधारमा शब्दलाई नाम, विशेषण, क्रिया र क्रियाविशेषण जस्ता व्याकरणिक आधारमा अध्ययन गरिएको छ । कोड मिश्रणयुक्त शब्दहरूको कृतिको प्रयोग सन्दर्भका आधारमा के कस्ता शब्दगत कार्य गरेका छन् त्यसका अनुरूपतामा विश्लेषण गरिन्छ । यस कृतिमा प्रयुक्त शब्दहरूलाई शब्द वर्गका आधारमा मिश्रित कोड प्रतिशत र श्रेणीकरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ८**

**उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक शब्दहरूको शब्दवर्गका आधारमा विश्लेषण**

| क्र.सं. | शब्दवर्ग | मिश्रित कोड सङ्ख्या | प्रतिशत | श्रेणी |
|---|---|---|---|---|
| १ | नाम | २७५ | ७७.४६ | प्र. |
| २ | विशेषण | ४९ | १३.८० | द्वि. |
| ३ | क्रिया | २३ | ६.४७ | तृ. |
| ४ | क्रियाविशेषण | ८ | २.२५ | चौ. |
| | जम्मा | ३५५ | १०० | |

'अक्षरगन्ज' उपन्यासमा जम्मा ३५५ ओटा शब्दका तहमा कोड मिश्रण भएको पाइन्छ । ती शब्दहरूमध्ये नामवर्गमा २७५ ओटा अर्थात् ७७.४६ प्रतिशत अङ्ग्रेजी भाषिक कोड रहेका छन् । विशेषण वर्गका ४९ ओटा अर्थात् १३.८० प्रतिशत अङ्ग्रेजी भाषिक कोडहरू रहेका छन् । क्रिया वर्गका २३ ओटा अर्थात् ६.४७ प्रतिशत अङ्ग्रेजी भाषिक कोडहरू रहेका छन् । त्यसैगरी क्रियाविशेषण वर्गका ८ ओटा अर्थात् २.२५ प्रतिशत कोडहरू मिश्रण भएको पाइन्छ । उल्लिखित तालिकाबाट के स्पष्ट हुन्छ भन्ने उपन्यासमा नामवर्गका कोडहरू सबैभन्दा बढी प्रयोग भएकाले प्रथम श्रेणीमा नाम वर्गका, द्वितीय श्रेणीमा विश्लेषण वर्गका, तृतीय श्रेणीमा क्रियावर्गका र उपन्यासमा क्रियाविशेषण वर्गका शब्दहरू कम प्रयोग भएकाले चौथो श्रेणीमा यस वर्गका शब्दहरू रहेको पाइन्छ ।

### ५.२.४ उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक शब्दहरूको आवृत्तिगत आधारमा विश्लेषण

यस उपन्यासमा शब्द तहमा प्रयोग भएका अङ्ग्रेजी भाषिक कोडहरू के कति मात्रामा दोहोरिएका छन् भन्ने विषयको अध्ययन यस शीर्षकमा गरिन्छ । नाम, विशेषण, क्रिया र क्रियाविशेषण वर्गका शब्दहरू कृतिभित्र कति पटक भाषिक स्तरमा पुनरावृत्ति भई अङ्ग्रेजी भाषिक शब्दहरूको जम्मा आवृत्ति के कस्तो रहेको छ, सबैभन्दा बढी र सबैभन्दा कम कुन वर्गका शब्दहरू प्रयोग भएका छन् भन्ने कुरालाई जम्मा आवृत्ति, प्रतिशत र श्रेणीकरण गरी विश्लेषण गरिएको छ ।

**तालिका ९**

**उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक शब्दहरूको आवृत्तिगत आधारमा विश्लेषण**

| क्र.सं. | शब्दवर्ग | आवृत्ति | प्रतिशत | श्रेणी |
|---|---|---|---|---|
| १ | नाम | ५३० | ८१.५३ | प्र. |
| २ | विशेषण | ७५ | ११.५३ | द्वि. |
| ३ | क्रिया | ३३ | ५.०७ | तृ. |
| ४ | क्रियाविशेषण | १२ | १.८४ | चौ. |
| | जम्मा | ६५० | १०० | |

'अक्षरगन्ज' उपन्यासमा जम्मा ६५० पटक अङ्ग्रेजी भाषिक शब्दहरूको आवृत्ति भएको पाइन्छ । सम्पूर्ण अङ्ग्रेजी भाषिक शब्दहरूको आवृत्तिमध्ये नाम वर्गका शब्दहरूको आवृत्ति ५३० अर्थात् ८१.५३ प्रतिशत रहेको छ । विशेषण वर्गका अङ्ग्रेजी भाषिक शब्दहरूको आवृत्ति ७५ अर्थात् ११.५३ प्रतिशत रहेको छ । क्रियावर्गका अङ्ग्रेजी भाषिक शब्दहरूको आवृत्ति ३३ अर्थात् ५.०७ प्रतिशत रहेको छ । क्रियाविशेषण वर्गका अङ्ग्रेजी भाषिक शब्दहरूको आवृत्ति १२ अर्थात् १.८४ प्रतिशत रहेको छ । उल्लिखित तालिकाको तथ्याङ्क अनुसार नाम वर्गका शब्दको आवृत्ति सबैभन्दा बढी रहेकाले प्रथम श्रेणीमा राखिएको छ । विशेषण वर्गका शब्दको आवृत्ति द्वितीय श्रेणीमा, क्रिया वर्गका शब्दहरूको आवृत्ति तृतीय श्रेणीमा र क्रियाविशेषण शब्दको आवृत्ति सबैभन्दा कम भएकाले चौथो श्रेणीमा रहेको पाइन्छ ।

'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक शब्द (नाम, विशेषण, क्रिया र क्रिया विशेषण) के कसरी मिश्रण भएका छन् तिनलाई स्पष्ट पार्न निम्नानुसारका उदाहरणहरू उल्लेख गरेर प्रष्ट पार्न सकिन्छ :

नाम शब्दको कोड मिश्रण

- हेलो ब्रदर ! एक पेग भइजाओस् । वेटर ब्रोलाइ भन्छ । (पृ. सं. ९)
- एक प्याकेट खुकुरी र एउटा किङ साइज्ड सिग्नेचर पनि झोलामा हाले । (पृ. सं. ४३)
- शंकरको अप्रत्यासित प्रश्नले तर्से ! भन्नुपऱ्यो पोलिटिकल्ली बेहाल छ यार । (पृ. सं. ४५)
- मिस्टर बुचर खिन्न भयो । एक पेग धुँवा उडाउँदै भन्यो छोरो नै हुन्छ भन्ने के ग्यारेन्टी छ ? (पृ. सं. १३१)
- पुल्चोक इन्जिनियरिङ क्याम्पसमा ओभरसियरको अन्तिम स्टडीमा जुटेको थिए । (पृ. २६२)

विशेषण शब्दको कोड मिश्रण

- तपाई त बडो डेन्जर मानिस रैछ । खल्तीमा तीर र खुकुरी लिएर हिड्नुहुँदो रै छ । (पृ. सं. ९)
- जिब्रानले गाडी स्टार्ट गऱ्यो शङ्कर र मोतिराम पनि आइपुगे । (पृ. सं. १६३)

क्रियाविशेषण शब्दको कोड मिश्रण

- त्यसपछि कुर्सीमा क्रसलेग्ड बसेर उसले भारी तिघ्रा देखाई । (पृ. सं. १५०)
- मिस्ट नगरकोटी इज आउट । (पृ. सं. ३०)
- लोजा लक्सजेन्वर्गको रात्रिबस स्ट्यान्ड वाई पोजिसनमा छ । (पृ.सं. १६३)

### ५.२.५ उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक पदावलीको विश्लेषण

यस उपन्यासमा पदावली तहमा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ । पदावली तहमा रहेर अङ्ग्रेजी भाषिक कोड मिश्रण गर्ने अध्ययन गर्ने क्रममा नाम पदावली, विशेषण पदावली, क्रिया पदावली र क्रियाविशेषण पदावलीका आधारमा विश्लेषण गरिएको छ । यस

उपन्यासमा पदावली तहमा प्राप्त अङ्ग्रेजी भाषिक कोड मिश्रणलाई निश्चित सङ्ख्या, प्रतिशत र श्रेणीलाई स्पष्ट पारेर तालिकाबद्ध गरिएको छ ।

**तालिका १०**

**उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक पदावलीको विश्लेषण**

| क्र.सं. | पदावली | मिश्रित कोड सङ्ख्या | प्रतिशत | श्रेणी |
|---|---|---|---|---|
| १ | नाम पदावली | १४० | ७९.५४ | प्र. |
| २ | विशेषण पदावली | १५ | ८.५२ | द्वि. |
| ३ | क्रिया पदावली | ६ | ३.४० | तृ. |
| ४ | क्रियाविशेषण पदावली | १५ | ८.५२ | चौ. |
| | जम्मा | १७६ | १०० | |

यस उपन्यासमा १७६ ओटा अङ्ग्रेजी भाषिक पदावलीयुक्त कोडहरू मिश्रण भएको पाइन्छ । जसमा नाम पदावली १४० ओटा अर्थात् ७९.५४ प्रतिशत रहेको पाइन्छ । विशेषण पदावली १५ ओटा अर्थात् ८.५२ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी क्रिया पदावली ६ ओटा अर्थात् ३.४० प्रतिशत र क्रियाविशेषण पदावली १५ ओटा अर्थात ८.५२ प्रतिशत प्रयोग भएको पाइन्छ । उल्लिखित तालिका अनुसार नाम पदावली सबैभन्दा बढी रहेकाले प्रथम श्रेणीमा, विशेषण पदावली द्वितीय श्रेणीमा, क्रियाविशेषण पदावली पनि द्वितीय श्रेणीमा नै र क्रिया पदावली तृतीय श्रेणीमा रहेको पाइन्छ ।

### ५.२.६ उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक पदावलीको आवृत्तिगत आधारमा विश्लेषण

यस उपन्यासमा पदावली तहमा प्रयोग भएका अङ्ग्रेजी भाषिक कोडहरू के कति मात्रामा दोहोरिएर आएका छन् भन्ने विषयको अध्ययन विश्लेषण यसमा गरएको छ । नाम पदावली, विशेषण पदावली, क्रिया पदावली र क्रियाविशेषण पदावली कृतिभित्र कति पटक भाषिक स्तरको पुनरावृत्ति भई कोड मिश्रण भएको छ भनी अध्ययन गरिएको छ । पदावली तहको कोड मिश्रणलाई जम्मा आवृत्ति, प्रतिशत र श्रेणीकरण गरी तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ११**

**उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक पदावलीको आवृत्तिगत विश्लेषण**

| क्र.सं. | पदावली | आवृत्ति | प्रतिशत | श्रेणी |
|---|---|---|---|---|
| १ | नाम पदावली | १७३ | ७७.५७ | प्र. |
| २ | विशेषण पदावली | २३ | १०.३१ | द्वि. |
| ३ | क्रिया पदावली | ७ | ३.१३ | चौ. |
| ४ | क्रियाविशेषण पदावली | २० | ८.९६ | तृ. |
| | जम्मा | २२३ | १०० | |

यस उपन्यासमा पदावली तहमा प्रयोग भएका अङ्ग्रेजी भाषिक पदावलीहरूको आवृत्ति जम्मा २२३ रहेको पाइन्छ । जम्मा पदावलीको आवृत्तिमध्ये नाम पदावली १७३ अर्थात् ७७.५७ प्रतिशत रहेको पाइन्छ । विशेषण पदावलीको आवृत्ति २३ अर्थात् १०.३१ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी क्रिया पदावली ७ अर्थात् ३.१३ प्रतिशत आवृत्ति भएको पाइन्छ । त्यसैगरी क्रियाविशेषण पदावली २० अर्थात ८.९६ प्रतिशत आवृत्ति भएको पाइन्छ । तालिका अनुसार पदावलीमध्ये प्रथम श्रेणीमा नाम पदावली, द्वितीय श्रेणीमा विशेषण पदावली, तृतीय श्रेणीमा क्रियाविशेषण पदावली र चौथो श्रेणीमा क्रिया पदवलीको आवृत्ति भएको पाइन्छ ।

### ५.२.७ उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक उपवाक्यको विश्लेषण

यस उपन्यासमा उपवाक्यका तहमा अङ्ग्रेजी भाषिक कोड मिश्रण रहेको पाइन्छ । 'अक्षरगन्ज' उपन्यासमा उपवाक्य तहका अङ्ग्रेजी भाषिक कोडहरूलाई नाम उपवाक्य, विशेषण उपवाक्य र क्रियाविशेषण उपवाक्यका रूपमा विश्लेषण गरिएको छ । उपन्यासमा उपवाक्यका तहमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको रूपमा आएका उपवाक्यहरूको मिश्रित सङ्ख्या, आवृत्ति, प्रतिशत र श्रेणीलाई तालिकाबद्ध गरिएको छ ।

**तालिका १२**

**उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक उपवाक्यको विश्लेषण**

| क्र.सं. | उपवाक्य | मिश्रित कोड सङ्ख्या | प्रतिशत | श्रेणी |
|---|---|---|---|---|
| १ | नाम उपवाक्य | १८ | ६२.०६ | प्र. |
| २ | विशेषण उपवाक्य | १ | ३.४४ | तृ. |
| ३ | क्रियाविशेषण पदावली | १० | ३४.४८ | द्वि. |
| | जम्मा | २९ | १०० | |

यस उपन्यासमा उपवाक्यका तहमा जम्मा २९ ओटा अङ्ग्रेजी भाषिक कोडहरू मिश्रण भएको पाइन्छ । जम्मा उपवाक्यको १८ ओटा अर्थात् ६२.०६ प्रतिशत नाम उपवाक्य प्रयोग भएको पाइन्छ । त्यसैगरी विशेषण उपवाक्यमा १ ओटा अर्थात् ३.४४ प्रतिशत र क्रियाविशेषण उपवाक्य १० ओटा अर्थात् ३४.४८ प्रतिशत प्रयोग भएको पाइन्छ । उल्लिखित तालिका अनुसार सबैभन्दा बढी नाम उपवाक्य भएकाले प्रथम श्रेणीमा, त्यसपछि क्रियाविशेषण पदावली प्रयोग भएकाले दोस्रो श्रेणीमा र सबैभन्दा कम विशेषण पदावली भएकाले तृतीय श्रेणीमा रहेको पाइन्छ ।

### ५.२.८ उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक उपवाक्यको आवृत्तिगत आधारमा विश्लेषण

यस उपन्यासमा उपवाक्यका तहमा प्रयोग भएका अङ्ग्रेजी भाषिक कोडहरू के कति मात्रमा दोहोरिएका छन् भन्ने विषयमा यस शीर्षकमा अध्ययन गरिएको छ । नाम उपवाक्य, विशेषण उपवाक्य र क्रियाविशेषण उपवाक्य वर्गका उपवाक्यहरू कृतिभित्र कति पटक आवृत्ति भएका छन्, सबैभन्दा बढी र सबैभन्दा कम वर्गका उपवाक्य प्रयोग भएका छन् भन्ने कुरालाई आवृत्ति, प्रतिशत र श्रेणीकरण गरिएको छ ।

**तालिका १३**

**उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक उपवाक्यहरूको आवृत्तिगत आधारमा विश्लेषण**

| क्र.सं. | उपवाक्य | मिश्रित कोड सङ्ख्या | प्रतिशत | श्रेणी |
|---|---|---|---|---|
| १ | नाम उपवाक्य | २२ | ६२.८५ | प्र. |
| २ | विशेषण उपवाक्य | १ | २.८५ | तृ. |
| ३ | क्रियाविशेषण पदावली | १२ | ३४.२८ | द्वि. |
| | जम्मा | ३५ | १०० | |

यस उपन्यासमा उपवाक्यका तहमा प्रयोग भएका अङ्ग्रेजी भाषिक उपवाक्यहरूको आवृत्ति ३५ पटक भएको पाइन्छ । जस अन्तर्गत नाम उपवाक्य २२ पटक अर्थात् ६२.८५ प्रतिशत, विशेषण उपवाक्य १ पटक अर्थात् २.८५ प्रतिशत र क्रियाविशेषण उपवाक्य १२ पटक अर्थात् ३४.२८ प्रतिशत आवृत्ति भएको पाइन्छ । सबैभन्दा बढी आवृत्ति नाम उपवाक्य भएकाले प्रथम श्रेणीमा, क्रियाविशेषण उपवाक्य द्वितीय श्रेणीमा र विशेषण उपवाक्य सबैभन्दा कम आवृत्ति भएकाले तृतीय श्रेणीमा रहेको पाइन्छ ।

### ५.२.९ उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक वाक्य (संरचनात्मक र कार्यात्मक आधारमा) को विश्लेषण

उपवाक्यभन्दा माथिल्लो र अनुच्छेदभन्दा तल्लो भाषिक संरचना वाक्य हो । यसलाई वाक्यमा गर्ने संरचनात्मक र कार्यात्मक रूपमा विभाजन गरी देखाउन सकिन्छ । संरचनात्मक आधारमा सरल, संयुक्त र मिश्र वाक्यका रूपमा विश्लेषण गर्न सकिन्छ । त्यसैगरी कार्यात्मक आधारमा वाक्यलाई सामान्यार्थक, प्रश्नार्थक, आज्ञार्थक, इच्छार्थक र सम्भावनात्मक वाक्यका रूपमा विश्लेषण गर्न सकिन्छ । यस उपन्यासमा प्रयुक्त वाक्यहरूलाई कार्यात्मक र संरचनात्मक स्वरूपका आधारमा आवृत्ति, प्रतिशत र श्रेणीलाई स्पष्ट पारी तालिकाबद्ध गरिएको छ ।

### तालिका १४

### संरचनात्मक आधारमा अक्षरगन्ज उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक वाक्यहरूको विश्लेषण

| क्र.सं. | वाक्य | मिश्रित कोड सङ्ख्या | प्रतिशत | श्रेणी |
|---|---|---|---|---|
| १ | सरल | ३२ | ८४.२१ | प. |
| २ | संयुक्त | ४ | १०.५२ | द्वि. |
| ३ | मिश्र | २ | ५.२६ | तृ. |
| | जम्मा | ३८ | १०० | |

'अक्षरगन्ज' उपन्यासमा ३८ ओटा वाक्यात्मक तहमा अङ्ग्रेजी भाषिक कोडहरूको मिश्रण भएको पाइन्छ । ती वाक्यहरूमध्ये संरचनात्मक आधारमा सरल वाक्य ३२ ओटा अर्थात् ८४.२१ प्रतिशत, संयुक्त वाक्य ४ ओटा अर्थात् १०.२५ प्रतिशत र मिश्र वाक्य २ ओटा अर्थात् ५.२६ प्रीतशत रहेको पाइन्छ । उल्लिखित तालिकाको तथ्याङ्क अनुसार सरल वाक्य सबैभन्दा बढी प्रयोग भएकाले प्रथम श्रेणीमा, मिश्र वाक्य, द्वितीय श्रेणीमा र संयुक्त वाक्य सबैभन्दा कम प्रयोग भएकाले तृतीय श्रेणीमा रहेको पाइन्छ ।

### तालिका १५

### कार्यात्मक आधारमा अक्षरगन्ज उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक वाक्यहरूको विश्लेषण

| क्र.सं. | वाक्य | मिश्रित कोड सङ्ख्या | प्रतिशत | श्रेणी |
|---|---|---|---|---|
| १ | सामान्यार्थक वाक्य | २८ | ७३.६८ | प्र. |
| २ | प्रश्नार्थक वाक्य | ९ | २३.६८ | द्वि. |
| ३ | सम्भावनार्थक वाक्य | १ | २.७३ | तृ. |
| | जम्मा | ३८ | १०० | |

यस उपन्यासमा जम्मा ३८ ओटा वाक्यका तहमा अङ्ग्रेजी भाषिक कोडहरूको प्रयोग भएको पाइन्छ । वाक्यले गर्ने व्याकरणिक कार्यका आधारमा यस कृतिमा सामान्यार्थक वाक्य २८ ओटा अर्थात् ७३.६८ प्रतिशत, प्रश्नार्थक वाक्य ९ ओटा अर्थात् २३.६८ प्रतिशत र सम्भावनार्थक वाक्य १ ओटा अर्थात् २.६३ प्रतिशत वाक्यहरू प्रयोग भएको पाइन्छ ।

उल्लिखित तालिकाको तथ्याङ्क अनुसार सामान्यार्थक वाक्य प्रथम श्रेणीमा, प्रश्नार्थक वाक्य द्वितीय श्रेणीमा र सम्भावनार्थक वाक्य तृतीय श्रेणीमा रहेको पाइन्छ ।

### ५.२.१० उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक अनुच्छेदको विश्लेषण

वाक्यहरूको समूहबाट निर्मित सिङ्गो अभिव्यक्ति तथा पूर्ण कथन नै अनुच्छेद हो । अर्थात् वाक्यहरूको समुच्चयबाट निर्मित सार्थक एकाइ अनुच्छेद हो । भाषिक संरचना र सङ्गठनका दृष्टिले गद्य भाषिक अनुच्छेद र पद्य भाषिक अनुच्छेद वा स्थूल भाषिक अनुच्छेद र बद्ध भाषिक अनुच्छेद रहेको पाइन्छ । अक्षरगन्ज उपन्यासमा २ ओटा अङ्ग्रेजी भाषिक अनुच्छेद कोड मिश्रणको रूपमा प्रयोग भएको पाइन्छ ।

'अक्षरगन्ज' उपन्यासमा अनुच्छेद तहमा प्रयुक्त भाषिक कोड मिश्रणलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. डेथ इज अ मिस्टिक अर्गनाइजेसन ।
अ सिंगल लाइफ अलोन इज नट
क्वाइट, इनफ टु डिसाइफर द
कोड-एन्ड-कन्डक्ट अफ डेथ ।

२. आर यू रेडी ? ओके !
अन इयर्स मार्क
गेट सेट गो ।

### ५.२.११ उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोड मिश्रणको आवृत्तिगत विश्लेषण

'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको प्रयोग एक वा अनेक पटक भएको पाइन्छ । अङ्ग्रेजी भाषिक कोडको आवृत्ति कति सङ्ख्यामा भएको छ र तिनीहरूको जम्मा आवृत्ति के कति छ भन्ने कुराको सङ्ख्यात्मक अध्ययन यसमा गरिएको छ । यस कृतिमा कति ओटा भाषिक एकाइको कुन दरमा पुनरावृत्ति भई जम्मा कतिपटक आवृत्ति भएको छ त्यसलाई सङ्ख्यात्मक रूपमा तालिकामा देखाइएको छ ।

**तालिका १६**

**उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरूको आवृत्तिगत विश्लेषण**

| क्र.सं. | आवृत्ति दर | शब्द सङ्ख्या | जम्मा आवृत्ति |
|---|---|---|---|
| १ | १ | ४१५ | ४१५ |
| २ | २ | १०४ | २०८ |
| ३ | ३ | ४० | १२० |
| ४ | ४ | १७ | ६८ |
| ५ | ५ | १२ | ६० |
| ६ | ६ | २ | १२ |
| ७ | ७ | २ | १४ |
| ८ | ८ | ६ | ४८ |
| | जम्मा | ६०० | ९५४ |

'अक्षरगन्ज' उपन्यासमा शब्द/पद, पदावली, उपवाक्य, वाक्य र अनुच्छेदका तहमा ६०० ओटा अङ्ग्रेजी भाषिक कोडहरू प्रयोग भएको र ती कोडहरूको जम्मा आवृत्ति ९५५ रहेको छ । यस कृतिमा १ पटकदेखि ८ पटकसम्म अङ्ग्रेजी भाषिक कोडहरू आवृत्ति भएर आएका छन् । उपन्यासमा ४१५ ओटा भाषिक एकाइका कोडहरू १ पटक मात्र आएका छन् भने १०४ ओटा भाषिक एकाइहरू २ पटक आवृत्तिका रूपमा आएका छन् । त्यसैगरी ४० ओटा भाषिक एकाइहरू ३ पटक, १७ ओटा भाषिक एकाइहरू ४ पटक, १२ ओटा भाषिक एकाइहरू ५ पटक, २ ओटा भाषिक एकाइहरू ६ पटक, २ ओटा भाषिक एकाइहरू ७ पटक र ८ ओटा भाषिक एकाइहरू ६ पटक आवृत्ति भएको पाइन्छ ।

# अध्याय छ

# व्याख्या र विश्लेषण

## ६.१ उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणका कारणबारे विभिन्न पाठकहरूको धारणा व्याख्या विश्लेषण

'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणका कारणबारे अध्ययन गर्न मतावली प्रयोग गरिएको थियो । अक्षरगन्ज उपन्यास पढिसकेका विभिन्न नेपाली साहित्यका अनुरागी पाठकहरूलाई यो मतावली लिइएको छ । विभिन्न पाठकहरूको मत वा धारणालाई आधार मानी प्रस्तुत उपन्यासमा अङ्ग्रेजी कोड मिश्रणका कारणहरू व्याख्या र विश्लेषण गरिएको छ । उक्त मतावली विभिन्न पेसारत पाठकलाई प्रतिक्रिया व्यक्त गर्न लगाई १५ जना प्राज्ञिक व्यक्तिहरूको प्रतिक्रियालाई आधार मानिएको छ । विभिन्न पेसा तथा व्यवसायमा आबद्ध व्यक्तिहरूको धारणा पनि भिन्न भिन्न नै पाइयो । ती विभिन्न धारणाहरूलाई मतावली अनुसार तालिका बनाई सहमत पाठकको सङ्ख्या प्रस्तुत गरिएको छ ।

**तालिका १७**

**अक्षरगन्ज उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणका कारणबारे विभिन्न पाठकहरूको धारणा**

| क्र.सं. | कोड मिश्रणका कारणहरू | सहमत पाठकको सङ्ख्या |
|---|---|---|
| १ | अङ्ग्रेजी भाषाको प्रभाव विश्वव्यापी भएकाले | १३ |
| २ | खास सन्दर्भ वा विषयवस्तुलाई नेपाली भाषा भन्दा अङ्ग्रेजी भाषामा व्यक्त गर्दा अझ प्रभावकारी हुने भएकाले | १५ |
| ३ | सूचना, सञ्चार र प्रविधिका शब्दहरू नेपाली भाषाले मात्र परिपूर्ति गर्न नसक्ने भएकाले | १४ |
| ४ | नेपाली भाषा प्रतिको उदासिनता र अङ्ग्रेजी भाषाप्रतिको मोह भएकाले | १० |
| ५ | निश्चित अङ्ग्रेजी भाषिक सन्दर्भ नेपालीकरण गर्दा कृत्रिमता हुने भएकाले | १५ |

| | | |
|---|---|---|
| ६ | साहित्यमा उत्तरआधुनिकतावादको प्रभावका कारण | १२ |
| ७ | बहुभाषिक समाज र बौद्धिक पाठकप्रति लक्षित भएकाले | ११ |
| ८ | अङ्ग्रेजी भाषाप्रतिको समयको मागलाई सम्बोधन गर्न | १२ |
| ९ | कृतिलाई बोधगम्य र अझ गतिलो बनाउन | १० |
| १० | नेपाली भाषा र साहित्यमा पाश्चात्य संस्कृतिको प्रभाव | १५ |
| ११ | लेखको अङ्ग्रेजी भाषिक पृष्ठभूमि र प्राज्ञिक दक्षता उच्च भएकाले | १३ |

(स्रोतः मतावली)

माथि उल्लिखित तालिकामा 'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणका कारणहरू अन्तर्गत विविध पाठकहरूका सहमतियुक्त धारणालाई समावेश गरिएको छ । विविध पेसा तथा व्यवसायसँग आबद्ध पाठकहरू कोड मिश्रणका कारणबारे प्रस्तुत गरेका धारणालाई आधार मानेर कृतिको व्याख्या र विश्लेषण निम्नानुसार गरिन्छ :

अङ्ग्रेजी भाषाको प्रभाव विश्वव्यापी भएकाले यस उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रण स्वाभाविक रूपमा भएको पाइन्छ । सञ्चारको विश्वव्यापीकरण तथा अन्तर्राष्ट्रिय भाषाका रूपमा अङ्ग्रेजी भाषाको प्रयोग हुने भएकाले नेपाली भाषामा पनि यसको प्रयोग नर्कान सकिँदैन । उपन्यासमा कोड मिश्रणको यस कारणमा १३ जना व्यक्तिले सहमत प्रतिक्रिया जनाएका छन् । अङ्ग्रेजी भाषा प्रतिको विश्वव्यापी चासो, उच्च भाषिक प्रतिष्ठाको भाषा र ज्ञानको स्रोत भाषा बन्दै गएको अवस्थामा यस उपन्यासमा पनि अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ ।

खास सन्दर्भ वा विषयवस्तुलाई नेपाली भाषामा भन्दा अङ्ग्रेजी भाषामा व्यक्त गर्दा अझ प्रभावकारी हुने भएकाले संसारका प्रचलित भाषा र साहित्यमा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ । यही कारण अक्षरगन्ज उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ । कृतिमा कोड मिश्रणको यस कारणमा १५ जना व्यक्तिले नै सहमति जनाएका छन् । उपन्यासमा कुनै सन्दर्भ वा प्रसङ्ग नेपाली भाषामा व्यक्त गर्दा खास अर्थ नलाग्ने हुनाले

अङ्ग्रेजी भाषिक शब्दको प्रयोग गरेको पाइन्छ । विश्वभाषाका रूपमा प्रचलित अङ्ग्रेजी भाषाको प्रयोग प्रचलनमा प्रभावकारी बन्दै गएको अवस्थामा यस उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ ।

सूचना, सञ्चार र प्रविधिका शब्दहरू नेपाली भाषाले मात्र परिपूर्ति गर्न नसक्ने भएकाले पनि नेपाली भाषा र साहित्यमा अङ्ग्रेजी कोड मिश्रण भएको पाइन्छ । यस कारण अन्तर्गत १४ जनाले सहमति जनाएका छन् । विज्ञान प्रविधिका नवीन शब्दहरू नेपाली भाषामा नभएका र त्यसका लागि अङ्ग्रेजी भाषाका कोडहरू नै प्रयोग हुने भएकाले नेपाली भाषा र साहित्यका क्षेत्रमा पनि अङ्ग्रेजी कोड मिश्रण हुनु सामान्य रूपमा लिइन्छ । नेपाली भाषा आफैमा धनी नभएको र त्यसका लागि विविध भाषाका शब्दहरू नेपाली भाषा साहित्यमा प्रयोग गरिन्छन् । सूचना, सञ्चार प्रविधिका क्षेत्रमा विश्वभर अङ्ग्रेजी भाषाका शब्दहरू नै प्रयोग भएकाले नेपाली भाषा साहित्यमा पनि यसको प्रभाव परेको देखिन्छ ।

नेपाली भाषाको उदासिनता तथा अङ्ग्रेजी भाषाप्रतिको मोहका कारण पनि नेपाली भाषामा अङ्ग्रेजी भाषाका कोडहरू मिश्रण भएको पाइन्छ । अङ्ग्रेजी भाषाको प्रयोग विश्वव्यापी रूपमा हुने तथा नेपाली भाषा नेपाल भित्र मात्र सीमित हुने भएकाले पनि अङ्ग्रेजी भाषाप्रतिको मोह बढेको र नेपाली भाषाको उदासिनता रहेको पाइयो । यस कारण अन्तर्गत १५ जनामध्ये १० जनाले सहमत जनाएका छन् । नेपाली भाषाका तुलनामा अङ्ग्रेजी भाषाको प्रयोग धेरै बढी हुने र व्यापकताको तुलनामा पनि निकै अगाडि भएकाले नेपाली भाषामा पनि अङ्ग्रेजी भाषिक कोडहरू मिश्रण भएको पाइन्छ ।

कतिपय अङ्ग्रेजी भाषिक सन्दर्भहरू नेपालीकरण गर्दा बढी कृतिमता हुने भएकाले यस उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ । उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको यस कारणमा १५ जना व्यक्तिहरूले नै सहमतियुक्त धारणा व्यक्त गरेका छन् । अङ्ग्रेजी भाषिक शब्दहरू आम नेपाली जनमानसमा सहजै रूपमा प्रयोग हुन थालिएको छ । नेपाली भाषीहरूको अङ्ग्रेजी भाषाको व्यवहारिक प्रचलनका कारण यस उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ ।

साहित्यमा उत्तरआधुनिकवादका कारण पनि यस उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ । उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको यस कारणमा १२ जना

व्यक्तिले सहमति जनाएका छन् । साहित्यमा परम्परित मूल्य मान्यता भन्दा विकेन्द्रीकृत, बहुलवाद, सापेक्ष, खण्डित र व्यक्तिपरक सिद्धान्तका आधारमा कृति रचना गर्दा भाषिक पक्षमा पनि प्रभाव पर्न जान्छ, जसको परिणाम स्वरूप सिर्जनामा अङ्ग्रेजी तथा अन्य भाषाको पनि कोड मिश्रण भएको पाइन्छ । नेपाली साहित्यमा उत्तरआधुनिकवादको चर्चा परिचर्चा र विकासमा टेवा पुर्‍याउने स्वयम् लेखकको यस उपन्यासमा सहज र स्वाभाविक रूपमा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ ।

अहिलेको बहुभाषिक समाजमा नेपाली कथ्य स्वरूपलाई निरन्तरता दिने क्रममा यस उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ । मानिस एउटा मात्र भाषा प्रयोग गरेर भाषिक व्यवहार सञ्चालन गर्न असम्भव भइसकेको छ । उपन्यासमा कोड मिश्रणको यस कारणमा ११ जनाले सहमति जनाएका छन् । त्यसैगरी बौद्धिक पाठकप्रति लक्षित हुँदा पनि कृतिमा अङ्ग्रेजी भाषिक कोडहरू मिश्रण भएको पाइन्छ । लेखकले आफ्नो कृतिमा यस किसिमका पाठकहरूलाई लक्षित भएको हुनाले पनि यस्तो हुन सक्छ । उच्च बौद्धिक पाठकलाई लक्षित गरी लेखिएका कृतिमा प्रायजसो अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ ।

अङ्ग्रेजी भाषाप्रतिको समयको मागलाई सम्बोधन गर्न लेखकले यस उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ । उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको यस कारणमा १२ जनाले सहमति जनाएका छन् । विश्व भाषाका रूपमा प्रचलित अङ्ग्रेजी भाषा विद्यालय तथा विश्वविद्यालयका विभिन्न तहमा पढाइ हुने गर्दछ । बढ्दो अङ्ग्रेजी शिक्षाको प्रभाव र यसप्रति मान्छेको झुकाव बढ्ने क्रममा रहेकाले यस कृतिमा पनि स्वाभाविक रूपमा अङ्ग्रेजी कोड मिश्रण भएको देखिन्छ ।

कृतिलाई बोधगम्य र अझ गहकिलो बनाउन पनि यस उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ । लेखकले आफूलाई प्रतिष्ठित र उच्च ओहदाको रूपमा चिनाउनका लागि समेत अङ्ग्रेजी भाषाका कोडहरूको प्रयोग भएको पाइन्छ । उपन्यासमा यस कारण बारे १० जनाको सहमति जनाएको पाइन्छ । अङ्ग्रेजी भाषको प्रयोगले आफूलाई देश विदेशमा समेत चिनाउन सकिने भएकाले पनि लेखकले उपन्यासमा अङ्ग्रेजी कोड मिश्रण गरेको देखिन्छ । नेपाली भाषा र साहित्यमा पाश्चात्य संस्कृतिको प्रभावका कारण पनि नेपाली भाषामा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ । संस्कृति र भाषा सँगसँगै

हिड्ने र एकअर्काका परिपूरक समेत भएकाले संस्कृतिसँग भाषा पनि मिसिएको देखिन्छ । पाश्चात्य संस्कृति र भाषाको प्रभाव पूर्वीय देशहरूमा परेकाले नेपाली भाषामा पनि यसको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । पछिल्लो समयमा पश्चिमी संस्कृतिसँग रमाउने व्यक्तिको सङ्ख्या बढ्दो छ । उपन्यासमा कोड मिश्रणको यस कारणमा १५ जना व्यक्तिहरूले सहमति जनाएको छ ।

लेखकको अङ्ग्रेजी भाषिक पृष्ठभूमि र प्राज्ञिक क्षमता उच्च भएका कारणले पनि यस उपन्यासमा पनि अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ । उपन्यासको कोड मिश्रणको यस कारणमा १३ जना व्यक्तिले आफ्नो सहमतियुक्त धारणा व्यक्त गरेका छन् । लेखकको अङ्ग्रेजी भाषाप्रतिको व्यवहारिक प्रयोगले पनि उपन्यासमा अङ्ग्रेजी कोड मिश्रण भएको पाइन्छ । व्यक्तिले आफ्नो भाषिक पृष्ठभूमि र प्राज्ञिक क्षमता अनुसार नै भाषाको प्रयोग प्रचलन गर्ने गर्दछ । उक्त प्रयोग प्रचलनलाई आफ्नो लेख्य भाषामा पनि सहजै रूपमा व्यक्त गर्ने हुनाले यस उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ ।

प्रस्तुत मतावलीको अध्ययन गर्दा अक्षरगन्ज उपन्यासमा विविध कारणहरूले अङ्ग्रेजी भाषिक सन्दर्भहरू प्रयोग भएको देखिन्छ । विभिन्न मतावलीका आधारमा विश्लेषण गर्दा वर्तमान समयमा अङ्ग्रेजी भाषाको माग अनुसार प्रस्तुत उपन्यासमा पनि अङ्ग्रेजी भाषाको कोड मिश्रण भएको पाइन्छ । विश्वमा अङ्ग्रेजी भाषा वर्चस्व रहेको, अन्तर्राष्ट्रिय, सञ्चार, सर्म्पकको भाषाका रूपमा यसको प्रयोग गरिने आदि विविध कारणले पनि नेपाली भाषा र साहित्यमा यसको प्रयोग हुनु स्वाभाविक नै मानिन्छ । नेपाली भाषा र साहित्य अङ्ग्रेजी भाषा साहित्यसँग आबद्ध रहेको हुनाले समेत पनि अङ्ग्रेजी भाषिक सन्दर्भहरू नेपाली भाषामा प्रयोग गरिएको पाइन्छ ।

## ६.२ अक्षरगन्ज उपन्यासमा अङ्ग्रेजी कोड मिश्रणको प्रभावकारिता

'अक्षरगन्ज' उपन्यासमा शब्द/पद, पदावली, उपवाक्य, वाक्य र अनुच्छेद जस्ता भाषिक एकाइमा कोड मिश्रण भएको पाइन्छ । उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणले सकारात्मक र नकारात्मक प्रभाव पारेपनि बढी मात्रामा सकारात्मक प्रभाव परेको हुनाले अङ्ग्रेजी कोड प्रयोग हुनु सकारात्मक प्रभावका रूपमा लिन सकिन्छ । सामान्य पाठकका

लागि अङ्ग्रेजी कोड मिश्रणले कठिन वा दुरुह भए पनि बौद्धिक पाठकका लागि भने बोधगम्य नै मानिन्छ ।

विविध कारणहरूले गर्दा उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको देखिन्छ जसलाई मतावलीमा आधारमा चर्चा गरिएको छ । यसका अतिरिक्त यसले कुनै पनि कृति अध्ययन गर्ने आधार प्रदान गर्ने, शिक्षण सिकाइ क्रियाकलापमा सहयोग गर्ने, औपचारिक तथा अनौपचारिक कार्यकलापहरूमा सहयोग गर्ने, विविध कला संस्कृतिको ज्ञान प्रदान गर्न, विज्ञान प्रविधिका नयाँ नयाँ आविष्कार र चिन्तनसँग परिचित गर्ने कार्यमा कोड मिश्रणले सहयोग गर्दछ । दर्शन, चिन्तन, विश्वमा भएका सकारात्मक र नकारात्मक गतिविधिको जानकारी प्रदान समेत सहयोग गर्दछ । देश विदेशमा घटेका घटना, व्यापार, रोजगारी, शिक्षा आदानप्रदान गर्न समेत भाषामा कोड मिश्रणले सहयोग प्राप्त हुन्छ ।

कोड मिश्रण वक्ताको आफ्नो इच्छा र आवश्यकताअनुसार प्रयोग गरेको पाइन्छ । कुनै अवस्थामा अपरिहार्यमा रूपमा कोड मिश्रण गरेको पाइन्छ भने कुनै अवस्थामा जनाजान समेत कोड मिश्रण गर्ने गरिन्छ । प्रस्तुत उपन्यासमा पनि धेरै अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको छ र जसले बढी जस्तो ठाउँमा आवश्यक नै प्रयोग गरिएकाले निकै प्रभावकारी मान्न सकिन्छ । कुनै शब्द नेपालीकरण गर्दा कृतिमता देखापर्ने भएकाले त्यस्तो ठाउँमा अङ्ग्रेजी भाषाको कोड मिश्रण गर्नु स्वाभाविक र सकारात्मक छ । नेपाली भाषा सम्पन्न भाषा नभएका कारण विज्ञान प्रविधिका शब्दहरू त्यस्तै प्रयोग गर्नाले पनि सकारात्मक प्रभाव परेको देखिन्छ । बौद्धिक पाठकका लागि उपन्यासमा प्रयोग गरिएका अङ्ग्रेजी भाषिक कोडलाई सामान्य रूपमा लिइन्छ । वक्ताको अभिव्यक्ति तथा बोधका लागि कोड मिश्रण हुने भएकाले 'अक्षरगन्ज' उपन्यासमा पनि लेखकले विविध भाषिक एकाइमा कोड मिश्रण गरेको पाइन्छ । समग्रमा कुमार नगरकोटीको अक्षरगन्ज उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको प्रयोग सान्दर्भिक देखिएकाले पाठकका लागि अङ्ग्रेजी कोड मिश्रणको प्रभावकारिता सकारात्मक देखिन्छ ।

'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक सन्दर्भहरूले अभिव्यक्तिमा निखारता ल्याउन सहयोग गरेको पाइन्छ । कुनै विषयवस्तु अङ्ग्रेजी भाषाले मात्रै बुझाउन सक्ने र अङ्ग्रेजी भाषाको प्रयोगले नै अभिव्यक्ति प्रष्ट हुने भएकाले प्रस्तुत उपन्यासमा पनि अङ्ग्रेजी भाषाको प्रयोग स्वाभाविक देखिन्छ । उपन्यासमा प्रयोग गरिएका विविध भाषिक सन्दर्भहरूले

अभिव्यक्तिमा निखारता ल्याएको हुनाले अङ्ग्रेजी कोड मिश्रणलाई प्रभावकारी मानिन्छ । उपन्यासमा विविध अङ्ग्रेजी भाषिक कोडहरूले भावाशायमा प्रस्टता ल्याउने भूमिका खेलेको पाइन्छ । विविध भाषिक तत्त्वहरूले उपन्यासको मूलभाव अर्थ्याउन सहयोग गरेको देखिन्छ । उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणले पाठकलाई बौद्धिक क्षमताको विकासमा योगदान पुऱ्याएको पाइन्छ । यसकारण 'अक्षरगन्ज' उपन्यासमा प्रयोग भएका अङ्ग्रेजी भाषिक कोडहरूले उपन्यासलाई बोधगम्य बनाएको छ । अङ्ग्रेजी भाषिक कोड मिश्रणले लेखक तथा पाठकलाई भाषाको ज्ञान हुनुका साथै यसका विविध संरचनाहरूको समेत ज्ञान प्रदान गर्ने भएकाले अङ्ग्रेजी भाषिक कोड मिश्रण निकै प्रभावकारी रहेको छ । अङ्ग्रेजी भाषाको प्रयोगले विश्वव्यापी ज्ञान आदानप्रदान हुने, विश्वको कला, संस्कृतिसँग परिचित हुने तथा विश्वभूमण्डलीकरणसँग परिचित हुने भएकाले प्रस्तुत उपन्यासमा अङ्ग्रेजी कोड मिश्रणको प्रभाव निकै उच्च रहेको देखिन्छ । समाजमा अङ्ग्रेजी भाषाको प्रयोग, विविध पात्र तथा कथावस्तुको प्रस्तुति, पात्रहरू प्रस्तुत गरेको भाषिक संरचना, सम्पूर्ण समाजको गतिविधि भाषामा पाउन सकिने, लेखकको पात्रहरूप्रतिको दृष्टिकोण, विविध चित्र तथा विम्बहरूको प्रयोग समेत भाषामा हुने भएकाले अङ्ग्रेजी भाषिक कोड मिश्रण सान्दर्भिक र उपयुक्त छ ।

## ६.३ उपयुक्तताका दृष्टिले अक्षरगन्ज उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरूको विश्लेषण

'अक्षरगन्ज' उपन्यासमा शब्द/पद, पदावली, उपवाक्य, वाक्य र अनुच्छेदसम्मका भाषिक एकाइमा अङ्ग्रेजी भाषाका कोडहरू प्रयोग गरेको पाइन्छ । यी विविध भाषिक कोडहरूमध्ये केही नमुनाका रूपमा भाषिक सन्दर्भ उल्लेख गर्दै तिनको प्रयोगगत, सान्दर्भिकता समेत विश्लेषण गरिएको छ ।

शब्दका तहमा विविध प्रतिनिधि शब्दहरू छनोट गरी तिनको प्रयोगगत सान्दर्भिकता उल्लेख गर्न सकिन्छ । ती विविध शब्दहरूको विश्लेषण यसरी गर्न सकिन्छः 'ग्याङ' शब्दको प्रयोग खासगरी समूह भन्दा पनि यसको प्रयोग ग्याङ नै सान्दर्भिक देखिन्छ । 'टेस्ट' शब्दका सट्टा चाख्नु शब्द पनि कम प्रचलनमा छ । 'म्याडम' शब्द लगभग सबै मानिसहरू प्रयोग गर्दछन् जुन शब्द सबैलाई सामान्य लाग्छ । 'लभर', 'प्लस', 'नर्सरी', 'टेबल', 'सेक्स' जस्ता शब्दहरू पनि नेपालीमा भन्दा अङ्ग्रेजीमा नै मिठास लाग्ने भएकाले सान्दर्भिक प्रयोग भएका छन् । 'ह्याङ्गर', 'इन्टरभल', 'हिरो', 'डाक्टर', 'फोटो' जस्ता कतिपय नेपालीकरण गर्दा अस्वाभाविक

लाग्छन् । यसकारण यिनको प्रयोग अङ्ग्रेजीमा नै उपयुक्त देखिन्छ । 'क्रेजी', 'मिस', 'फोन', 'भिडियो', 'इमरजेन्सी', 'इमेल', 'स्पोन्सर', 'सेक्सी', 'सिरियस' जस्ता कतिपय शब्दहरू अङ्ग्रेजीमा नै पच्ने खालका भएकाले यिनको प्रयोग सान्दर्भिक देखिन्छ । त्यसैगरी 'राउन्ड', 'ह्यान्डसेक', 'इक्जाम्पल', 'डायरी', 'बेड', 'सरी', 'लुक्स' जस्ता अङ्ग्रेजी भाषिक शब्दहरू प्रयोग गर्दा सान्दर्भिक र उपयुक्त नै देखिन्छन् । कतिपय शब्दहरू असान्दर्भिक रूपमा प्रयोग गरिए पनि समग्रमा उपयुक्त नै देखिन्छ ।

पदावली, उपवाक्य र वाक्यका तहमा पनि विविध भाषिक सन्दर्भ प्रयोग गरेको पाइन्छ । पदावली तहमा 'हाई ब्लडप्रेसर', 'लभ स्टोरी', 'रोमान्टिक फिल्म', 'नाइट एक्सप्रेस', 'ब्लु जिन्स' जस्ता विविध पदावली यस उपन्यासमा प्रयोग भएका छन् । यी विविध पदावली नेपालीकरण गर्दा कृत्रिमता, देखिने र प्रयोगमा पनि केही असान्दर्भिक देखिने भएकाले अङ्ग्रेजी भाषामा नै उपयुक्त र सान्दर्भिक देखिन्छन् । त्यसैगरी उपवाक्यका तहमा पनि 'कुल डाउन सर', 'हेप्पी न्यू इयर', 'हन्ड्रेट पर्सेन्ट', 'मिटमाइ फ्रेन्ड', 'कोमा इज अ पोलिटिकल सेक्स' जस्ता उपवाक्यहरू प्रयोग भएको पाइन्छ । यी अङ्ग्रेजी भाषिक सन्दर्भको प्रयोग सान्दर्भिक छ । वाक्यका तहमा 'सरी कुमार आइ एम अ गुड मेन', 'हि वाज माइ बेस्ट फ्रेन्ड आफ्टर अल', 'डेथ इज अ टोटल वेस्ट अफ टाइम', 'गड इज डेड', 'द्याट्स लाइक अ गुड मेन' जस्ता भाषिक सन्दर्भहरू प्रयोग गरिएको पाइन्छ । यी विविध वाक्यहरूको प्रयोग उपयुक्त र प्रभावकारी छ । अङ्ग्रेजी शब्दमात्र प्रयोग गरेर बुझ्न सकिने सन्दर्भहरू नेपालीकरण गर्दा असान्दर्भिक देखिन्छ । यसकारण यस्तो परिस्थितिमा अङ्ग्रेजी शब्द प्रयोग नै उपयुक्त देखिन्छ । सामाजिक रूपमा आफूलाई प्रतिष्ठित चिनाउन असान्दर्भिक रूपमा पनि अङ्ग्रेजी शब्दहरू प्रयोग गर्ने गर्छन् जुन अनुपयुक्त देखिन्छ । अङ्ग्रेजी भाषा विश्वव्यापीकरणको प्रभावले गर्दा पनि अङ्ग्रेजी भाषाका सन्दर्भहरू नेपाली भाषामा स्वाभाविक देखिन्छन् । उपन्यास विधा प्रायजसो बौद्धिक पाठकले अध्ययन गर्ने भएकाले पनि अङ्ग्रेजी भाषिक सन्दर्भहरू स्वाभाविक तथा उपयुक्त नै मानिन्छ । कृतिमा नयाँपन ल्याउन, भाषागत विविधता कायम गर्न, विशिष्टत बनाउन पनि अङ्ग्रेजी भाषिक सन्दर्भहरूको प्रयोग उपयुक्त मानिन्छ । प्रस्तुत 'अक्षरगन्ज' उपन्यासमा पनि केही शब्दहरू असान्दर्भिक भए पनि यस प्रकारको समग्रमा कोड मिश्रण उपयुक्त तथा सान्दर्भिक नै देखिन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

प्रस्तुत अध्याय कुमार नगरकोटीको 'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको विषयमा भएको अध्ययनको अन्तिम चरणको कार्य हो । प्रस्तुत शोधकार्य 'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन, विश्लेषण र कोड मिश्रण हुनाका कारण कोड मिश्रणको प्रभावकारितामा केन्द्रित छ । यस अध्यायमा सम्बन्धित साहित्यको अध्ययन, अध्ययन विधि, उपन्यासको प्रत्यक्ष अध्ययन गरी आएको तथ्यलाई समावेश गर्दै सारांश, निष्कर्ष, कोड मिश्रणको शैक्षणिक प्रयोग र कोड मिश्रणका विषयमा समेत आवश्यक सुझाव उल्लेख गरिएको छ ।

## ७.१ सारांश

प्रस्तुत शोधपत्रको पहिलो अध्ययनमा शोध परिचय समावेश गरिएको छ । पहिलो अध्याय अन्तर्गत कोड मिश्रणको सामान्य अवधारणालाई पृष्ठभूमिका रूपमा उल्लेख गरिएको छ । अक्षरगन्ज उपन्यासमा कुन कुन भाषिक तहमा अङ्ग्रेजी भाषाका कोडहरू प्रयोग भएका छन् ? अक्षरगन्ज उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोडहरूलाई भाषिक तहका आधारमा कसरी विश्लेषण गर्न सकिन्छ ? र उक्त उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको कारण र प्रभावकारिता के हुन सक्छ ? जस्ता समस्यालाई लिई अक्षरगन्ज उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषाका कोडहरू पत्ता लगाउनु, अक्षरगन्ज उपन्यासमा प्रयुक्त अङ्ग्रेजी कोडहरू भाषिक तत्त्वका आधारमा विश्लेषण गर्नु र उक्त उपन्यासमा अङ्ग्रेजी कोड मिश्रणको कारण र प्रभावकारिता पत्ता लगाउनु जस्ता उद्देश्यहरू राखिएको छ । त्यसैगरी अध्ययनको सान्दर्भिकता र उपादेयता दर्साउँदै यसको अध्ययन क्षेत्र र सीमा समेत उल्लेख गरिएको छ ।

भाषा सामाजिक वस्तु हो । यो विचार विनिमयका लागि प्रयोग गरिन्छ । भाषाका माध्यमबाट मानिसहरूले सम्पूर्ण क्रियाकलाप सम्पन्न गर्ने गर्दछन् । भाषालाई सामाजिक प्रतीक ठान्ने सामाजिक भाषाविज्ञानको मान्यता अनुसार प्रत्येक भाषा आफैँमा छुट्टाछुट्टै कोड हो । कोडले सूचना आदान प्रदान गर्ने ध्वनि, वर्ण, रूप, शब्द, वाक्य जस्ता भाषिक पक्षलाई सङ्केत गर्दछ । कोड सामाजिक भाषाविज्ञानको अध्ययन क्षेत्रभित्र पर्ने विषय हो ।

नेपाली भाषामा आगन्तुक शब्दको रूपमा प्रचलित कोड अङ्ग्रेजी शब्द हो जसको अर्थ सङ्केत भन्ने बुझिन्छ । विषय शीर्षक परिवर्तन नगरी एउटै सन्दर्भमा दुई वा दुईभन्दा बढी भाषाहरू समायोजन गरेर बोल्नु कोड मिश्रण हो । द्विभाषी र बहुभाषी व्यक्तिहरू विचार विनिमयमा संलग्न हुँदा यस्तो स्थिति देखिन्छ । कोड मिश्रण कोड परिवर्तनको उपजका रूपमा लिइन्छ । कोड परिवर्तन प्रक्रियाबाट एउटा भाषाका शब्द, पदावली, उपवाक्य, वाक्य, अनुच्छेद जस्ता भाषिक स्तरका कोडहरू अर्को भाषिक अभिव्यक्तिहरू मिसिएर आउनु कोड मिश्रण हो । यसमा कुनै एक भाषाको संरचनामा एकभन्दा बढी भाषका भाषिक तत्त्वहरू मिसाएर आउँछन् । भाषा विकास, विज्ञान प्रविधिको विश्वव्यापीकरण, सामाजिक, राजनैतिक र उत्तरआधुनिकतावादी प्रवृत्ति आदि कोड मिश्रणका सन्दर्भहरू मान्न सकिन्छ ।

वक्ताले आवश्यकता र सन्दर्भ अनुसार एकभन्दा बढी भाषाको वैकल्पिक प्रयोग गर्नुलाई नै कोड परिवर्तन भनिन्छ । शैली विभेदित गर्ने, भाषिकान्तरण गर्ने, भाषाद्वैतका सिर्जना गर्ने, शैली परिवर्तन गर्ने जस्ता कार्य पनि कोड परिवर्तनमा हुने गर्दछन् । भाषिक सम्प्रेषणमा विविधता दिन, औपचारिकता देखाउन, निकटता प्रदर्शन गर्न कोड परिवर्तन गरिएको पाइन्छ । समभाषिक कोड परिवर्तन र विषमभाषिक कोड परिवर्तन कोड परिवर्तनको भाषिक स्थितिका रूपमा रहेको पाइन्छ । अनुकरण गर्ने बानी, सामाजिक प्रतिष्ठा बढाउने इच्छा, अन्य भाषा प्रयोगको आवश्यकता आदि कारणहरूले कोड परिवर्तन भएको पाइन्छ । वक्ताको आफ्नो सुविधा अनुसार कोड प्रयोग गर्ने हुनाले यो भाषाको ज्ञानमा मात्र सीमित नभई वक्ताको इच्छा, मनोवैज्ञानिक पक्ष, सान्दर्भिकता र उपयुक्तता आदिमा निर्भर पर्दछ ।

अहिलेको बहुभाषिक समाजमा कोड मिश्रण र कोड परिवर्तन सहज र स्वाभाविक प्रक्रियाका रूपमा लिइन्छ । एउटा भाषासँग मात्र आबद्ध भएर आजको आवश्यकता पुरा गर्न असम्भव छ । द्विभाषिक र बहुभाषिक समाजमा कोड परिवर्तन र कोड मिश्रणको आवश्यकता र उद्देश्यपूर्ण कार्यका रूपमा सञ्चालन हुने गर्दछ । विश्वमा कोड मिश्रण र कोड परिवर्तन मौखिक र लिखित दुवै भाषाका माध्यममा भेटिन्छ । अक्षरगन्ज उपन्यासमा पनि विभिन्न भाषिक तहमा कोड मिश्रण र कोड परिवर्तन भएको पाइन्छ । प्रस्तुत शोधपत्रको अध्याय दुई अन्तर्गत नै पूर्वकार्यको समीक्षा प्रस्तुत गरिएको छ । पूर्वकार्यको समीक्षा अन्तर्गत सम्बन्धित पुस्तकहरूको चर्चा र सम्बन्धित शोधपत्रहरूले समीक्षालाई छुट्टाछुट्टै रूपमा उल्लेख गरिएको छ । सम्बन्धित पुस्तकहरूले सैद्धान्तिक धारणा निर्माण गर्नमा सहयोग पुऱ्याएको छ भने

शोधपत्रको समीक्षाले उद्देश्य निर्माण गर्न, विधि छनोट गर्न र अध्ययन कार्य सम्पन्न गर्नमा निकै सहयोग पुऱ्याएको छ ।

प्रस्तुत अध्ययन वर्णनात्मक विधिमा आधारित भएर सम्पन्न गरिएको छ । पुस्तकालयीय अध्ययन प्रक्रियालाई समेत आत्मसात् गरी अध्ययन पुरा गरिएको छ । असम्भावना नमुना छनोटका आधारमा छानिएको उपन्यासको अध्ययन गर्न प्राथमिक र द्वितीय दुबै स्रोतका सामग्रीहरूको प्रयोग गरेर तथ्याङ्क सङ्कलन गरिएको छ । 'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अवस्था पत्ता लगाउन अवलोकन तालिका र कारणहरू पहिचान गर्न मतावली प्रयोग गरिएको छ । यस अध्याय अन्तर्गत नै अध्ययनको रूपरेखा समेत राखिएको छ । उक्त अवलोकन तालिका र मतावलीका आधारमा तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको छ ।

'अक्षरगन्ज' उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोड मिश्रण पत्ता लगाउनु पहिलो उद्देश्य अनुरूप अध्याय चारमा कोडहरू पत्ता लगाइएको छ । जसअन्तर्गत उपन्यासको परिचय र अङ्ग्रेजी भाषिक कोड मिश्रणको पहिचान र वर्गीकरण गरिएको छ । भाषाका शब्द/पद, पदावली, उपवाक्य, वाक्य र अनुच्छेदजस्ता एकाइहरूमा अङ्ग्रेजी भाषिक सन्दर्भहरू प्रयोग गरिएको तथ्य पत्ता लगाइएको कुरा अध्याय चारमा उल्लेख गरिएको छ । यी विविध भाषिक सन्दर्भहरूलाई छुट्टाछुट्टै तालिकामा प्रस्तुत गरिएको छ ।

'अक्षरगन्ज' उपन्यासको समग्रमतामा कोड मिश्रणलाई नियाल्दा यस उपन्यास निर्माणका भाषिक घटकहरू शब्द/पद, पदावली, उपवाक्य, वाक्य र अनुच्छेदका तहमा अङ्ग्रेजी भाषिक कोड मिश्रण रहेको पाइन्छ । यस उपन्यासमा समग्र भाषिक तहमा ६०० ओटा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ । उपन्यासमा जम्मा ६०० ओटा भाषिक कोडरुमध्ये शब्द तहमा ३५५ ओटा, पदावली तहमा १७६ ओटा, उपवाक्यका तहमा २९ ओटा, वाक्यका तहमा ३८ ओटा र अनुच्छेदका तहमा २ ओटा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ । शब्द तहका अङ्ग्रेजी भाषिक कोडहरू सबैभन्दा धेरै र अनुच्छेद तहका कोडहरू सबैभन्दा कम प्रयोग भएको देखिन्छ । यस उपन्यासमा अङ्ग्रेजी भाषिक कोडहरूको जम्मा आवृत्ति ९५४ रहेको छ । सम्पूर्ण अङ्ग्रेजी भाषिक कोडहरूको आवृत्तिमध्ये शब्द तहमा ६५० पटक, पदावली तहमा २२३ पटक, उपवाक्यका तहमा ३५ पटक, वाक्यका तहमा ४५ पटक र अनुच्छेदका तहमा २ पटक आवृत्ति रहेको पाइन्छ ।

यस उपन्यासमा शब्द तहका अङ्ग्रेजी भाषिक कोडहरूको आवृत्ति सबैभन्दा धेरै र अनुच्छेद तहको अङ्ग्रेजी भाषिक कोडको आवृत्ति सबैभन्दा कम रहेको पाइन्छ । यस उपन्यासमा ३५५ ओटा शब्दका तहमा अङ्ग्रेजी भाषिक कोडहरूमध्ये शब्दवर्गका आधारमा २७५ ओटा नाम वर्गका शब्दहरू, ४९ ओटा विशेषण वर्गको शब्दहरू, २३ ओटा क्रियावर्गका शब्दहरू र ८ ओटा क्रियाविशेषण वर्गका शब्दहरू प्रयोग भएको पाइन्छ । यस उपन्यासमा कोड मिश्रणका रूपमा नाम वर्गका शब्दहरू बढी प्रयोग भएका छन् । यस उपन्यासमा १७६ ओटा अङ्ग्रेजी भाषिक पदावलीमध्ये नाम पदावली १४० ओटा, विशेषण पदावली १५ ओटा, क्रिया पदावली ६ ओटा र क्रियाविशेषण पदावली १५ ओटा प्रयोग भएका छन् । यस उपन्यासमा अङ्ग्रेजी भाषिक नाम पदावलीको सङ्ख्या अधिक रहेको पाइन्छ । यस उपन्यासमा उपवाक्यका तहमा जम्मा २९ ओटा भाषिक कोडहरू प्रयोग भएका छन् । यी मध्ये १८ ओटा नाम उपवाक्य, १ ओटा विशेषण उपवाक्य र १० ओटा क्रियाविशेषण उपवाक्य प्रयोग भएको पाइन्छ । यस उपन्यासमा वाक्यका तहमा जम्मा ३८ ओटा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ । ती मध्ये संरचनाका आधारमा सरल वाक्य ३२ ओटा, संयुक्त वाक्य ४ ओटा र मिश्र वाक्य २ ओटा वाक्यका तहमा कोड मिश्रण भएको पाइन्छ । यहाँ सरल वाक्यको अङ्ग्रेजी भाषिक कोड मिश्रण अत्याधिक रहेको छ । कार्यात्मक आधारमा ३८ ओटा उपवाक्यमध्ये २८ ओटा सामान्यार्थक वाक्य, ९ ओटा प्रश्नार्थक वाक्य र १ ओटा सम्भावनार्थक वाक्य अङ्ग्रेजी भाषिक कोड मिश्रणका रूपमा आएका छन् ।

उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणका बारेमा विभिन्न पेसारत पाठकहरूका प्रतिक्रियाहरू प्राप्त भएको छ । नेपाली भाषा साहित्यमा अङ्ग्रेजी भाषिक कोड मिश्रण स्वाभाविक रूपमा पाउन सकिन्छ । विभिन्न पाठकहरूका प्रतिक्रियाको आधारमा यस उपन्यासमा खास सन्दर्भ वा विषयवस्तुलाई नेपाली भाषामा भन्दा अङ्ग्रेजी भाषामा व्यक्त गर्दा अझ प्रभावकारी हुने भएकाले उपन्यासमा प्रस्तुत गरिएको विषयवस्तुको गहनता र उक्त विषयवस्तु अभिव्यक्त गर्न दक्ष पात्रको प्रयोग गर्नाले, अहिलेको बहुभाषिक समाजमा नेपाली कथ्य स्वरूपलाई निरन्तरता दिन, सञ्चारको विश्वव्यापीकरणले अङ्ग्रेजी भाषा प्रभावशाली भएकाले, लेखकको अङ्ग्रेजी भाषिक पृष्ठभूमि भएकाले र प्राज्ञिक दक्षता उच्च भएकाले, भाषिक सम्प्रेषणमा विविधता ल्याउन अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको देखिन्छ । यसका साथसाथै अङ्ग्रेजी भाषाप्रतिको मागलाई सम्बोधन गर्न, साहित्यमा उत्तर-आधुनिकतावादको प्रभावका कारण, साहित्यमा भिन्न प्रकृतिको भाषिकपन प्रस्तुत गर्न जस्ता

विविध कारणले अक्षरगन्ज उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ । यसका साथै अभिव्यक्तिमा निखारता ल्याउन, भावाशाय प्रस्ट्याउन, बौद्धिकता र भाषिक विविधता ल्याउन, भाषिक पक्षको ज्ञान निर्माण गर्न, विश्वव्यापीकरण र भूमण्डलीकरणसँग परिचित हुन अङ्ग्रेजी कोड मिश्रण प्रभावकारी रहेको देखिन्छ ।

## ७.२ निष्कर्ष

प्रत्यक्ष अध्ययन अवलोकनबाट प्राप्त तथ्यलाई व्याख्या विश्लेषण गरी कोड मिश्रणको भाषिक अवस्था र विविध पेसामा आवद्ध पाठकका प्रतिक्रियाहरूका आधारमा कोड मिश्रणका कारणहरू प्रस्तत् गरिएको छ । यसका साथै कोड मिश्रणको प्रभावकारिता समेत उल्लेख गरिएको छ ।

### ७.२.१ उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अवस्था

(क) यस उपन्यासमा शब्द, पदावली, उपवाक्य, वाक्य र अनुच्छेदजस्ता भाषिक तहमा कोड मिश्रण भएको छ ।

(ख) यस उपन्यासमा समग्र भाषिक तहमा ६०० ओटा अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ ।

(ग) यस उपन्यासमा जम्मा ६०० ओटा अङ्ग्रेजी भाषिक कोड मध्ये शब्दका तहमा ३५५ ओटा अर्थात् ५९.१६ प्रतिशत, पदावलीका तहमा १७६ ओटा अर्थात् २९.३३ प्रतिशत, उपवाक्यका तहमा २९ ओटा अर्थात् ४.८३ प्रतिशत, वाक्यका तहमा ३८ ओटा अर्थात् ६.३३ प्रतिशत र अनुच्छेद तहमा २ ओटा अर्थात् ०.३३ प्रतिशत अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ ।

(घ) शब्दका तहमा अङ्ग्रेजी भाषिक कोडहरू सबैभन्दा धेरै र अनुच्छेदका तहमा अङ्ग्रेजी भाषिक कोडहरू सबैभन्दा कम रहेको पाइन्छ ।

(ङ) यस उपन्यासमा अङ्ग्रेजी भाषिक कोडहरूको जम्मा आवृत्ति ९५४ रहेको पाइन्छ । सम्पूर्ण अङ्ग्रेजी भाषिक कोडहरूमध्ये शब्द तहको जम्मा आवृत्ति ६५० अर्थात् ६८.१३ प्रतिशत, पदावलीका तहमा जम्मा आवृत्ति २२३ अर्थात् २३.३७ प्रतिशत, उपवाक्यका तहमा जम्मा आवृत्ति ३५ अर्थात् ३.६६ प्रतिशत, वाक्यका तहमा जम्मा

आवृत्ति ४५ अर्थात् ४.७१ प्रतिशत र अनुच्छेदका तहमा जम्मा आवृत्ति २ अर्थात् ०.१० प्रतिशत रहेको पाइन्छ ।

(च) यस उपन्यासमा शब्द तहका अङ्ग्रेजी भाषिक कोडहरूको जम्मा आवृत्ति सबैभन्दा धेरै र अनुच्छेदका तहको भाषिक आवृत्ति सबैभन्दा कम रहेको पाइन्छ ।

(छ) यस उपन्यासमा जम्मा ३५५ ओटा शब्द तहका अङ्ग्रेजी भाषिक कोडहरूमध्ये शब्द वर्गका आधारमा २७५ ओटा अर्थात् ७७.४६ प्रतिशत नाम शब्दहरू, ४९ ओटा अर्थात् १३.८० प्रतिशत विशेषण शब्दहरू, २३ ओटा अर्थात् ६.४७ प्रतिशत क्रिया शब्दहरू र ८ ओटा अर्थात् २.२५ प्रतिशत क्रियाविशेषण शब्दहरू प्रयोग भएको पाइन्छ ।

(ज) यस उपन्यासमा कोड मिश्रणका रूपमा नाम वर्गका शब्दहरू सबैभन्दा धेरै र क्रियाविशेषण वर्गका शब्दहरू सबैभन्दा थोरै रहेको पाइन्छ ।

(झ) यस उपन्यासमा १७६ ओटा अङ्ग्रेजी भाषिक पदावलीमध्ये नाम पदावली १४० ओटा अर्थात् ७९.५४ प्रतिशत, विशेषण पदावली १५ ओटा अर्थात् ८.५२ प्रतिशत, क्रिया पदावली ६ ओटा अर्थात् ३.४० प्रतिशत र क्रियाविशेषण पदावली १५ ओटा अर्थात् ८.५२ प्रतिशत प्रयोग भएको पाइन्छ ।

(ञ) यस उपन्यासमा अङ्ग्रेजी भाषिक नाम पदावलीको सङ्ख्या सबैभन्दा धेरै र क्रियापदावली सबैभन्दा थोरै प्रयोग भएको पाइन्छ ।

(ट) यस उपन्यासमा उपवाक्यमा तहमा २९ ओटा अङ्ग्रेजी भाषिक कोडहरू रहेकामा १८ ओटा नाम उपवाक्य १ ओटा विशेषण उपवाक्य र १० ओटा क्रियाविशेषण उपवाक्य प्रयोग भएको पाइन्छ ।

(ठ) यस उपन्यासमा वाक्यका तहमा ३८ ओटा अङ्ग्रेजी भाषिक कोडहरू मिश्रण भएका पाइन्छन् । ती मध्ये संरचनात्मक आधारमा सरल वाक्य ३२ ओटा अर्थात् ८४.२१ प्रतिशत, संयुक्त वाक्य ४ ओटा अर्थात् १०.५३ प्रतिशत र मिश्र वाक्य २ ओटा अर्थात् ५.२६ प्रतिशत प्रयोग भएका छन् । कार्यात्मक आधारमा सामान्यार्थक वाक्य २८ ओटा अर्थात् ७३.६८ प्रतिशत, प्रश्नार्थक वाक्य ९ ओटा अर्थात् २३.६८ प्रतिशत र सम्भावनार्थक वाक्य १ ओटा अर्थात् २०.७३ प्रतिशत प्रयोग भएको पाइन्छ ।

(ङ) यस उपन्यासमा सरल र सामान्यार्थक वाक्यहरू सबैभन्दा धेरै सङ्ख्यामा अङ्ग्रेजी भाषिक कोड मिश्रणका रूपमा रहेका छन् भने मिश्र र सम्भावनार्थक वाक्य सबैभन्दा कम प्रयोग भएको पाइन्छ ।

(ढ) यस उपन्यासमा २ ओटा अङ्ग्रेजी भाषिक अनुच्छेद कोड मिश्रणको रूपमा रहेका छन् ।

(ण) यस उपन्यासमा अङ्ग्रेजी भाषिक कोडहरूको जम्मा आवृत्ति ९५४ रहेको पाइन्छ । यस उपन्यासमा १ पटक देखि ८ पटकसम्म अङ्ग्रेजी भाषिक कोडहरू आवृत्ति भएका छन् । यस उपन्यासमा ४१५ ओटा अङ्ग्रेजी भाषिक कोडहरू १ पटक आवृत्ति भएका छन् भने समग्र अङ्ग्रेजी भाषिक कोड मिश्रणमध्ये सबैभन्दा बढी ८ पटक आवृत्ति भएको पाइन्छ ।

(त) विविध कारणले उपन्यास अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ ।

(थ) अङ्ग्रेजी भाषिक कोड मिश्रणले उपन्यासको अभिव्यक्तिमा निखारता ल्याएको छ ।

(द) भावाशायको प्रस्टता र बौद्धिकताको विकास गर्नमा सहयोग पुऱ्याएको पाइन्छ ।

(ध) अङ्ग्रेजी भाषिक कोड मिश्रणले भाषाको ज्ञान हुनुका साथै विश्ववातावरणसँग परिचित गराउने भएकाले यसको निकै सकारात्मक प्रभाव देखिन्छ ।

'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणका मुख्य कारणहरू निम्नानुसार रहेका छन् :

(क) खास सन्दर्भ वा विषयवस्तुलाई नेपाली भाषामा भन्दा अङ्ग्रेजी भाषमा व्यक्त गर्दा अझ प्रभावकारी हुने भएको कारण,

(ख) उपन्यासमा प्रस्तुत गरिएको विषयवस्तुको गहनता र उक्त विषयवस्तुलाई अभिव्यक्त गर्न सक्ने दक्ष पात्रको प्रयोग गर्नाले,

(ग) अहिलेको बहुभाषिक समाजमा नेपाली कथ्य स्वरूपलाई निरन्तरता दिन,

(घ) सञ्चारको विश्वव्यापीकरणले अङ्ग्रेजी भाषा प्रभावशाली भाषा भएकाले,

(ङ) अङ्ग्रेजी भाषिक सन्दर्भ नेपालीकरण गर्दा कृत्रिमता हुने भएकाले,

(च) नेपाली भाषमा प्राविधिक र अन्य शब्दको अभावका कारण,

(छ) लेखकको अङ्ग्रेजी भाषिक पृष्ठभूमि र प्राज्ञिक क्षमता उच्च भएकाले,

(ज) भाषिक सम्प्रेषणमा विविधता दिन,

(झ) अङ्ग्रेजी भाषाप्रतिको समयको भागलाई सम्बोधन गर्न,

(ञ) साहित्यमा उत्तरआधुनिकतावादका प्रभावका कारण,

(ट) साहित्यमा भिन्न प्रकतिको भाषिक प्रस्तुत गर्न,

(ढ) विदेशी संस्कृतिको अनुकरण गर्ने भएकाले,

(ड) बहुभाषिक समाजमा र बौद्धिक पाठकप्रति लक्षित भएकाले ।

'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको प्रभावकारिता निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) अङ्ग्रेजी भाषिक कोड मिश्रण बहुभाषिक समाजका पाठकका लागि उपयोगी देखिन्छ ।

(ख) यसले भावाअभिव्यक्तिमा सहयोग गर्नुका साथै अभिव्यक्तिमा निखारता ल्याएको पाइन्छ ।

(ग) बौद्धिकता तथा भाषिकतामा विविध ल्याउने काम गरेको पाइन्छ ।

(घ) कोड मिश्रणले नयाँ भाषाको ज्ञान निर्माणमा सहयोग पुऱ्याएको देखिन्छ ।

(ङ) विश्वव्यापीकरण र भूमण्डलीकरणसँग समेत परिचित गराएको देखिन्छ ।

(च) विज्ञान र प्रविधिसँग परिचित गराएकोले समेत यसको प्रभावकारिता सकारात्मक देखिन्छ ।

## ७.३ शैक्षणिक उपयोगिता

प्रस्तुत अध्ययन सामाजिक भाषावैज्ञानिक अध्ययन मानिन्छ । यस अध्ययनबाट प्राप्त निष्कर्षलाई प्रत्यक्ष रूपमा कक्षाकोठामा शिक्षण गर्न नसकिए तापनि केही शैक्षणिक उपयोगिताहरू प्रयोग गर्न सकिन्छ ।

### ७.३.१ नीतिगत तहमा शैक्षणिक उपयोगिता

प्रस्तुत अध्ययनले शैक्षणिक योजनाकार, पाठ्यक्रमविद्, सामाजिक भाषाविज्ञान तथा पाठ्यक्रम निर्माण गर्न सहयोगी देखिन्छ । त्यसैगरी भाषानीति तथा योजनाका तहबाट

नेपाली भाषामा प्रचलित अङ्ग्रेजी भाषिक कोड मिश्रणलाई स्वाभाविक प्रक्रियाका रूपमा स्पष्ट नीति बनाउन सहयोगी हुने देखिन्छ ।

### ७.३.२ प्रयोगगत तहमा शैक्षणिक उपयोगिता

'अक्षरगन्ज' उपन्यासमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन शीर्षकको शोधले निम्नानुसारको उपयोगिता रहने अपेक्षा गरिन्छ :

(क) नेपाली साहित्यिक कृतिमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको बढ्दो प्रयोगले समाजमा परेको सकारात्मक र नकारात्मक प्रभाव थाहा पाउन उपयोगी देखिन्छ ।

(ख) कोड मिश्रण सम्बन्धी विषयवस्तुको शिक्षणमा संलग्न व्यक्तिले कोड मिश्रणको सैद्धान्तिक तथा व्यवहारिक पक्ष प्रस्तुत गर्न सहयोग पुग्ने देखिन्छ ।

(ग) नेपाली भाषा साहित्यमा के कसरी अङ्ग्रेजी भाषिक कोड मिश्रण भएको पाइन्छ सो बारे जिज्ञासु, शिक्षक, विद्यार्थी र अन्य व्यक्तिलाई सहयोग पुग्ने देखिन्छ ।

(घ) सामाजिक भाषाविज्ञानमा अभिरुचि राख्ने शिक्षक तथा विद्यार्थीलाई सन्दर्भ सामग्रीका रूपमा सहयोग गर्ने देखिन्छ ।

(ङ) भाषिक शैली संरचनाको अध्ययनमा शिक्षक विद्यार्थीलाई सहयोगी हुने देखिन्छ ।

(च) कोशविज्ञान, शैलीविज्ञान, अनुवादविज्ञान जस्ता विषयवस्तुका आधारबाट प्रायोगिक भाषाविज्ञानमा चासो राख्ने भाषावैज्ञानिक अनुसन्धानकर्तालाई विशेष उपयोगी हुने देखिन्छ ।

(छ) अङ्ग्रेजी भाषिक कोड मिश्रणलाई सहज रूपमा स्वीकार गरेर शिक्षण गर्न सहयोग पुग्ने देखिन्छ ।

(ज) नेपाली कथ्य तथा लेख्य भाषामा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन प्रस्तुत अध्ययन सहयोगी हुन्छ ।

(झ) भाषा शिक्षण गर्दा अर्को भाषाको प्रयोग पनि आवश्यक हुने कुराको बोध हुनुका साथै बहुभाषिक समाजलाई स्वाभाविक रूपमा स्वीकार गरी शिक्षण गर्न सहयोगी देखिन्छ ।

(ट) भाषाका विविध विशेषता तथा संरचनाको थाहा हासिल गर्न समेत प्रस्तुत अध्ययन सहयोगी देखिन्छ ।

(ठ) प्रस्तुत अध्ययनले नेपाली भाषामा अङ्ग्रेजी भाषिाक कोड मिश्रण अध्ययन गर्ने सामाज भाषावैज्ञानिक आधार प्रदान गर्दछ ।

(ड) ज्ञान विज्ञानका कुरालाई एक अर्का भाषिक समुदायमा हस्तान्तरण गर्न कोड मिश्रणको अध्ययनले सहयोग गर्दछ ।

(ढ) प्रस्तुत अध्ययनले कोड मिश्रणको विस्तृत सैद्धान्तिक ज्ञानलाई व्यापक सहयोग गर्ने देखिन्छ ।

(ण) प्रस्तुत अध्ययनले कोड मिश्रणका कारणहरू खोज्न सहयोग गर्ने देखिन्छ ।

(त) प्रस्तुत अध्ययनबाट शोध अध्ययन गर्ने शैली तथा तरिकाको एवम् प्रक्रियाको विकास हुने देखिन्छ ।

(द) भावी अध्ययन तथा अनुसन्धानका लागि समेत प्रस्तुत अध्ययनले मार्गनिर्देशन गर्दै शोधार्थीलाई विविध किसिमको सहयोग हुने देखिन्छ ।

### ७.३.३ सुझावहरू

'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययनलाई वास्तविक तथ्याङ्कमा आधारित भएर अध्ययन पुरा गरिएको छ । प्रस्तुत अध्ययनले कोड मिश्रणको सैद्धान्तिक पक्षका साथसाथै व्यवहारिक ढङ्गले भावी अनुसन्धानका लागि विधि र साधन निर्माण गर्न सहयोग गर्दछ । प्रस्तुत अध्ययन प्राज्ञिक प्रयोजनका लागि तयार गरिएको हुँदा यसका आफ्नै विशिष्टता र सीमा पनि रहेका छन् । यस अध्ययनबाट प्राप्त निष्कर्षको आधारमा निम्नलिखित सुझाव प्रस्तुत गरिएका छन् :

(क) जटिल प्रकृतिका अङ्ग्रेजी भाषिक कोडहरू प्रयोग भएको ठाउँमा लेखकले सामानार्थी शब्द राख्नु पर्ने,

(ख) कृतिमा अङ्ग्रेजी कोड मिश्रण गर्दा आम पाठकले बुझ्ने शब्द प्रयोग गर्नुपर्ने,

(ग) कोड मिश्रण सम्बन्धी परम्परागत धारणा हटाई वैज्ञानिक रूपमा आधुनिक धारणा विकास गर्नुपर्ने,

(घ) विभिन्न तालिम, अन्तर्क्रिया, कार्यशाला र सेमिनारहरूमा भाषाविद्, पाठ्यक्रमविद् र शिक्षकहरूले कोड मिश्रणको प्रभावकारितामा छलफल गरी व्यवहारिक प्रयोजन बनाउनु पर्ने,

(ङ) मौखिक भाषाभन्दा लिखित आधिकारिक मानिने हुनाले साहित्यकार तथा लेखकले आफ्नो भाषाको गुणस्तरमा प्रभाव नपर्ने गरी अङ्ग्रेजी भाषिक कोड मिश्रण गर्नुपर्ने,

(च) कोड मिश्रण सम्बन्धी भएका अध्ययन अनुसन्धानका आधारमा कोड मिश्रणको खाका वा आधार तयार गरी अन्य अध्ययन अनुसन्धान गर्न सकिने,

(छ) कोड मिश्रण र यस सम्बन्धी भएका हालसम्मका प्राप्तिलाई सकारात्मक ढङ्गले आत्मसात् गर्दै नकारात्मक खालका समस्याहरू अनुकरण गर्न नहुने आदि ।

**७.३.४ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू**

(क) नेपाली चलचित्रमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन,

(ख) किशोरावस्थाका बालबालिकाले प्रयोग गर्ने भाषामा अङ्ग्रेजी कोड मिश्रणको अध्ययन,

(ग) विभिन्न साहित्यिक कृतिमा प्रयुक्त अङ्ग्रेजी कोड मिश्रणको अध्ययन,

(घ) शिक्षित र अशिक्षित व्यक्तिहरूको भाषामा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन,

(ङ) लेख्य र कथ्य भाषामा अङ्ग्रेजी कोड मिश्रण अन्तरको अध्ययन,

(च) नेपाली शिक्षणमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन,

(छ) रोजगारका लागि विदेशीएका नेपाली वक्ताहरूले भाषा प्रयोग गर्दा अङ्ग्रेजी कोड मिश्रणको अध्ययन,

(ज) नोपली भाषी वक्ता र अन्य भाषी वक्ताका बिचमा अङ्ग्रेजी कोड मिश्रण अन्तरको अध्ययन,

(झ) ई भाषामा अङ्ग्रेजी कोड मिश्रणको अध्ययन,

(ञ) नेपाली हास्यव्यङ्ग्य निबन्धमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन ।

# सन्दर्भ सामग्री सूची

अधिकारी, उमेश (२०७०), 'सुकरातको डायरी उपन्यासमा कोड मिश्रणको अध्ययन', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

अधिकारी, हेमाङ्गराज (२०६५), 'सामाजिक र प्रायोगिक भाषाविज्ञान', काठमाडौं : रत्न पुस्तक भण्डार ।

आचार्य, कृष्णप्रसाद (२०६६), 'सामान्य भाषाविज्ञान', काठमाडौं : क्षितिज प्रकाशन ।

कार्की, दीपक (२०७२), 'छापामारको छोरो कथा सङ्ग्रहमा प्रयुक्त अङ्ग्रेजी कोड मिश्रणको अध्ययन', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, देवीप्रसाद र चौलागाई, प्रेमप्रसाद (२०६७), 'भाषाविज्ञान', काठमाडौं : पाठ्यसामग्री पसल ।

घिमिरे, वासुदेव (२०६५), 'सामाजिक भाषाविज्ञान', काठमाडौं : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र ।

ठकुरी, खडगचन्द्र जङ्सेन (सन् २०१२), 'इङ्लिस कोड मिक्सिङ इन द नेपाली समाचारपत्र डेल्ली', **स्नातकोत्तर शोधपत्र**, अङ्ग्रेजी भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ढकाल, भवानी प्रसाद (२०६९), 'अन्तर्मनको यात्रा संस्मरणात्मक कृतिमा कोड मिश्रणको अध्ययन', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

देवकोटा, कविता (सन् २००९), 'कोड मिक्सिङ इन नेपाली ड्रामाज', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

न्यौपाने, टंकप्रसाद र अन्य (२०६७), 'सामान्य भाषाविज्ञान', काठमाडौं : सनलाइट पब्लिकेशन ।

पौड्याल, गोपाल (२०७०), 'सजिलो उपन्यासमा प्रयुक्त कोड मिश्रणको अध्ययन', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौड्याल, यमुना (सन् २००७), 'इङ्लिस कोड मिक्सिङ इन प्रिन्ट मिडिया : अ केस अफ अन्नपूर्ण पोष्ट', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बन्धु, चुडामणि (२०६५), 'अनुसन्धान तथा प्रतिवेदन लेखन', काठमाडौ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

बराल, परमेश्वर (सन् २०२५), 'कोड मिक्सिङ इन नेपाली सिनेमा : अ डिस्क्रिटिप्भ स्टडी', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बस्नेत, बद्रिका (२०७०), 'कान्तिपुर पत्रिकाको विज्ञापन खण्डमा प्रयुक्त शब्दभण्डार तथा कोड मिश्रणको अध्ययन', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६८), 'भाषिक अनुसन्धान विधि', काठमाडौं : शुभकामना प्रकाशन ।

भण्डारी, पासरमणि र अन्य (२०७१), 'भाषिक अनुसन्धान विधि', काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि. ।

भण्डारी, पारसमणि र पौड्याल, सालिकराम (२०७०), 'सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान', काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

राई, राजु (२०७१), 'फोसिल कथासङ्ग्रहमा प्रयुक्त अङ्ग्रेजी भाषिक कोड मिश्रणको अध्ययन', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

रेग्मी, उमेशराज (सन् २००६), 'द मिक्सिङ अफ इङ्लिस कोड इन नेपाली पब्लिक स्पिकिङ', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सुवेदी, धनपति (सन् २००१), 'कोड मिक्सिङ इन गोरखापत्र डेल्ली', **स्नातकोत्तर शोधपत्र**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

## मतावली

आदरणीय पाठकज्यू,

यो मतावली स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको अनुसन्धानात्मक उद्देश्य पुरा गर्ने प्रयोजनका लागि 'अक्षरागन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणको विषयमा पाठक अभिमत लिन प्रस्तुत गरिएको छ । नेपाली भाषा र साहित्यमा अङ्ग्रेजी भाषिक कोड मिश्रणका विषयमा नेपाली भाषा शिक्षा विभागका आदरणीय गुरु सह. प्राध्यापक रविकिरण अधिकारीको प्राज्ञिक निर्देशनमा रही यो अनुसन्धान अगाडि बढेको छ । यस अध्ययन कार्यमा यहाँको रचनात्मक सहयोगको अपेक्षा गरेको छु ।

शोधार्थी

गोपिन्द सिंह नायक

पाठक

नाम :

ठेगाना :

संलग्नता :

प्रस्तुत मतावली 'अक्षरगन्ज' उपन्यासमा अङ्ग्रेजी भाषिक कोड मिश्रणका कारणहरूमा आधारित रहेको छ । ती कारणहरूमध्ये तपाई सहमत हुनु भएका कारणहरूमा रेजा ( ) चिह्न लगाउनुहोस् ।

| क्र.सं. | अङ्ग्रेजी भाषिक कोड मिश्रणका कारणहरू | प्रतिक्रिया |
|---|---|---|
| १ | अङ्ग्रेजी भाषाको प्रभाव विश्वव्यापी भएकाले | |
| २ | खास सन्दर्भ वा विषयवस्तु नेपाली भाषाभन्दा अङ्ग्रेजीमा व्यक्त गर्दा अझ प्रभावकारी हुने भएकाले | |
| ३ | सूचना, सञ्चार र प्रविधिका शब्दहरू नेपाली भाषाले मात्र परिपूर्ति गर्न नसक्ने भएकाले | |
| ४ | नेपाली भाषाप्रतिको उदासिनता र अङ्ग्रेजी | |

| | | |
|---|---|---|
| | भाषाप्रतिको मोह भएकाले | |
| ५ | निश्चित अङ्ग्रेजी भाषिक सन्दर्भ नेपालीकरण गर्दा कृत्रिमता हुने भएकाले | |
| ६ | साहित्यमा उत्तरआधुनिकतावादको प्रभावका कारण | |
| ७ | बहुभाषिक समाजमा र बौद्धिक पाठकप्रति लक्षित भएकाले | |
| ८ | अङ्ग्रेजी भाषाप्रतिको समयको मागलाई सम्बोधन गर्न | |
| ९ | कृतिलाई बोधगम्य र अझ्र गतिलो बनाउन | |
| १० | नेपाली भाष र साहित्यमा पाश्चात्य संस्कृतिको प्रभाव | |
| ११ | लेखकको अङ्ग्रेजी भाषिक पृष्ठभूमि र प्राज्ञिक दक्षता उच्च भएकाले । | |

अन्य कुनै कारण भएमा

१. ..............................................................................................

२. ..............................................................................................

३. ..............................................................................................

४. ..............................................................................................

५. ..............................................

# व्यक्तिवृत्त



| | |
|---|---|
| नाम | : गोपिन्द सिंह नायक |
| बाबुको नाम | : ईश्वर सिंह नायक |
| आमाको नाम | : मानमती नायक |
| जन्म मिति | : २०४७/१२/१६ |
| स्थायी ठेगाना | : मेलौली-७ देही, बैतडी |
| अस्थायी ठेगाना | : कीर्तिपुर, काठमाडौं |
| लिङ्ग | : पुरुष |
| धर्म | : हिन्दू |
| भाषिक ज्ञान | : नेपाली, हिन्दी, अङ्ग्रेजी |
| सम्पर्क नम्बर | : ९८४८७७०१९२/९८०५७६३७०७ |

**शैक्षिक योग्यता**

| क्र.सं. | तह | शिक्षण संस्था | वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १ | एस.एल.सी. | मणिलेक उ.मा.वि. मेलौली, बैतडी | २०६३ | द्वितीय |
| २ | प्रवीणता प्रमाण पत्र | मणिलेक उ.मा.वि. मेलौली, बैतडी | २०६६ | द्वितीय |
| ३ | स्नातक | मणिलेक क्याम्पस, मेलौली, बैतडी | २०६९ | प्रथम |
| ४ | स्नातकोत्तर | त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं | २०७३ | प्रथम |